



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



सोमबार, माघ १, २०७४ | Monday, Junuary 15, 2018 | www.newsofnepal.com | नेसं ११३८ पोहेलागा १४ | वर्ष २४, अंक ५ | पृष्ठ १२ | मूल्य रू. १०/–



२ { इस्लिङ्टनले शुरू गऱ्यो रोजगारसहितको एमबीए

५ { गुठीको प्रशासक बन्न आर्थिक चलखेल

९ { चार प्रदेशसभाको सभामुख माग

११ { चमेलियाबाट १५ मेगावाट विद्युत् उत्पादन




बालकुमारी नजिकै बागमती नदीछेउमा कपडा सुकाएर गट्टा खेल्दै एक महिला। पानीको चरम अभावका कारण बागमती किनारमा रहेका धाराहरूमा नुहाउने र कपडा धुनेको भीड लाग्ने गरेको छ।
तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं

# पार्टी एकताका लागि दुई कार्यदल

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली स्वास्थ्य उपचारका लागि बैंकक गएसँगै नेकपा एमाले र नेकपा माओवादी केन्द्रको पार्टी एकीकरण प्रक्रिया लम्बिएको छ। पार्टी एकता प्रक्रिया अगाडि बढाउने बारेमा ओली स्वदेश फर्किएपछि मात्र छलफल हुने भएको हो। ओली सचिवालयका अनुसार नियमित स्वास्थ्य परीक्षण गरेर ओली माघ २ गते स्वदेश फर्किने कार्यक्रम भए पनि केही दिन लम्बिन सक्नेछ।

ओली नहुँदा दुई दलबीच छलफल नै हुन सकेको छैन। राष्ट्रिय सभा र प्रदेशसभाको सरकार गठन गर्नका लागि वाम गठबन्धनद्वारा गठित कार्यदल भने काम गरिरहेको छ। निर्वाचनलगत्तै पार्टी एकता गर्ने घोषणा गरेको एमाले र माओवादी केन्द्रको एकता संयोजक समितिको बैठक निर्वाचन सम्पन्न भएको एक महिनापछि एकपटक मात्र बसेको छ।

एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच नै पद बाँडफाँडमा कुरा मिल्न नसक्दा थप छलफल अगाडि बढ्न सकेको छैन। पुस २५ गते बसेको एकता संयोजक समितिको बैठकमार्फत एकता प्रक्रियाको गृहकार्य अगाडि बढ्ने बताइए पनि राष्ट्रिय सभा र प्रदेशसभा गठनको तयारीका लागि मात्र कार्यदल गठन भएर सम्पन्न भएको थियो।

▶▶ ओली नहुँदा एकता प्रक्रिया लम्बियो

▶▶ ओली प्रचण्डलाई अध्यक्ष मान्न तयार

▶▶ सरकारको नेतृत्व छोडेर पार्टी अध्यक्ष बन्ने तयारीमा प्रचण्ड

माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै पार्टी एकता गर्नुपर्नेमा जोड दिँदै आएको छ भने एमालेले पनि पार्टी एकता प्रक्रिया र सरकार गठनको कार्य एकसाथ अगाडि बढाउनुपर्ने अडान लिँदै आएको छ।

माओवादीले सरकारको नेतृत्व एमाले अध्यक्ष ओलीले गर्ने भएपछि पार्टी एकतापछि बन्ने एकीकृत पार्टीको अध्यक्ष प्रचण्ड हुनुपर्ने अडान राखेको छ। माओवादीका एक नेताले भने- 'ओली प्रचण्डलाई पार्टी अध्यक्ष मान्न तयार भएका छन्, तर ओली पक्षधर नेताहरूले प्रचण्डलाई अध्यक्ष मान्न नसकिने दबाब दिएका कारण पद बाँडफाँडको कुरा मिल्न सकेको छैन।' ओली निकटका नेताहरूले ओलीलाई पार्टी अध्यक्ष भन्दा पनि सह-अध्यक्षको रूपमा स्वीकार गरेर मात्र पार्टी एकता गर्नुपर्ने दबाब दिएको बताइएको छ। पद बाँडफाँडमा ओली र प्रचण्डबीच सहमति भए पनि ओली निकटका नेताहरूले प्रचण्डलाई अध्यक्ष दिन नसकिने भन्दै दबाब दिएपछि अध्यक्षस्तरमै सहमति जुट्न सकेको छैन।

'गत असोज १७ गते चुनावी तालमेलसँगै पार्टी एकता गर्ने सहमतिअनुसार वाम गठबन्धन नेतृत्वको सरकारको सञ्चालन ओली र प्रचण्डले आधा-आधा कार्यकाल गर्ने सहमति भएको थियो। तर, उक्त सहमतिबाट प्रचण्ड पछि हट्दै ५ वर्ष नै ओलीलाई प्रधानमन्त्री हुन दिने र पार्टीको अध्यक्ष आफूले पाउनुपर्ने अडानमा रहेका छन्' -एमालेका एक नेताले भने। ओली र प्रचण्डबीच नै पद बाँडफाँडमा कुरा मिल्न नसक्दा पार्टी एकता समायोजन समितिको गति लिन सकेको छैन।

वाम गठबन्धनले पार्टी एकता प्रक्रियालाई टुंगो लगाउन गृहकार्य गर्न दुई वटा थप कार्यदल गठन गर्ने तयारी गरेको छ। दुवै पार्टीका नेता र कार्यकर्ता व्यवस्थापन गर्नका लागि संगठनको संरचनाको विषय टुंगो लगाउन कार्यदल गठन गर्ने तयारी गरेको छ। पार्टी एकता गर्दा शीर्ष तहमा माओवादीभित्र प्रचण्डको व्यवस्थापन गर्दा सहज हुने देखिए पनि एमालेमा ओलीसहित वरिष्ठ नेता झलनाथ खनाल र नेता माधवकुमार नेपालको व्यवस्थापनको विषय जटिल रहेको बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## पूर्वसांसदलाई रकम नबाँड्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम र निर्वाचन क्षेत्र विकास कोषको १० अर्ब रुपियाँ नबाँड्न आइतबार सरकारको नाममा अन्तरिम आदेश दिएको छ।

प्रतिनिधिसभाको निर्वाचन भई नयाँ सांसद निर्वाचित भइसकेको अवस्थामा विघटित संसद्का सांसदहरूलाई रकम खर्च दिनु गैरकानुनी हुने ठहर गर्दै न्यायाधीशद्वय शारदाप्रसाद घिमिरे र ईश्वरप्रसाद खतिवडाको इजलासले पूर्वसांसद्हरूको सिफारिसमा उक्त रकम नबाँड्न अन्तरिम आदेश दिएको सर्वोच्च अदालतका प्रवक्ता नारायणप्रसाद पन्थीले नेपाल समाचारपत्रसँग प्रस्ट पार्नुभयो। उहाँका अनुसार सो आदेशमा नयाँ सरकार गठन र प्रतिनिधिसभाका सदस्यहरूले शपथ नलिएसम्म उक्त रकम खर्च नगर्न भनिएको छ।

निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रमका लागि प्रत्येक क्षेत्रमा सांसदको सिफारिसमा ३ करोड खर्च गर्न पाउने व्यवस्था छ। सरकारले यही पुस १६ गते सबै जिल्लाका प्राविधिक कार्यालयलाई पत्राचार गरी निर्वाचन क्षेत्र विकास कोषको रकम खर्च गर्न अधिकार प्रत्यायोजन गरेको थियो। सरकारको सो निर्णय गैरकानुनी भएको कारण देखाई कैलाली क्षेत्र नं २ बाट नेकपा एमालेका तर्फबाट निर्वाचित सांसद झपट रावलले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।

## 'धूवाँधूलो नियन्त्रण गर्नू'

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले धूवाँधूलो, प्रदूषण नियन्त्रण गर्नका लागि आइतबार परमादेश जारी गरेको छ। न्यायाधीशद्वय दीपकराज जोशी र चोलेन्द्रशमशेर जबराको संयुक्त इजलासले सो परमादेश जारी गरेको हो।

(क्रमशः पृष्ठ ९ मा)

प्रदेश प्रमुख नियुक्तिमा ढिलाइ

# राष्ट्रिय सभा निर्वाचन प्रभावित हुने आशंका

सुनील महर्जन, काठमाडौं

प्रदेश प्रमुख नियुक्तिमा भइरहेको ढिलाइ अझ लम्बिए माघ २४ गते तोकिएको राष्ट्रिय सभाको निर्वाचन प्रभावित हुने सम्भावना देखिएको छ। प्रदेश प्रमुख नियुक्तिमा भइरहेको ढिलाइले कतै राष्ट्रिय सभाको निर्वाचनसमेत प्रभावित हुने त होइन भन्ने आशंकाका बारे राजनीतिक वृत्तमा चर्चा-परिचर्चा हुन थालेको छ।

प्रदेशसभा प्रमुख नियुक्ति नहुँदा राष्ट्रिय सभाको निर्वाचनको तयारीमा समेत असर परेको छ। आयोगले सार्वजनिक गरेको राष्ट्रिय सभाको कार्यतालिकामा माघ ७ गते राष्ट्रिय सभाको निर्वाचनका मतदाताको नामावली सार्वजनिक गर्ने भनेको छ। सोही दिन प्रकाशित नामावलीमा दाबी विरोधको समय दिएको छ। आयोगका अनुसार उजुरीउपर छानविन गर्दै माघ ७ गते मतदाताको अन्तिम नामावली प्रकाशन हुनेछ।

प्रदेशसभाका सदस्य राष्ट्रिय सभाको निर्वाचनमा मतदाता हुने छन्। राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेशसभाको भार ४८ रहेको छ। निर्वाचनमा कुल २ हजार ५६ मतदाता रहने छन्। त्यसमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको मेयर र उपमेयर गरी १ हजार ५ सय ६ सहित प्रदेशसभाका सांसद ५ सय ५० रहेका छन्। प्रदेशसभाको समानुपातिकतर्फको परिणाम सार्वजनिक नहुँदा मतदाता नामावली प्रकाशन कार्य प्रभावित हुने देखिएको छ।

यसैबीच आयोगले प्रमुख नियुक्ति गर्न पटक-पटक सरकारको ध्यानाकर्षण गर्दै आएको छ। शुक्रबार पनि आयोगले पत्र नै लेखेर सरकारको ध्यानाकर्षण गराएको थियो। प्रदेश प्रमुख नहुँदा प्रदेशसभाको समानुपातिकतर्फको मतपरिणाम अहिले आयोगले होल्ड गरिरहेको स्थिति छ।

प्रदेशसभा निर्वाचन ऐनको तर्फ ६० (८) ले समानुपातिक प्रणालीबमोजिम निर्वाचित भएको उम्मेदवारको नाम आयोगले ७ दिनभित्र प्रदेश प्रमुख समक्ष पठाउनुपर्ने प्रावधान रहेको छ। एक/दुई दिनभित्र प्रदेश प्रमुख नियुक्ति नभएमा के गर्ने भनेर आयोगले विश्लेषण गर्न थालेको बुझिएको छ।

प्रदेश प्रमुखलाई प्रदेशसभाको समानुपातिकतर्फको विजयी हुने उम्मेदवारको नाम पठाएपछि मात्र सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। अहिले प्रदेश प्रमुख नहुँदा समानुपातिकतर्फको परिणाम आयोगले सार्वजनिक गर्न कानुनीरूपमा अप्ठेरो परिरहेको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले बताउनुभयो। प्रदेश प्रमुख नहुँदा प्रत्यक्ष निर्वाचित प्रदेशसभाका सदस्यहरूको पनि शपथ ग्रहण नै हुन नसक्ने अवस्था छ।

प्रदेश प्रमुख नहुँदा समानुपातिकतर्फको मतपरिणाम सार्वजनिक गर्न नसक्ने, परिणाम सार्वजनिक नहुँदा राष्ट्रिय सभाको निर्वाचनका मतदाताको वैधानिकतामा समस्या हुने जस्ता अप्ठेरो अवस्था उत्पन्न भएको आयोगले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# गाउँपालिका अध्यक्षसहित ६ को मृत्यु

इन्द्र गिरी, संखुवासभा

संखुवासभाको भोटखोला गाउँपालिकाको पाथीभराको समाटार भीरमा जिप दुर्घटना हुँदा मकालु गाउँपालिकाका अध्यक्षसहित ६ जनाको घटनास्थलमै मृत्यु भएको छ। बा५च १३० ९ नम्बरको जिप मकालु गाउँपालिका-३ समाटारमा आइतबार दिउँसो दुर्घटना भएको थियो।



खड्गबहादुर कटुवाल

दुर्घटनामा मकालु गाउँपालिकाका अध्यक्ष खड्गबहादुर कटुवाल, समाजशास्त्री अर्जुन बस्नेत, भूकम्पीय आवास पुनर्निर्माण आयोजनाका इन्जिनियर सुदीप ढकाल, जिल्ला समन्वय समिति संखुवासभाका सूचना अधिकृत सुभासचन्द्र कुइँकेल, पाथीभरा हेदांनाका एमाले नेता सुरेश राई र चालकको घटनास्थलमा मृत्यु भएको प्रहरी निरीक्षक वेदप्रसाद गौतमले बताउनुभयो।

दुर्घटनामा परेका गाउँपालिका अध्यक्ष कटुवाल र पाथीभराका राईको शव आफन्तले बुझेका छन् भने अन्य ४ जनाको शव जिल्लाको सदरमुकाम खादबारी ल्याइएको छ। दुर्घटनामा परेका ६ जनाको शव भीरबाट निकाल्न करिब ३ घण्टा लागेको थियो।

(क्रमशः पृष्ठ ९ मा)


हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# होसियार ! जहाँ पायो त्यहीं फोहोर फाल्दै हुनुहुन्छ ?

ईश्वरराज ढकाल, काठमाडौं

राजधानीको सडक, गल्ली र बाटोमा जथाभावी फोहोर फ्याक्ने क्रम बढेपछि त्यसलाई नियन्त्रण गर्न काठमाडौं महानगरपालिकाले प्रहरी परिचालन गर्ने भएको छ। काठमाडौं महानगरपालिकाको आग्रहमा आज सोमबारबाट प्रहरी परिचालन हुने भएको हो।

जहाँ भेट्यो त्यहींबाट पक्राउ गरी कारबाही गर्ने अधिकारसहित प्रहरी परिचालन गर्न लागिएको हो। कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख हरि कुँवरले डिउटीमा खटिएका प्रहरीले फोहोर फालेको अनुगमन गर्ने निर्णय भएको जानकारी दिनुभयो।

प्रमुख जिल्ला अधिकारी, कामपाका मेयर र महानगरीय प्रहरी परिसर काठमाडौंको प्रमुखसहितको बैठकले राजधानीलाई फोहोरमैलामुक्त शहर बनाउने योजनासहित प्रहरी परिचालन गर्न लागिएको हो।

विभागीय प्रमुख कुँवरले बिहानैदेखि डिउटीमा खटिएका प्रहरी टोलीले फोहोरमैलाको समेत अनुगमन गर्ने भएको छ। महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रामदत्त जोशीले फोहोरको अनुगमन गर्ने र जथाभावी फोहोर फ्याक्नेमाथि तत्काल कारबाही गर्न सबै मातहतका निकायलाई निर्देशन दिइसकेको बताउनुभयो। 'हामी अनुगमन गर्छौं, जथाभावी फोहोर फ्याके तत्काल पक्राउ गरी जरिवानासहित कारबाही गर्छौं।' -उहाँले भन्नुभयो।

सबै सरोकारवालाको बैठकले फोहोरमैलाको संयुक्त अनुगमन गरी कारबाही गर्ने सहमतिअनुसार प्रहरी परिचालन गर्न लागिएको हो। वातावरण व्यवस्थापन विभागले राति अनुगमन गरिरहेको छ। एक सातादेखि महानगर प्रहरीको टोलीले बढी फोहोर फ्याक्ने क्षेत्र परिचान गरी अनुगमन गरेको छ। राजधानीको, पुतलीसडक, नयाँ बानेश्वर, सुन्धारा, रंगशाला, कोटेश्वरलगायतका क्षेत्रमा अनुगमनलाई तीव्र पारिएको विभागले जनाएको छ। आज सोमबारबाट नेपाल प्रहरी र महानगर प्रहरीको टोलीले महानगर क्षेत्रको ३२ वटै वडामा अनुगमन गर्नेछ। फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार जथाभावी फोहोर फ्याक्नेमाथि ५ सयदेखि १ लाखसम्म जरिवाना वा ३ महिना कैद तथा दुवै सजाय हुने व्यवस्था छ।

'सोही ऐनअनुसार फोहोर अनुगमन र कारबाही प्रक्रिया अघि बढाएका छौं' -विभागीय प्रमुख कुँवरले भन्नुभयो। महानगरीय प्रहरी परिसर काठमाडौंले सबै निकायलाई पत्राचार गरी जथाभावी फोहोर फ्याक्नेलाई पक्राउ गरी कारबाही गर्न निर्देशन दिएको छ। कामपाका मेयर विद्यासुन्दर शाक्यले जथाभावी फोहोर फ्याक्नेमाथि कारबाही गर्न अनुगमन थालिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'नेपाल प्रहरी र महानगर प्रहरीको संयुक्त टोलीले अनुगमन गरी कारबाही गर्ने व्यवस्था गरेका छौं।'

यसै गरी रात्रिकालीन अनुगमनका क्रममा ६ दिनमा कामपाले १७ जनालाई पक्राउ गरेको छ। रातको समयमा शहरका सार्वजनिकस्थलमा फोहोर फाल्नेमाथि निगरानी गर्ने क्रममा ती व्यक्ति पक्राउ परेका हुन्। महानगरको वातावरण व्यवस्थापन विभागका अनुसार पुतलीसडक, टेकु, भोटेबहाल, त्रिपुरेश्वरलगायतका क्षेत्रबाट पक्राउ परेका दोषीलाई जरिवाना गर्दा ४१ हजार ५ सय रुपियाँ राजस्व संकलन भएको छ। विभागले ३ देखि ७ जनाको टोली परिचालन गरेको छ।

# महानगर

२२ वर्षअघिदेखि नेपालमै बेलायती शिक्षाको अध्ययन गर्ने अवसर दिएको इस्लिङ्टन कलेजले स्थापनाकालदेखि हालसम्म करिब ३ हजार विद्यार्थीले नेपाललगायत विश्वका विभिन्न देशमा रोजगारी पाइसकेका छन्। सन् १९९६ मा इन्फोमेटिक्स त्यसपछि सन् २०१० मा इस्लिङ्टन कलेजको नामबाट स्थापित कलेजले सूचना प्रविधि र व्यवस्थापन संकायअन्तर्गत स्नातक तहको अध्यापन गराइरहेको छ।

## इस्लिङ्टनले शुरु गर्‍यो रोजगारसहितको एमबीए




इस्लिङ्टन कलेजले अनुसन्धान रोजगारसहितको एमबीए शुरु गरेको छ। चालू शैक्षिक सत्रबाट सूचना प्रविधि र अनुसन्धानमा आधारित एमबीएको कोर्ष शुरु गरेको हो। कलेजले चीन र थाइल्यान्डमा समेत अतिरिक्त समय अध्ययनको व्यवस्थासहित २ वर्षे एमबीए कोर्ष शुरु गरेको हो। बेलायतको लन्डन मेट्रोपोलिटन विश्वविद्यालयको सम्बन्धनमा चालू शैक्षिक सत्रदेखि एमबीए कोर्ष शुरु गर्ने भएको छ। यो कोर्ष अध्ययनपछि नेपाललगायत विश्वका कुनै पनि मुलुकमा व्यवसाय अध्ययन र अनुसन्धान गर्न सहयोग हुने कलेजले जनाएको छ। अनुसन्धानमा आधारित २ वर्षीय कोर्षअन्तर्गत नेपालबाट विदेश निर्यात हुने र विदेशबाट नेपाल आयात हुने सामग्रीको विषयमा सूक्ष्म अध्ययन गर्ने यो कोर्षको विशेषता हो। व्यापारसँग सूक्ष्म अध्ययन गर्ने उद्देश्यसहित नयाँ विषयको शुरुआत गरिएको कलेजका प्रमुख कार्यकारी निर्देशक सुलभ बुढाथोकीले जानकारी दिनुभयो। हामीले नेपालको बैंकिङ, अर्थ र व्यापारिक क्षेत्रको विषयमा अध्ययन गरी नेपालको व्यावसाय सञ्चालन गर्न सहजताका लागि नयाँ कोर्षको शुरुआत गरेकाहौं' -उहाँले भन्नुभयो।

देश र विदेशको सम्पूर्ण व्यावसायिक विषयको अध्ययन अनुसन्धान गर्न शुरु गरिएको एमबीए नेपालमा पहिलो हो। म्यानेजेरियल लेभलमा २ वर्ष रोजगारी गरिरहेका विद्यार्थीलाई लक्षित गरी सञ्चालन गर्न लागिएको यो विषय विश्व प्रसिद्ध चीनको अलिवावा डट कम र युनिभर्सिटी अफ द थाइल्यान्ड चेम्बर अफ कमर्ससँग सहकार्य गरिएको छ। पहिलो वर्ष लन्डन मेट्रोपोलिटियन युनिभर्सिटीको कोर्षसँगै चिनियाँ भाषाको एचएसके तेस्रो लेभलको भाषा सिक्नुपर्छ। भाषासँगै अलिवावा डट कमका विज्ञ र त्यससँग सम्बन्धित विज्ञसँग तालिमको व्यवस्था गरिएको छ। नेपाल र विश्वको आयात र निर्यातको अवस्था कस्तो छ, नेपालको बजार विस्तारका लागि अन्य मुलुकसँग कसरी सम्भव छलगायतका अनुसन्धानात्मक विषय सिक्ने चाहना यो कोर्षले पूरा गर्छ। चाइनामा अध्ययन सम्पन्न गरेपछि २ साता थाइल्यान्डमा अध्ययन गर्नुपर्ने अतिरिक्त व्यवस्था यो कोर्षमा छ। व्यापारमा फड्को मारिसकेको थाइल्यान्डको चेम्बरसँग विश्वकै व्यापारको विषयमा अध्ययन गर्ने अवसर मिल्नेछ। एकेडेमिक पेपर, बिजनेस प्रपोजल, थेसिस बुझाउनुपर्दा अनुसन्धनात्मक विषयलाई केन्द्रित गरिएको हुन्छ।

२ वर्षे कोर्ष पूरा गरिसकेपछि नेपालमै रोजगारी सिर्जना गर्ने कि विदेश जाने भन्ने विषय छनोट गर्ने अधिकार विद्यार्थीलाई नै हुन्छ। '४ वर्ष लामो म्यानेजेरियल लेभलको रोजगारी गरेका विद्यार्थीलाई छनोट गरी अध्ययन गर्ने अवसर दिने भएकाले यो विषयको स्कोप विश्वमा नै बढेर जाने अपेक्षा हामीले गरेका छौं' -कलेजका प्रमुख कार्यकारी निर्देशक बुढाथोकीले भन्नुभयो। वास्तवमा जहाँसुकै व्यापार व्यवसाय सञ्चालन गर्न यो कोर्षले महत्त्वपूर्ण भूमिका खेल्नेछ भने व्यापारी र उपभोक्ताको सम्बन्धका लागि यो कोर्षले पुलको रूपमा लिन सकिन्छ। करिब १ वर्षको लामो अध्ययनपछि बेलायतले यो कोर्ष सञ्चालन गर्ने अनुमति दिएको कलेजले जनाएको छ। अनुसन्धानमा आधारित विषय भएकाले पहिलो वर्ष २० जना विद्यार्थीले मात्र यो कोर्षको अध्ययन गर्ने अवसर पाउनेछन्। यो कोर्ष अध्ययन गर्न ५ लाख ५० हजार र चीन र थाइल्यान्डमा अतिरिक्त कोर्ष अध्ययन गर्न करिब ८ लाख ५० हजार रुपियाँ लाग्छ।



'यो विषय त नेपालमै महत्त्वपूर्ण छ, विदेश गएर रोजगारी गर्न आवश्यक नै पर्दैन' -उहाँको धारणा थियो। विदेशी विश्वविद्यालयको सम्बन्धनमा विभिन्न कलेजले एमबीए अध्ययन गराएपछि नेपालमा यस्तो विषयले पहिलोपटक प्रवेश पाएको हो। कार्यकारी निर्देशक बुढाथोकीले कलेजमा अध्ययन गरेका विद्यार्थीले आफ्नै देशमा सेवा गरुन् भन्ने उद्देश्यले अनुसन्धानमा आधारित एमबीएको कोर्ष शुरु गरेको जानकारी दिनुभयो। विश्वविद्यालयको चाहना पनि यस्तै छ। बेलायत सरकारले नेपाल र नेपालीप्रति विश्वास गरेर नेपालमै बेलायती शिक्षा प्रदान गर्न दिइरहेको छ। हामी नेपालमै बेलायतको शिक्षा प्रदान गरिरहेका छौं' -बुढाथोकीले भन्नुभयो।

२२ वर्षअघिदेखि नेपालमै बेलायती शिक्षाको अध्ययन गर्ने अवसर दिएको इस्लिङ्टन कलेजले स्थापनाकालदेखि हालसम्म करिब ३ हजार विद्यार्थीले नेपाललगायत विश्वका विभिन्न देशमा रोजगारी पाइसकेका छन्। सन् १९९६ मा इन्फोमेटिक्स त्यसपछि सन् २०१० मा इस्लिङ्टन कलेजको नामबाट स्थापित कलेजले सूचना प्रविधि र व्यवस्थापन संकायअन्तर्गत स्नातक तहको अध्यापन गराइरहेको छ।

हाल ककलेजमा बीबीएअन्तर्गत सूचना प्रविधिको ३ वर्षीय कोर्षअन्तर्गत कम्प्युटिङ, नेटवर्किङ एन्ड आईटी सेक्युरिटी र मल्टी मिडिया टेक्नोलोजीअन्तर्गत सञ्चालन भइरहेको छ। व्यवस्थापनअन्तर्गत ४ वर्षीय बीबीएमा इन्टरनेसनल बिजनेस, फाइनान्स र मार्केटिङ विषयमा अध्ययन गर्न व्यवस्था छ। इस्लिङ्टनमा अध्ययन गर्ने विद्यार्थीमध्ये ९८ दशमलब ६ प्रतिशतले रोजगार हासिल गरिरहेका छन्। लन्डन मेट्रोपोलिटन विश्वविद्यालयकै सम्बन्धनमा पोखरामा इन्फोमेटिक्स, विराटनगरमा मेरिल्यान्ड र इटहरीमा इटहरी कलेज सञ्चालित छन्। इस्लिङ्टन कलेजले आफ्ना विद्यार्थीलाई पढाइसँगै रोजगारीको समेत व्यवस्था गरेको छ। १ सय २५ शिक्षक र कर्मचारी कार्यरत रहेको इस्लिङ्टनमा अधिकांश शिक्षक सूचना प्रविधि क्षेत्रमा दक्ष छन्। ३ हजार ८ सयभन्दा बढी ग्रचाजुएट भएकामध्ये अधिकांश विभिन्न नाम चलेका बैंक, वित्तीय क्षेत्रका सूचना प्रविधिमा काम गरिरहेका छन्। कार्यक्रममा कलेजका चिफ अप्रेसन अफिसर केल्भिन एन्जी, लन्डन मेट्रो पोलिटन विश्वविद्यालयका सहकुलपति एलजावेथ चारमेन, विन्डी ब्लोसी, भ्यान्स हेरी, यूटीसीसीका डीन ज्याकरिन स्रिमुन, अलिवावा ग्रुपका कार्यक्रम निर्देशक टेरिन भेन्चेस्निनले कलेजको विषयमा बोल्नुभएको थियो।

## शिक्षालयले मनायो स्वर्ण अंक समारोह





शिक्षालय शैक्षिक मासिकले आफ्नो प्रकाशनको स्वर्ण अंक मनाएको छ। प्रकाशनको ५१औं अंक पूरा गरेको अवसरमा ललितपुरमा एक कार्यक्रम गरी शैक्षिक अनलाइन ई-न्युजपाना डटकमको शुरुआतका साथ शिक्षालयले स्वर्ण अंक समारोह मनाएको छ ।

युवा तथा खेलकुद राज्यमन्त्री टीएल चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त समारोहमा पत्रिका प्रकाशनमा योगदान गरेबापत विज्ञापनदाता, लेखक, पत्रकारलगायत ३२ जनालाई कदरपत्र प्रदान गरिएको थियो।

कदरपत्र गर्ने व्यक्तित्वहरूमा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्का सदस्य-सचिव भीमलाल गुरुङ, परीक्षा नियन्त्रण कार्यालयका उपनिर्देशक गेहनाथ गौतम, प्याब्सन उपाध्यक्ष दीपिका थापा, सचिव मधु लोहनी, ग्लोबल एक्सन नेपालका अध्यक्ष बाबुकाजी श्रेष्ठ, हिसान सचिव रामहरि सिलवाल रहेका छन्। यसै गरी थकिनकुमार गुरुङ, शिव कार्की, नवराज महत, गोपाल आचार्य, निरोज महर्जन, जगन्नाथ सिलवाल, विनोद देवकोटा, राधेकृष्ण महर्जन, हीरा महर्जन, शरण स्थापित, मधुकर तुलाधर, चन्द्रमान माली, रञ्जना प्रधान, जमुना महर्जन, कीर्ति पाण्डे, फादर सामुअल, राइनी दि विट, प्रेम देसार, प्रकाश सिलवाल, लेखनाथ न्यौपाने, शशिशेखर आचार्य र उत्तम कार्की तथा फोटोपत्रकारहरू चन्द्रमान डंगोल, अंगद ढकाल, रवि आचार्य, सुमित नेपालीलाई कदरपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा कदरपत्र प्रदान गर्दै युवा तथा खेलकुद राज्यमन्त्री चौधरीले शिक्षामा सेवा प्रवाहमा समस्या भई यसको गुणस्तरीयतामा समस्या आएकाले लगानी वृद्धिमा ध्यान जानुपर्ने बताउनुभयो। आफूले लामो समय शिक्षा क्षेत्रमै बिताएको सम्झँदै तराई मधेस शिक्षामा काम गरिरहेको समेत जनाउनुभयो। कार्यक्रममा बोल्दै नेपाल सरकारका पूर्वसचिव महाश्रम शर्माले स्थानीय तहमा शैक्षिक अधिकार स्थानान्तरण भएको सब केन्द्र सरकारले स्थानीय सरकारलाई बलियो बनाउन सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

प्रेस चौतारी नेपालका उपाध्यक्ष विश्वमणि सुवेदीले अझै पनि पत्रकारितामा राज्यको हस्तक्षेप भइरहेको यसप्रति सचेत हुनुपर्नेमा जोड दिनुभयो। प्रेस सेन्टरका उपाध्यक्ष ओम शर्माले शिक्षा क्षेत्रमा व्यापारीकरण र माफियाकरणबारे सञ्चार जगत्ले आलोचनात्मक समाचार दिन आवश्यक रहेको बताउनुभयो।

प्रेस काउन्सिल नेपालका सदस्य शुभेच्छा बिन्दुले साभार पत्रकारिताले समस्या भएकाले यसलाई मौलिकतासँग जोडेर हेर्न आग्रह गर्नुभयो। शिक्षा पत्रकार समूहका अध्यक्ष दीपक दाहालले विट पत्रकारिताको विकासले शिक्षाको विकासमा सहयोग गरेको बताउनुभयो।

शिक्षा पत्रकार सञ्जालका पूर्वअध्यक्ष ईश्वरराज ढकालले शिक्षालय तथा ई-न्युजपाना डटकम अनलाइनको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रममा राजधानी दैनिकका सम्पादक डिल्ली आचार्य, क्लासिक एफएमका स्टेसन म्यानेजर पुरुषोत्तम बस्नेत, अपिनका अध्यक्ष बद्री भट्टराई, पत्रकार महासंघ ललितपुरका अध्यक्ष ज्ञान पौडेल, मिसन प्रकाशनका गोकुल बुढाथोकीलगायत शिक्षाका सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा सम्बोधन गर्दै शिक्षालयका प्रधान सम्पादक श्याम तण्डुकारले सबैको सहकार्यले नै शिक्षालय स्वर्ण अंकसम्म पुगको जानकारी दिनुभयो। शैक्षिक मुद्दालाई सधैं केन्द्रमा राखेर अनुसन्धानात्मक र खोजमूलक शैक्षिक विषयलाई सामाचारको रूपमा प्रस्तुत गर्ने ई-न्युजपाना डटकम का प्रधान सम्पादक बालमुकुन्द आचार्य बताउनुभयो।

## कमला कार्की स्मृति प्रतिष्ठानको सम्मान



शिक्षासेवी स्वर्गीय कमला कार्की स्मृति प्रतिष्ठानले विभिन्न क्षेत्रका ४ जनालाई सम्मान गरेको छ। विसं २०४४ सालमा तीनथानास्थित ब्राइट फ्युचर बोर्डिङ स्कुल स्थापना गरेर सो क्षेत्रमा शिक्षाको शुरुआत गर्नुभएका कार्कीको दोस्रो स्मृति दिवसको अवसरमा ४ जनालाई सम्मान गरेको हो। सम्मानित हुनेहरूमा मातातीर्थ आश्रमका वसन्त गौचन र चन्द्रकला शाह, शुभेच्छा बिन्दु तुलाधार र अस्मिता खड्का रहेका छन्। सम्मानितमध्ये गौचनलाई ६० हजार २ र अन्यलाई १० हजार १ रुपियाँबाट सम्मान गरिएको छ। काठमाडौंका पश्चिम भेगमा सञ्चालित विद्यालयमध्ये उत्कृष्ट सो विद्यालयले हालसम्म २३ ब्याचसम्म एसएलसी पूरा गरेको छ। हाल १ हजार ३ सय विद्यार्थी अध्ययनरत सो विद्यालयले पटक-पटक पश्चिम भेगकै उत्कृष्टताको पुरस्कार पाइसकेको छ।




सम्मान कार्यक्रममा बोल्दै विद्यालयका संस्थापक एवं निर्देशक मोहन कार्कीले आमाको सम्झनामा स्थापित सो पुरस्कार शिक्षा र अन्य क्षेत्रमा समर्पित गरिने जानकारी दिनुभयो। साहित्यकार तुलसी दिवसको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उहाँले शिक्षा क्षेत्रमा ब्राइट फ्युचर स्कुलले गरेको योगदानको चर्चा गर्नुभएको थियो। काठमाडौं क्षेत्र नम्बर ९ का सांसद कृष्णगोपान श्रेष्ठ। क्षेत्र नम्बर ९ का प्रदेश सांसद केशव पोखरेल, पूर्वअर्थमन्त्री शंकर कोइराला, सम्मानित हुने वसन्त गौचन, चन्द्रागिरी नगरपालिकाका मेयर घनश्याम गिरी, साहित्यकार डा. नवराज लम्साललगायतले कमला कार्कीले शिक्षा क्षेत्रमा गर्नुभएको योगदानको कदर गर्नुभएको थियो। कार्यक्रममा तीनथाना बाज खल:लाई विशेष सम्मान गरिएको थियो।

# रेखा बालविवाहविरुद्ध जागृत गराउन लमजुङमा



लमजुङ, (नेस)। नायिका रेखा थापाले लमजुङमा बालविवाहविरुद्ध सचेतना जागृत गर्न बालबालिका, अभिभावक र शिक्षकसँग छुट्टाछुट्टै भलाकुसारी गरेकी छन्। यसबारेको सचेतनाका लागि लमजुङ आएकी उनले सोही कार्यक्रमअन्तर्गत ती तीन समूहका बीचमा आफूलाई दिनभर व्यस्त राखिन्।

बेंसीशहर नगरपालिका-१ उदिपुरस्थित जनकल्याण माविमा आयोजित कार्यक्रममा उनले सरोकारवालाहरूलाई अभिमुखीकरण गर्दै बालविवाहका कारण बालबालिकाको भविष्य अन्योल र अन्धकारमय हुने भएकाले बालबालिका स्वयं सचेत हुन आग्रह गरिन्। कलिलै उमेरमा बालबालिकाको विवाह हुँदा त्यसले उनीहरूको शारीरिक, मानसिक, शैक्षिक, सामाजिक र आर्थिक क्षेत्रमा नकरात्मक प्रभाव पर्ने भएकाले सानो उमेरमा विवाह गर्न नहुनेबारे सचेत गराइन्। बेंसीशहर-१ को उदिपुरस्थित जनकल्याण मावि र सुन्दरबजार नगरपालिका-९ को भोटेओडारस्थित भक्ति नमुना माविमा नायिका थापाले बालविवाहविरुद्ध सचेतनामूलक प्रशिक्षण दिएकी थिइन्। बालविवाहविरुद्धको अभियानकी अभियान्ता थापालाई *छोरीका निम्ति स्वर्णिम भविष्य नेपाल महाअभियान, बालविवाहविरुद्ध संकल्प यात्रा*अन्तर्गत लमजुङ ल्याइएको हो। सिनेमा हलको पर्दा वा टेलिभिजनमा मात्रै देखिएकी नायिका थापालाई एक्कासी आफ्नो स्कुलको खेलमैदान पाउँदा विद्यार्थी हर्षित भएका थिए। एक्कासी हर्ष एवं उमंगले चकित भएका उनीहरूले एकाएक उनलाई घेरा हाल्न पुगे। माथिल्लो कक्षाका ठूला विद्यार्थीले खल्तीबाट मोबाइल झिकेर भटाभट सेल्फी खिच्न भ्याए भने साना विद्यार्थी दंग परेर हेरिरहे।

विद्यार्थी तथा शुभचिन्तकको भीडभाड छिचोल्दै खेलमैदानको छेवैमा निर्मित मञ्चमा पुगेकी नायिकाले रमाइला र चलचित्र क्षेत्रका रंगीन विषयमा केही भन्लिन् भन्ने लख काटेका थिए। तर, माइक्रोफोन समाएर शिक्षक, विद्यार्थी र अभिभावकलाई सम्बोधन गर्दै उनले बालविवाहविरुद्ध प्रवचन दिएपछि भने सबै जना मुखामुख गरेका थिए। २१औं शताब्दिमा पनि बालिका छाउगोठमा मर्नुपर्ने, पढाइबाट वञ्चित हुनुपर्ने, घरधन्दामै भुल्नुपर्ने, कलिलै उमेरमा विवाह गरेर पारिवारिक बोझ थाम्नुपर्ने, हेपिनु, चेपिनु र जबरजस्ती करणीको शिकार बन्नुपर्ने अवस्था रहेकाले आफू यो अभियानमा सहभागी भएको उनले बताइन्। नवनिर्वाचित प्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी र सामाजिक अगुवाहरूका बीच उचित समन्वय गरेर अघि बढेमा केही वर्षमा बालविवाह, लैंगिक हिंसालगायतका विरुद्ध उपलब्धिमूलक काम गर्न सकिनेमा नायिका थापाले जोड दिइन्। 'म मेरो देशमा विशेष गरी छोरीहरूको सुनौलो भविष्य र उनीहरूमा सबैखाले सुरक्षाको ग्यारेन्टी खोज्दै छु', उनले भनिन्- 'बालविवाह रोक्न सकियो भने मात्रै उनीहरूको भविष्य उज्यालो हुन्छ भन्नेमा म विश्वस्त पनि छु।' उनको प्रशिक्षणपछि आफूभित्र बेग्लै आँट र विश्वास पलाएको जनकल्याण मावि कक्षा ८ की छात्रा रमा अधिकारीले बताइन्। 'पढाइ नै मुख्य कुरा हो', उनले भनिन्- 'तर के गर्नु, पढ्ने उमेरमा विवाह गरेर पठाउने चलन अझै पनि हाम्रो गाउँ-घरमा छ।'

उता, भक्ति नमुना मावि कक्षा १२ की छात्रा सुनीता थापाले पनि नायिका थापाको प्रशिक्षणपछि छोरीहरू शारीरिक, मानसिक, शैक्षिकरूपमा सक्षम भएमा पारिवारिक जीवन राम्रोसँग अघि बढाउन सक्ने विषयमा आफूले वकालत गर्ने बताइन्। बालबालिकाको क्षेत्रमा क्रियाशील ग्रामीण सामुदायिक विकास केन्द्र (आरसीडीसी) का निर्देशक राजेन्द्र बोहरा आफूहरूले बाल संरक्षणका विभिन्न कार्यक्रममार्फत बालबालिकालाई जानकारी गराए पनि अभिभावकसम्म ती विषयवस्तु प्रभावकारी ढंगले लैजान नसकेको स्वीकार गर्दछन्।

# १३ वर्षीया बालिकाको बुबाआमा रुवाउने गीत



दाङ, (नेस)। आधुनिकतासँगै सन्तानबाट तिरस्कृत हुने वृद्धवृद्धाको पीडा लिएर दाङकी ममता बस्नेत सांगीतिक क्षेत्रमा प्रवेश गरेकी छिन्। १३ वर्षीया बस्नेतले सन्तानको वियोगमा तड्पिएका हजारौं बाबुआमाको पीडा बोल्ने गीत गाएर छोटो समयमै चर्चा कमाएकी छिन्।

सानैदेखि गायनमा रुचि राख्दै आएकी बस्नेतले सन्तानलाई सम्झिँदै दिन-रात बिताउने बुबाआमाको वेदना गीतमा पोखेकी छिन्।

*तिम्रा लागि म त सधैं सबै सामु झुकें*
*हुर्काउँदा, बढाउँदा भन कहाँ चुकें।*
*तिमी हास्दा हासिदिएँ रुँदा रोइदिएँ*
*तोतेबोली सम्झी तिम्रो वचन छल्दै लुकें।*

आफूलाई भन्दा पनि बढी माया गर्ने सन्तानले चटक्कै छोडिदिँदाको अवस्थालाई मर्मस्पर्शी ढंगले प्रस्तुत गर्दै बस्नेतले बाबुआमाको हेरचाहमा लाग्न सन्तानहरूलाई आग्रह गरेकी छिन्। सन्तानका हरेक गल्ती कमजोरीहरू सजिलै भुल्ने बुबाआमालाई वृद्धाश्रममा अलपत्र छाडेर जाने सन्तानलाई लक्षित गर्दै गायिका बस्नेतले आफूलाई जन्माउने, हुर्काउने, बढाउने आमाबाबुलाई उच्च सम्मानका साथ बाँच्न दिने अवस्थाको सिर्जना हरेक सन्तानले गर्नुपर्ने सन्देश दिएकी छिन्।

*माया ममता बिर्सिएर कसरी छाडी गयौ*
*मन्दिरमा बिन्ती चढाई तिम्रै बाटो ढुकें।*

सानैदेखि गायनमा रुचि राख्दै आएकी गायिका बस्नेतले आफ्नो करियरको शुरुआतमै सन्देशमूलक गीत लिएर आएकी हुन्। उनको गीत छोटो समयमै धेरै रुचाइएको छ। एकनारायण चापागाईंको शब्द र विपीन घिमिरेको संगीत रहेको गीतलाई ममताको स्वरले उत्कृष्टता प्रदान मात्र गरेको छैन, हजारौं बाबुआमाको मन छुन सफल भएको छ। गीतलाई देवेन्द्र नेवाले एरेन्ज गरेका छन्। देवराज आचार्यले छायांकन र मनोज कार्कीले सम्पादन गरेको गीतको म्युजिक भिडियो म्युजिक नेपालले बजारमा ल्याएको छ।






# विचार

मेरो उन्नतिको रहस्य हो कहिल्यै हिम्मत नहार्नु। शिक्षकले मलाई गाली गर्दै भन्थे- तिमीले सात जुनीमा पनि गणित सिक्न सक्दैनौ। म विद्यालयमा कमजोर थिएँ। मेरा सामु अनेक बाधा-व्यवधान आएका थिए। तर मैले कहिल्यै हिम्मत हारिनँ र आज म यहाँसम्म आइपुगेको छु।
-अल्बर्ट आइन्स्टाइन

सफल भएरै छोड्ने हो भने तपाईं जे गर्नुहुन्छ त्यसको सय प्रतिशत नै जिम्मा आफैं लिने गर्नुस्। सफल हुन अरूमाथि दोष थोपर्न पाइँदैन। किनकि एक प्रतिशत मात्रै अरूमाथि दोष लगाउनुको परिणाम असफलता हो।
- अज्ञात

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# नागरिक उड्डयन प्राधिकरणको विवादास्पद निर्णय

सरकारी स्वामित्वमा रहेको नागरिक उड्डयन प्राधिकरणले सरकारी नियम विपरीत गएर कर्मचारीलाई बोनस बाँड्ने तयारी गरेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्ता गतिविधि नगर्न प्रधिकरणको नाममा निर्देशन जारी गरेको छ । सरकारी स्वामित्वमा रहेको कम्पनी नाफामा गएको भन्दै प्राधिकरण सञ्चालक समितिको बैठकले २०६८ देखि हालसम्मको नाफाको ८ प्रतिशत रकम बोनसको रूपमा वितरण गर्ने निर्णय गरेपछि अख्तियारले उक्त निर्देशन दिएको समाचार सार्वजनिक भएको छ।

जम्मा ७ करोड ३६ लाख १७ हजार ४ सय ३० रुपियाँ बोनसको रूपमा वितरण गर्ने प्राधिकरणको निर्णय नियम विपरीत रहेकाले त्यसलाई रोक्न आयोगले गरेको निर्णयलाई अन्यथा मान्नुहुँदैन । सरकारी स्वामित्वमा रहेको कम्पनीले त्यसरी बोनस बाँड्दै जाने हो भने मुलुकको अर्थतन्त्र कसरी चल्न सक्न ? प्राधिकरणमा काम गर्ने कर्मचारीलाई अन्य सरकारी सेवामा भन्दा बढी नै सुविधा दिएको भए पनि सञ्चालक समितिको बैठक नै बसेर त्यस्तो निर्णय गर्नु पक्कै राम्रो होइन ।

राज्यको नियामक निकायले नै त्यस्ता निर्णयमा रोक गलाउनुपर्नेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पत्र नै काटेर निर्णय रोक्न निर्देशन दिनुपर्ने अवस्था सृजना हुनुलाई विडम्बना नै मान्नुपर्दछ। नागरिक उड्ड्यन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतम पटक-पटक विवादमा आएका पात्र हुन्, उनले गरेको कामले सरकारलाई अप्ठेरो परेको भन्दै सरकारले हटाउन खोजेको भए पनि उनी अदालतबाट स्टेअडर लिएर पुनः सोही पदमा कार्यरत छन् । उनले नै यस्ता गलत हर्कतलाई प्रश्रय दिनुने उनको त्यहाँ रहनुको उद्देश्यमाथि समेत प्रश्नचिह्न खडा भएको छ ।

अन्य देशमा यस्तो प्रचलन रहेको भन्दै कानुनभन्दा बाहिर गएर गरिएको निर्णयलाई अर्थ मन्त्रालयले अहिले अड्काएर राखेको छ । अर्थ मन्त्रालयले यस विषयमा के गर्ने भन्ने निर्णय दिनेछ । अर्थ मन्त्रालयले यसमा निर्णय दिँदा विदेशमा के भएको थियो भन्ने होइन, नेपालको कानुनले के भनेको छ भन्ने विषयलाई ध्यान दिनु जरुरी छ। प्रधिकरणले पनि यस्ता विवादास्पद निर्णय गर्नुअघि पटक-पटक सोच्नुपर्ने हुन्छ। अन्य देशमा के हुन्छ भन्दा पनि मुलुकको अवस्था कस्तो छ भन्ने विषयलाई पनि ध्यान दिनु जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# भ्रष्टाचारको उर्वरतामा दिगो विकासको सपना



डा. माधवप्रसाद कोइराला

> विधि र पद्धतिअनुसार कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको शक्तिसन्तुलन, शक्तिपृथकीकरण, मानवअधिकार र भ्रष्टाचाररहित मुलुक बनाउने प्रतिबद्धता भएन भने भ्रष्टाचारको महारोगले नेपाललाई खाने निश्चित छ। अब बन्ने वाम गठबन्धनको सरकारका मन्त्रीहरूले मात्र घूस नखाए किटेर भन्न सकिन्छ कि ६० प्रतिशत भ्रष्टाचार रोकिन्छ। बाँकी ४० प्रतिशत भ्रष्टाचार गर्ने जो-कसैलाई तत्काल निलम्बन गर्ने नीतिको निर्माण तथा कार्यान्वयन गरेमा जनताको समृद्धिको सपना कार्यान्वयन गर्न सहयोग हुनेछ।

नेपालका लागि संयुक्त राज्य अमेरिकी राजदूत अलाइना बी. टेपलिट्जले आफ्नो ट्वीटरमार्फत १७ सेप्टेम्बर २०१७ मा अंग्रेजी भाषामा भनेकी छन्, 'भ्रष्टाचारको प्रतिवेदनमा उल्लिखित अभियुक्तहरूलाई सरकारले आक्रामकरूपमा तहकिकात गरी कठोर अभियोग लगाउनुपर्छ।' यो सन्देशले संकेत गर्न खोजेको कुरा सरकार र सरकार पक्ष दलहरूले भ्रष्टाचारीलाई संरक्षण गर्ने र भ्रष्टाचारलाई प्रश्रय दिने निम्न घटनालाई नियाल्न सकिन्छ।

नेपालको कानुनले निर्देशित गरेको छ कि कुनै पनि नेपाली नागरिकले सार्वजनिक पदधारण गरेपछि ६० दिनभित्र आफ्नो पहिले कमाएको सम्पत्तिको जनतासमक्ष सार्वजनिक गर्नुपर्छ। ६ जुन २०१७ मा नेपालका ४०औं प्रधानमन्त्री भएका शेरबहादुर देउवा र उनका क्याबिनेटका मन्त्रीहरूले आफूलाई कानुनभन्दा माथि साबित गर्दै सम्पत्ति सार्वजनिक गरेनन्।

भिन्न मितिमा प्रकाशित समाचारअनुसार कांग्रेसका १९ जना सांसद्ले भ्रष्टाचारसहितका गम्भीर प्रकृतिका फौजदारी अपराधमा सजाय पाएकाहरूले उम्मेदवार बन्न नपाउने व्यवस्था उल्ट्याउनका लागि प्रस्ताव संशोधन गर्न लागेका उनीहरू १९ जना नै सांसद थिए। तिनमा वरिष्ठ अधिवक्ता तथा सांसद राधेश्याम अधिकारीसँगै जघन्य फौजदारी अपराधमा दण्ड सजाय पाएकालाई सांसद, मन्त्री र प्रधानमन्त्री बनाउन चाहनेहरूमा आनन्दप्रसाद ढुंगाना, पद्मनारायण चौधरी, किरण यादव, अमृतलाल राजवंशीलगायत थिए। कांग्रेसका यी सांसदहरू निर्वाचन कानुनमा संशोधन गरेर फौजदारी अभियोगमा दण्डितलाई फेरि राजनीतिमा ल्याएर उनीहरूले गर्ने बाँकी कुकर्महरू गराउन चाहिरहेका थिए। तर पछिल्लो समयमा सामाजिक सञ्जालमा जनताले व्यापक असन्तुष्टिपश्चात् उक्त प्रस्तावबाट पछि हटेको बुझिएको छ।

केही महिनाअगाडि नेपाल सरकारको सरकारी स्वामित्वको आयल निगमले इन्धन भण्डारणका लागि झापा, सर्लाही, चितवन र रूपन्देहीमा जग्गा किन्दा अस्वाभाविकरूपले बढी मूल्य तिरेर अनियमितता गरेको दृष्टान्त पनि जनताले समाचारमा पढेकै/सुनेकै हुन्। संसद्को उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पूर्वाधार तयार गर्दा सकेसम्म सरकारी जग्गा नै खोज्न दिएको निर्देशनलाई लत्याउँदै निगमले निजी जग्गा किनेको थियो। सरकारी कम्पनीले जग्गा प्राप्ति ऐन २०३४ को प्रतिकूल हुने गरी निगमले सीधै टेन्डरमार्फत खरिद गरेको हो। ब्रोकर प्रयोग गरेर चलनचल्तीको मूल्यभन्दा बढीमा जग्गा किन्नु नै कानुन र विधिको उपहास हो। कुनै सरकारी स्वामित्वका प्रमुखले यसरी जथाभावी गर्दा पनि राज्ययन्त्रमा अस्वाभाविक मौनता देखिनु विडम्बनाको विषय हो।

निगमले विभिन्न जिल्लामा जग्गा खरिद गर्दा तयार भएको फाइल अध्ययनले नै जग्गा दलाल प्रयोग गरी प्रचलित मूल्यको तुलनामा महँगोमा खरिद गरेको पुष्टि गर्छ। यसको यथार्थपरक अनुसन्धान हुने हो भने अनियमितताको आकार धेरै अर्ब पुग्ने स्थलगत अध्ययनमा संलग्न सांसदहरूको भनाइ छ। भैरहवामा जग्गाधनीलाई प्रतिकठ्ठा ३ लाख रुपियाँको हाराहारीमा दिएर १० लाख ७६ हजार रुपियाँका दरले किनिएको कागजात तयार गरी भ्रष्टाचार गरेको छ। त्यो जग्गाको चलनचल्ती मूल्य डेढ लाख रुपियाँभित्र पर्ने स्थानीयवासीको भनाइ छ। चितवनमा प्रतिकठ्ठा डेढ देखि ९ लाखसम्म पर्ने जग्गा निगमले १४ लाख रुपियाँसम्म तिरेर अनियमितता गरेको कुरा बाहिर आएको छ। यस्तै, सर्लाहीमा जग्गाधनीलाई बढीमा प्रतिकठ्ठा २ लाख ७५ हजार दिएर निगमलाई ९ लाख ६० हजारका दरले किनाइएको छ। झापामा पनि चलनचल्तीको भन्दा दोब्बर मूल्यमा जग्गा किनिएको छ। निगमले चारजना बिचौलियामार्फत १ सय २७ जनाको जग्गा किनेको पुष्टि भइसकेको छ। कर्मचारीमाथि तत्काल गम्भीर छानबिन हुनुपर्ने हो। तर एक महिनाअघि छानबिन शुरु गरेको जनाएको अख्तियार यसप्रति गम्भीर देखिएको छैन। यति ठूलो रकम जोडिएको विषयमा प्रमुख राजनीतिक दलहरूको मौनता पनि रहस्यपूर्ण छ।

त्यति मात्र होइन, भाद्र १४ मा प्रकाशित एक राष्ट्रिय दैनिकको समाचारअनुसार निगमका कार्यकारी प्रमुखसँगै पूर्वआपूर्तिमन्त्री दीपक बोहोराको समेत संलग्नता भएको जग्गा खरिद प्रकरणमा डेढ अर्ब रुपियाँ घोटाला भएको समाचार आउँदा आरोपको किनारा नलागी, वर्तमान देउवा सरकारको क्याबिनेटमा विज्ञान तथा प्रविधि मन्त्रीमा संलग्न गर्नुले भ्रष्टाचारलाई सरकारबाटै थप ऊर्जा प्रदान गरेको छ।

अर्को समाचारअनुसार सरकारले दुई वर्षअघि कर फछ्र्योटका लागि गठन गरेको कर फर्छ्योट आयोगका पदाधिकारीहरू गम्भीर आर्थिक अनियमिततामा मुछिएका छन्। कर फर्छ्योटका नाममा गठन गरेको आयोगले करिब २१ अर्ब रुपियाँ अनियमितता गरेको भेटिएको छ। आयोगका पदाधिकारीले ३० अर्ब ५२ करोड रुपियाँ फर्छ्योट गरी ९ अर्ब ५४ करोड रुपियाँ मात्रै असुल्ने निर्णय गरेका हुन्। फर्छ्योटबाट मिनाहा भएको करिब २१ अर्ब रुपियाँ सोझै अनियमितता भएको खबर केही राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशित भएको छ।

यी बाहेक पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको अघिल्लो सरकारको पालामा त्रिभुवन विमानस्थलमा बरामद गरेको ६० किलो सुनसँग तात्कालीन गृहमन्त्री कृष्णबहादुर महराको नाम जोडिएपछि एक टेलिभिजन कार्यक्रममा उनले भनेका थिए, 'हामी त साना माछा। ६० किलो सुन पचाउने कति सानो माछा ?' हाल देउवा सरकारको पालामा, ठमेलबाट बरामद भएको ८० किलो सुनमा पनि हालका गृहमन्त्री, विदेश मन्त्री र प्रहरी प्रमुखको नाम जोडिएको छ। तर हालसम्म जोडिएका नामहरूले न प्रतिक्रिया दिएका छन्, न खण्डन नै।

अब नेपालको भ्रष्टाचारको धरातलीय यथार्थतालाई हेर्दा निम्न तथ्यसहित आँकडाको विश्लेषण गर्ने हो भने तलका प्रतिवेदन हेर्न उपयुक्त हुन्छ।

१. ट्रान्सपेरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अवधारणा सूचकांक २०१६ अनुसार नेपालका छिमेकी मुलुकहरू क्रमशः चीनको १०० मा ४० अंक र भारतको पनि ४० अंकको सूचकांक छ भने नेपालको २९ अंकका साथ दक्षिण एसियामै अफगानिस्तान र बंगलादेशपछि नेपाल छ।
२. अर्को महालेखा परीक्षकको ५४ औं प्रतिवेदन २०७३ हेर्ने हो भने आ.व २०७२/०७३ को ५४ औं वार्षिक प्रतिवेदन २०७३ अनुसार सरकारी निकायले प्रचलित ऐन कानुनको प्रावधान दुत्कार्दै अपारदर्शी तरिकाले मोटो रकम खर्च गरेको उल्लेख छ।
३. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन ०७२/०७३ ले पनि घूस तथा अनियमितता अभियोगमा कारबाहीमा पर्ने कर्मचारीहरू मालपोत, नापी, स्थानीय निकाय र विद्युत् प्राधिकरणका अगाडि रहेका देखाएको छ।

यसरी देशमा मौलाएको चरम भ्रष्टचार निर्मूल वा न्यूनीकरण गर्ने कसैको योजना देखिँदैन। यता संसद्मा सांसदहरूलाई पेन्सन दिनुपर्ने बहस चल्छ तर उता दैनिक गुजारा चलाउन नसक्ने निरास छन्। जनताले तिरेको करमा मोज गर्न मात्र त जनप्रतिनिधिहरू जाने होइनन्। यो कुराको विश्वासिलो प्रतिबद्धता हरेक नागरिकले खोजिरहेका छन्।

आमजनसमुदायसमक्ष चासो बनेको कुरा आजको देशको अवस्थालाई पाँच वर्षपछाडि कस्तो बनाउने भन्ने विश्वासिलो प्रतिबद्धता पाइँदैन। दिगो विकासमा अवलम्बन गरिने विधि तथा पद्धतिहरू कस्ता हुने ? हाल देशमा विद्यमान सडकको पहुँच र अवस्था सुधार्ने योजना, पिउने पानी तथा ढल निकासको क्षेत्रका योजना, प्रदूषण कम गर्ने योजना, सिंचाइका क्षेत्रमा गरिने कामहरू, घरबारविहीनलाई घर उपलब्ध गराइने योजनाहरू विगतमा भएका तीनै तहका निर्वाचनका उम्मेदवारले योजनासहित जनतासमक्ष प्रस्तुत गरेको नभेटिएकोले पनि जनता सशंकित भएका छन्। देशमा रहेक बेरोजगार जनशक्तिलाई कसरी रोजगारी दिने ? देशका करिब ६० लाख जनशक्ति विदेशको भूमिमा श्रम गरिरहेका छन्, तिनीहरूका योगदानलाई कसरी उपयोग गर्ने वा स्वदेश फर्काउने ? कृषि, वन, पर्यटन, स्वास्थ्य शिक्षाको योजना प्रत्येक जनप्रतिधिनिको मनमस्तिष्कमा हुनुपर्दछ, जुन कुरा उनीहरूमा भएको पाइँदैन।

यसरी सरकारका आयोग, निकाय, विश्वका संस्थाहरू अरु देशलाई हेर्ने आँखाले नेपाललाई हेरिरहेका छन्। नेपाल सुशासन, समृद्धि, भ्रष्टाचाररहित मुलुक देख्न चाहन्छन्। उनीहरूको सदिच्छा स्वाभाविक हो। विधि र पद्धतिअनुसार कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको शक्तिसन्तुलन, शक्तिपृथकीकरण, मानवअधिकार र भ्रष्टाचाररहित मुलुक बनाउने प्रतिबद्धता भएन भने भ्रष्टाचारको महारोगले नेपाललाई खाने निश्चित छ। अब बन्ने वाम गठबन्धनको सरकारका मन्त्रीहरूले मात्र घूस नखाए किटेर भन्न सकिन्छ कि ६० प्रतिशत भ्रष्टाचार रोकिन्छ। बाँकी ४० प्रतिशत भ्रष्टाचार गर्ने जो-कसैलाई तत्काल निलम्बन गर्ने नीतिको निर्माण तथा कार्यान्वयन गरेमा जनताको समृद्धिको सपना कार्यान्वयन गर्न सहयोग हुनेछ।

*(कोइराला नेपाल इन्जिनियरिङ पेसाकर्मी संघका अध्यक्ष हुनुहुन्छ।)*

## पाठक पत्र

### सरकारी विद्यालय मर्ज गर्ने कि ?

काठमाडौंका प्रायः विद्यालयहरू एक-अर्काका ज्यादै नजिक र कतिपयका त कम्पाउन्ड नै जोडिएका समेत छन्। रत्नपार्कको भानु मा.वि. (दरबार हाइस्कुल) र संस्कृत मा.वि., डिल्लीबजारको पद्मकन्या मा.वि. र विजय स्मारक मा.वि., तिलगंगाको शारदा आधारभूत विद्यालय र शारदा मा.वि., यट्खाको कान्ति ईश्वरी मा.वि. र कन्या मा.वि., लैनचौरको शान्ति विद्या गृह र कन्या मा.वि., रामशाहपथको पद्मोदय मा.वि. र शहीद शुक्र मा.वि. तथा शहरी क्षेत्रका अन्य धेरै विद्यालयहरू ज्यादै नजिक र सिमाना नै जोडिएका विद्यालयहरूका रूपमा देखिन्छन्।

यी र अधिकाशं माध्यमिक तहका सरकारी विद्यालयहरूमा २-३ सय विद्यार्थी पनि नभएका देखिन्छन्। तर ५० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी हुनुपर्ने नियम भए तापनि यस्ता विद्यालयहरूमा ४०-५० जनासम्म सरकारी अनुदानबाट तलब खाने शिक्षकहरू रहेका छन्। यी शिक्षकहरूको तलब भत्ताको लागि मात्रै राज्यले प्रतिविद्यालय वार्षिक २-३ करोडसम्म अनुदान दिने गर्दछ।

कतिपय विद्यालयमा विद्यार्थी अभाव भएर शिक्षकहरूले दैनिक कक्षासमेत लिनु नपरी हाजिर गरेर घर फर्कने गरेका छन् भने विद्यार्थी संख्या धेरै भएका कतिपय विद्यालयहरूमा शिक्षक दरबन्दी नभएर राम्ररी पठनपाठन हुनसकेको छैन। एकातिर ठूला-ठूला भवन र कम्पाउन्ड भएका सरकारी विद्यालयहरू विद्यार्थी नभएर खालिसरह छन् भने अर्कातिर प्रदेश र स्थानीय निकायहरू भवन र जग्गा नपाएर सांघुरो भाडाका भवनमा खुम्चिएर बस्न बाध्य छन्।

यस्तो अवस्थामा ज्यादै नजिक रहेका र विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूलाई मर्ज गरेर खालि हुने भवन-कम्पाउन्डलाई स्थानीय वा प्रदेश सरकारका कार्यालयको लागि प्रयोग गर्ने र बढी भएका शिक्षकहरूलाई आवश्यक भएका विद्यालयमा सरुवा पदस्थापन गर्न सकेमा एकातिर विद्यालय शिक्षामा व्याप्त बेथितिको सुधार हुने थियो भने अर्कोतिर स्थानीय वा प्रदेश सरकारलाई कार्यालय व्यवस्थापनमा राहत पुग्ने थियो। भाडाको रकम जोगिने थियो। यसतर्फ स्थानीय निकाय, प्रदेश र केन्द्रीय सरकारले सोच्ने कि ?

*- मिरा मुनकर्मी, बागबजार, काठमाडौं*

### अपराध नियन्त्रणमा राज्य नचुकोस्

यही मिति २०७४ पुस २२ गते शनिबार नेपाल समाचारपत्रको पहिलो पृष्ठमा 'खुलेआम चुनौती दिँदै अपराधी' शीर्षकमा प्रकाशन भएको समाचार पढें। यो समाचार पढिरहँदा मनमनै गुनें- हाम्रो देश नेपाल शान्ति क्षेत्र घोषणा भएको देश। गौतम बुद्धको देश। सीता, भृकुटी, अरनिकोको देश। राजा जनकको देश। अमरसिंह, बलभद्र र भक्ति थापाको देश। पृथ्वीनारायण शाह, बहादुर शाह र राज्यलक्ष्मी देवीको देश हो यो। हाम्रा पुर्खाहरूले कति दुःख गरेर आर्जेको देश हो यो। कति महान् छ हाम्रा पुर्खाहरूको गौरवको इतिहास।

हाम्रो देश नेपाल एउटा शान्ति क्षेत्र घोषणा भएको देश हो तर आज जताततै अशान्ति छाएको छ। हत्या-हिंसाजस्ता घटनाहरू दिनदिनै बढिरहेका छन्। दिनदहाडै हत्या हुन्छ। मानिसहरूले अकालमै ज्यान गुमाउनुपरेको छ। खै कहाँ छ शान्ति ? खुलेआम चुनौती दिँदै हिड्छन् यहाँ अपराधीहरू। राज्यलाई नै चुनौती दिन्छन्। त्यस्ता व्यक्तिहरूलाइ राज्यले फाँसीको सजाय किन गर्दैन ? आज राजनीतिक दलकै हस्तक्षेपका कारण अपराधीहरूको मनोबल बढिरहेको छ। सुरक्षा निकायमाथि नै प्रश्न उठेको छ। त्यसतर्फ राज्यको ध्यान जान जरुरी छ। यसरी अपराध नियन्त्रण नगर्ने हो भने मुलुकको अवस्था झनै दयनीय हुनेछ।

*- तुलसी न्यौपाने*
*खिजिदेम्बा गाउँपालिका-४, धुसेनी, ओखलढुंगा*
*हाल : नरदेवी, काठमाडौं*

### पर्ख र बस, सत्यको जीत हुन्छ

हाम्रो मुलुक एकीकरण भएपछि यहाँ २ सय ४० वर्ष राजसंस्था रहेको इतिहास छ। २ सय ४० वर्षको राजसंस्थाको इतिहासलाई जनमत संग्रहविना संविद्यानसभाबाट हटाउन पाइन्छ ? नेपालमा जनमतबाट राजतन्त्र हटाएको असली प्रमाण के ? २ सय ४० वर्षको राजसंस्थालाई हटाउन जनमत संग्रह गराउनुपर्दथ्यो। सिक्किममा पनि जनमत संग्रहबाट राजसंस्था हटाइएको थियो।

मुलुकको नियम, ऐन र कानुनबमोजिम वि.सं. २०४७ मा जारी भएको संविधान नै मरेको छैन, जीवित अवस्थामा छ। मरेको सदनलाई ब्युँताएको नै राजा ज्ञानेन्द्रले हो। मुलुकको नियम, ऐन र कानुनबमोजिम सम्पूर्ण हक र अधिकार अझै पनि राजा ज्ञानेन्द्रमा नै भर परेको र निहित छ। २०६२/०६३ सालको जनआन्दोलनले राजा ज्ञानेन्द्रलाई लखेटेर भगाएको होइन। राजा ज्ञानेन्द्रले श्रीपेच र राजदण्डलाई सम्हालेर राख्नू भनी जिम्मा लगाएर राजनीतिक दलका नेताहरूलाई गरेर देखाऊ भनी नारायणहिटी राजदरबारबाट गएका हुन्। यसकारण राजनीतिक दलका नेताहरूबाट संविधानमा राजा ज्ञानेन्द्रलाई ठाउँ र स्थान दिन जरुरी थियो।

२०७२ साल असोज ३ गते जारी संविधानमा र संविधान कार्यान्वयन गर्ने क्रममा थुप्रै संवैधानिक त्रुटिहरू हुन गएका छन्। ०६२/०६३ को जनआन्दोलनपछि राजनीतिक दलका नेताहरूबाट आफू मनलाग्दी काम भइरहेका छन्। मुलुकको नियम, ऐन र कानुनबमोजिम काम भइरहेको देखिँदैन। स्थानीय, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन पनि मापदण्ड र प्रक्रिया विपरीत भएको छ। राजनीतिक दलका नेताहरूबाट भएका यस्ता संवैधानिक त्रुटिहरू कति छन् कति, भनिसाध्य छैन।

मुलुकको कानुनभन्दा माथि पनि अन्तर्राष्ट्रिय अदालत र कानुन छ। यो कुरा राजनीतिक दलका नेताहरूले राम्ररी बुझ्न जरुरी छ। राजनीतिक दलका नेताहरूले नेपालका कानुनविद्हरू, सर्वोच्च अदालतजस्ता न्यायपालिकाहरू र नेपाली नागरिकहरूलाई जति झुक्याए पनि अन्तर्राष्ट्रिय अदालत, कानुन र अन्तर्राष्ट्रिय जगत्लाई झुक्याउन सक्ने छैनन्। अन्तर्राष्ट्रिय अदालत, कानुन र इन्टरपोलको नजर नेपालको राजनीतिक दलका नेताहरूमा परिसकेको छ। 'भगवान्को घरमा देर छ अँधेर छैन' भनेजस्तै पर्ख र बस एक न एक दिन सत्यमेव जयते अर्थात् सत्यको जीत हुन्छ।

*- राकेशकुमार शर्मा*
*हेटौंडा उमनपा-२, मकवानपुर*

## सामाजिक सञ्जाल



कुन-कुन पार्टीका नेताहरूलाई राजाको अभाव खट्किएको छ, तिनीहरूले माइतीघर मण्डलामा शक्ति प्रदर्शन गरे कति रमाइलो हुन्थ्यो ! कति अनुहार चिनिन्थे।

**Kishore Nepal**
**@kishorenepal**



वास्तवमा प्रदेश प्रमुख बनाउने काम कि त पहिला नै निर्णय हुनुपर्दथ्यो, निर्वाचनपछि त ताजा जनादेश प्राप्त सरकारको हो। यस्तो कुरामा कस्तो बलमिच्याइँ।

**Rabindra Adhikarihttps://twitter.com/help/verified**
**@RabindraADH**



शीतलहरबाट तराईमा २२ जनाको मृत्यु हुँदा पनि दैवीप्रकोपको लागि भनेर संकलित ३ अर्बमध्ये एक रूपियाँ पनि सरकारले उद्धार (राहत)मा खर्च गरेको छैन।

**Lenin Banjade**
**@lendaai**

थिमीमा चाकु उत्पादन गर्ने चाकु बासको नामबाट प्रख्यात श्रेष्ठले वर्षदिनभरि नै चाकु बनाउने भए पनि अहिले माघे संक्रान्ति नजिकिँदै गरेको र जाडो बढेका कारण चाकुको मागलाई धान्न धौ-धौ परेको उहाँले बताउनुभयो।





# गुठीको प्रशासक बन्न आर्थिक चलखेल

नेपाल समाचारपत्र

काठमाडौँ

भूमिसुधार मन्त्री गोपाल दहितले मोटो रकम चलखेल गरी गुठी संस्थानको प्रशासकमा पुनः नारायण चौधरीलाई पठाउन लागेपछि गुठी संस्थानका कर्मचारीले असन्तुष्टि जनाएका छन्। चौधरीको तीनवर्षे कार्यकाल पुस २४ गते समाप्त भएको थियो। संस्थानको अध्यक्षमा मन्त्री दहितका स्वकीय सचिव मीनकुमार चौधरीलाई नियुक्ति गर्न लागिएको छ। यसअघि तीनवर्षे कार्यकालका लागि अध्यक्षमा लक्ष्मण ज्ञवाली नियुक्त भएका थिए।

चौधरीको अघिल्लो तीनवर्षे कार्यकालमा निकै विवादित रहेको थियो। चौधरीले संस्थानमा रहँदा पदको दुरुपयोग गरी अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीसमेत परेको छ। प्रशासकको पदावधि सकिएलगत्तै संस्थानका उपप्रशासक दीपकबहादुर पाण्डेलगायत २५ जना कर्मचारीले योग्य र सक्षम व्यक्तिलाई प्रशासकमा नियुक्ति गरी पठाउन आग्रह गर्दै भूमिसुधार मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएका थिए। गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका सबै निर्णय सार्वजनिक नभए पनि गुठी संस्थानको प्रशासक र अध्यक्षको नियुक्तिबारे छलफल भएको थियो। भूमिसुधार मन्त्रालयका निमित्त सचिव शंकरबहादुर थापाले नेपाल समाचारपत्रलाई जानकारी दिएअनुसार मन्त्रालयले २६ गते नै प्रस्ताव पठाएको बताएका छन्। उनको भनाइअनुसार मन्त्रिपरिषद् कार्यालयबाट थप केही कुरा आएको छैन।

यता, गुठी संस्थानको एक उच्च स्रोतले जानकारी दिएअनुसार हिजो आइतबार मात्र निमित्त सचिव थापाले प्रशासकमा नारायण चौधरी र अध्यक्षमा मीनकुमार चौधरीलाई नियुक्ति गर्न प्रस्ताव पठाइएको छ। मुख्य सचिवले मन्त्रालयको प्रस्तावविना मन्त्रिपरिषद्को बैठकले नियुक्ति गर्न नमिल्ने भनेपछि मन्त्रालयले उक्त प्रस्ताव पठाएको बताइएको छ। गुठी संस्थानमा प्रशासक र अध्यक्षको नियुक्ति भइसकेको हल्ला चले पनि मन्त्रालयका निमित्त सचिव थापाको भनाइअनुसार प्रस्ताव मात्र गएको छ नियुक्ति हुन भने बाँकी छ।

धर्म संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने, गुठीको जग्गाको संरक्षण गर्ने, सांस्कृतिक र पुरातात्विक महत्त्वको मठमन्दिरको अभिलेख राख्ने, विभिन्न जात्रा पर्व चलाउने, जग्गाको प्रशासन (व्यवस्थापन) गर्ने जस्ता महत्त्वपुर्ण काम गर्ने गुठी संस्थान चौधरीको कार्यकालमा झन् धरासायी हुँदै गएको आरोप लागेको थियो। चौधरीले पछिल्लो समय जनकपुर क्षेत्रमा आर्थिक चलखेल गरी गुठीको जग्गा कौडीको मोलमा भाडा लगाएको भन्दै अख्तियारमा उजुरी परेको छ। चौधरी कमाउ अड्डाको रूपमा लिइने गुठी संस्थानमा प्रशासक हुन् । भूमिसुधार मन्त्रीलाई लाखौं रुपियाँ बुझाउनुपर्ने संस्थानका उच्च कर्मचारीहरूले बताएका छन्। गुठी संस्थानका नाममा देशभर १४ लाख ४२ हजार रोपनी जग्गा रहेको छ। जग्गा संरक्षणको अभावमा दुरुपयोग भएको तथा स्वयं संस्थानले समेत गुठीको जग्गा श्रेस्ताको अभिलेख अद्यावधिक गर्न सकेको छैन। जानकी मन्दिरमा महन्त नियुक्तिबारे २०७४ साल श्रावण २८ गते सर्वोच्च अदालतले दिएको परमादेश पनि अहिलेसम्म कार्यान्वयन भएको छैन। तत्कालीन अवस्थामा सर्वोच्च अदालतले जानकी मन्दिरमा पहिला नियुक्त भएको महन्त र अहिले नियुक्त भएको महन्त प्रक्रिया नपुगेको भन्दै वध र प्रक्रियागत ढंगले महन्त नियुक्त गर्न आदेश दिएको थियो। सर्वोच्चको आदेश लामो समयसम्म पनि कार्यान्वयन नगरेपछि गुठी संस्थानलाई मानहानिको मुद्दा परेको थियो।

चौधरीले आफ्नो तीन वर्षे कार्यकालमा सार्वजनिक खरिद ऐनविपरीत घर पसल बहालमा दिँदा प्रक्रिया नपुऱ्याई संस्थानलाई हानि-नोक्सानी पुऱ्याएको आरोप पनि लागेको छ। चौधरीले संस्थानको अक्षयकोष र कल्याण कोषमा रहेको २ अर्ब ३५ करोड रुपियाँ पनि बोर्ड बैठकको निर्णयविना विभिन्न बैंकमा राखेका थिए।

## वाम गठबन्धन टुटाउन विदेशी शक्ति सक्रिय : *शाही*

भक्तपुर, (नेस)

पूर्वमन्त्री एवं माओवादी केन्द्रका युवा नेता महेन्द्रबहादुर शाहीले वाम गठबन्धन तोड्न देशीविदेशी शक्तिको चलखेल बढेको बताउनुभएको छ।

रफत सञ्चार क्लबमा आयोजित कार्यक्रममा बोल्दै शाहीले वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनलाई टुक्रयाउँदै आफ्नो शक्ति केन्द्रका रूपमा नेपाललाई प्रयोग गर्न देशीविदेशी शक्ति लागेको बताउँदै उहाँले वाम गठबन्धको एकता तोड्ने चलखेल जारी रहेता पनि त्यसले पूर्णता नपाउने बताउनुभयो। पाँच वर्षसम्म वाम गठबन्धनबाट एक जना प्रधानमन्त्री र अर्को पार्टी अध्यक्ष हुने बताउँदै अब बन्ने वाम गठबन्धनको सरकारमा केपी शर्मा ओली प्रधानमन्त्री भए प्रचण्ड पार्टी अध्यक्ष हुने त्यो कार्यकाल पाँच वर्ष हुनेमा कसैलाई शंका नगर्न उहाँले आग्रह गर्नुभयो।

उहाँले वर्तमान देउवा सरकाले जाँदाजाँदै गरेका राम्रा कामको निरन्तरता दिने तर गलत निर्णय नयाँ बन्ने वाम गठबन्धनको सरकारलाई मान्य नहुने बताउनुभयो। अब कहिल्यै सरकारमा आउन पाइन्नजस्तो गरेर जसरी निर्णय गरेको छ यो कामचलाउ सरकारले त्यो सरासर संविधानविपरीत गएर काम गरिरहेको उहाँले बताउनुभयो।

निर्वाचन आयोगले समेत नयाँ सरकार गठनमा देखाएको अलमल रहस्यमय भएको भन्दै उहाँले निर्वाचन आयोगले तत्परता देखाउन नसक्दा नयाँ सरकार गठनमा अवरोध भएको र संविधानको समेत उलंघन गर्ने काम गरेको उहाँको टिप्पणी छ।

उहाँले प्रदेश नं ६ को समग्र विकासका लागि आम राजनीतिक दल एकजुट भएर लाग्नुपर्ने बताउनुभयो। उहाँले प्रदेश राजधानीका विषयमा ६ नम्बर प्रदेशमा कुनै विवाद नरहेको समेत दाबी गर्नुभयो। ६ नम्बर प्रदशेका लागि आफू मुख्यमन्त्रीका लागि योग्य रहेको र जिम्मेवारी वहनको अवसर दिए कुशलतापूर्वक निर्वाह गर्नेसमेत बताउनुभयो।

# एक महिनाअघिदेखि चाकु बनाउने चटारो

पुष्कर बुढाथोकी, भक्तपुर

आज माघे संक्रान्ति, तर एक महिना अघिदेखि चाकु बनाउन चटारो शुरू भएको थियो। मध्यपुरथिमी नगरपालिका-१२ दुईपोखरी ईनाय टोलका चाकु व्यापारी उत्तमराज श्रेष्ठका परिवारलाई।

श्रेष्ठका छोरा र भतिजाले समेत चाकु बनाएर बिक्री गरिरहेका छन् भने श्रेष्ठ परिवारका अन्य चारजना भने चाकु बनाउनमै व्यस्त रहेका छन्। पुस २० गतेदेखि परिवारका सदस्यले मात्रै चाकु बनाउन र बिक्री गर्न नसक्ने भएपछि फुपू र आफन्तलाई पनि सघाउन बोलाएको सुदीप श्रेष्ठ बताउनुहुन्छ।

बाजेले शुरू गरेको चाकु व्यवसायमा बाबुलाई साथ दिँदै आउनुभएका सुदीप चाकुबाट राम्रो आम्दानी हुने भएकाले यो पेसालाई



आफूले पनि निरन्तरता दिने बताउनुहुन्छ। यस भेगमा पहिलो पटक ५० वर्षभन्दा अघि बाजे गणेशप्रसाद श्रेष्ठले शुरू गरेको चाकु बनाउने पेसा उहाँले धान्दै आउनुभएको छ।

थिमीमा चाकु उत्पादन गर्ने चाकु बासको नामबाट प्रख्यात श्रेष्ठले वर्षदिनभरि नै चाकु बनाउने भए पनि अहिले माघे संक्रान्ति नजिकिँदै गरेको र जाडो बढेका कारण चाकुको मागलाई धान्न धौ-धौ परेको उहाँले बताउनुभयो। माघे संक्रान्तिको दिन तीन सयदेखि पाँचसय किलोसम्म चाकु बिक्री हुने बताउँदै उहाँले चाकु लिन आउनेहरू २० गतेदेखि लाइन लाग्ने गरेको बताउनुभयो।

वैशाख-जेठको गर्मीमा दैनिक ७ देखि १० किलो, असोज कात्तिकमा दैनिक १५ देखि २० किलो चाकु बिक्री हुने गरेको बताउँदै उहाँले पुसमा भने दैनिक ५० किलोभन्दा बढी चाकु बिक्री गर्ने गरेको बताउनुभयो। यसवर्ष चाकु ३ सय ५० रुपियाँ प्रतिकिलोमा बिक्री भएको छ। यहाँको चाकु प्रख्यात भएकै कारण स्वदेश तथा विदेशमा उपहार दिन र सुत्केरीलाई खुवाउन पनि टाढादेखि यहाँ चाँकु लिन आउने गर्छन्। चाकु सख्खर, नरिवल, छोकडा, दूध, कुराउनी, र विभिन्न मसलाको प्रयोग गरेर बनाइने उहाँको भनाइ छ। यहाँको चाकुको स्वाद मौलिक र मीठो स्वादको भएकाले चाकु लिन काठमाडौं, ललितपुर, पनौती र उपत्यका बाहिरबाट समेत आउने गर्दछन्। माग बढेसँगै उत्पादन पनि बढाउँदै गएको श्रेष्ठको भनाइ छ।

माघे संक्रान्ति नजिकिँदै गर्दा मध्यपुर थिमीका व्यापारीलाई चाकु बनाउन भ्याई नभ्याई हुन्छ। पुस माघको जाडो मौसममा शरीरलाई न्यानो राख्ने, शरीरलाई आवश्यक पौष्टिक तत्व र रोग प्रतिरोधात्मक क्षमता बढाउन चाकुको सेवन गर्ने गरेको अर्का व्यापारी रमेश श्रेष्ठले बताउनुभयो। नेवारी सांस्कृतिमा माघ १ गते चाकु खान पर्ने प्रचलन रहेको छ। त्यस्तै चिसो लागेका मानिसलाई चाकु खुवाएमा सञ्चो पनि हुन्छ विश्वास छ।

# तीव्र शहरीकरणले भक्तपुरको औद्योगिक क्षेत्र धरासायी बन्दै

नेपाल समाचारपत्र

भक्तपुर

तीव्र शहरी विकाससँगै भक्तपुरका उद्योगधन्दा धरासायी बन्दै गइरहेको उद्योगी व्यवसायीहरूले बताएका छन्।

भक्तपुरमा आयोजित एक कार्यक्रममा उद्योग वाणिज्य संघ भक्तपुरका अध्यक्ष केपी अवालले उद्योगको विस्तार र व्यवसायको पाटो पहिचान गरी शहर विस्तार गर्न नसक्दा उद्योग व्यवसाय धारासायी बन्दै गएको बताउनुभयो।

उहाँले भक्तपुरको समग्र औद्योगिक विकासमा उद्योग वाणिज्य संघले सकारात्मक भूमिका खेल्दै आए तापनि सरकार र स्थानीय सरकाले लागनीमैत्री वातारण निर्माण गर्न नसक्नु र सामान्य पूर्वाधारको तयार गर्न नसक्नु नै भक्तपुरको उद्योग फस्टाउन नसकेको बताउनुभयो।

कार्यक्रममा संघका महासचिव शिव मानन्धरले भक्तपुरको औद्योगिक र पर्यटकीय विकासका लागि सरकारसमेत उदासीन रहेको बताउनुभयो। यहाँका उद्योग व्यवसायलाई उपभोक्तामैत्री बनाउने अभियानमा संघ सक्रिय भइरहेको जानकारी दिदैं मानन्धरले औद्योगिक विकासका लागि थप औद्योगिक क्षेत्रको स्थापना गरिनुपर्नेमा जोड दिनुभयो। त्यस्तै कार्यक्रमा उद्योगी व्यवासायी तथा नवउद्योग वाणिज्य महासंघ भक्तपुरका अध्यक्ष रामप्रसाद प्रजातपतिले केन्द्रीय तथा स्थानीय सरकारले भक्तपुरमा औद्योगिक विकासका लागि सक्दो पहल गरे भक्तपुर विभिन्न विधाको उपयुक्त उद्योगका रूपमा विकास गर्न सक्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुरका विभिन्न उद्योगी व्यवसायीले भक्तपुरका साना तथा घरेलु उद्योगका साथै अन्य सम्भावित उत्पादनको पहिचान गरी उद्योगका रूपमा विकासका गर्न सके भक्तपुरको समग्र विकास गर्न सकिने बताएका थिए।

## १० हजार घूससहित महानगरका इन्जिनियर पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाका इन्जिनियर सुशील चापागाईं १० लाख घूस लिइरहेको अवस्थामा पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्यालय टंगालको टोलीले उनलाई घूस लिइरहेको अवस्थामा आइतबार रंगेहात पक्राउ गरेको हो। पक्राउ परेका उनी महानगरपालिकाका भवन निर्माण इजाजत शाखाका इन्जिनियर हुन्। उनले सेवाग्राहीसँग भवन निर्माण प्रमाणपत्र दिनका लागि घूस मागेको सूचनाको आधारमा अख्तियार टोलीले पक्राउ गरेको अख्तियारले जनाएको छ।

## गोदावरी खुला दिसामुक्त नगर घोषणा

ललितपुर, (नेस)

जिल्लाको गोदावरी नगरपालिका खुला दिसामुक्त नगर घोषणा भएको छ। नगरपालिकाका २३ सय घरधुरीमध्ये प्रत्येक घरमा स्वच्छ खानेपानी र चर्पीको सुविधा पुगेपछि आइतबार नगर खुला दिसामुक्त नगर घोषणा भएको हो। नगरपालिकाका कार्यकारी प्रमुख टेकराज पन्थीले आइतबार खुला दिसामुक्त नगर घोषणा भएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- '१ लाख जनसंख्या रहेको नगरमा स्वच्छ खानेपानी र चर्पीको सुलभता भएपछि हामीले खुला दिसामुक्त नगर घोषणा गरेका हौं।'

कार्यक्रममा प्रमुख अतिथिको रूपमा आमन्त्रित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले कार्यक्रमलाई सम्बोधन गर्दै खुला दिसामुक्त नगर घोषणा गरेर नगर स्वच्छ बनाउने अभियानमा सक्रियरूपमा लाग्न आग्रह गर्नुभयो।

त्यस्तै नगरपालिकाका मेयर गजेन्द्र महर्जनले नगरलाई स्वच्छ बनाउन सबैजनालाई सक्रियरूपमा सहयोगका लागि अपिल गर्नुभयो। कार्यक्रममा नगरपालिकाका उपमेयर मुना अधिकारी, राजनीतिक दलका तर्फबाट नेपाली कांग्रेसका जिल्ला नेता भीमसेन घिमिरेलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
सानोठिमी, भक्तपुर
स्तर निर्धारण महाशाखाको
श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाको
नाम परिवर्तन सम्बन्धमा ३५ दिने
हकदावी उजुरी सम्बन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति २०७४।०९।२९

यस परिषद्बाट सम्बन्धन प्राप्त गरी सि.एम.ए तथा ल्याव असिष्टेन्ट तहको कार्यक्रम सञ्चालन गर्ने संस्था श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाले नाम परिवर्तन गर्न यस परिषद् कार्यालयमा निवेदन दिएकोमा यस परिषद् कार्यालयको मिति २०७४।०५।०४ को निर्णय अनुसार उक्त संस्था प्रति कोही कसैको लेनदेन हकदावी, विरोध सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित हकदावी उजुरी गर्नु हुन सम्बन्धीत सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा संस्थाले माग गरे अनुसार कानूनी म्याद समाप्त भएपछि श्री मकालु हेल्थ एकेडेमी, खादवारी, संखुवासभाको नाम परिवर्तन भई नयां नाम श्री मकालु टेक्निकल इन्ष्टिच्यूट प्रा.ली. खादवारी, संखुवासभा कायम भई जाने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
सानोठिमी, भक्तपुर । फो.नं. ०१-६६३०४०८



सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्नेछ।
**वृष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**मिथुन** : धनलाभ, मान-सम्मान बढ्ने, समस्याको समाधान हुने।
**कर्कट** : आर्थिक लाभ, विजय, परीक्षा-खेलकुदमा सफलता।
**सिंह** : बाथजन्य रोगको भय, कार्य असफल, शोक-सन्ताप।
**कन्या** : पेट गडबड, पविवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**तुला** : पैसा प्राप्ति, मान-सम्मान, पढाइ, जागिर, व्यापारमा सफलता।
**वृश्चिक** : धनहानि, व्यर्थको खर्च, मनमा चञ्चलता, आँखामा समस्या।
**धनु** : पुरस्कार, कोसेली प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**मकर** : आर्थिक नोक्सानी, दुर्घटनाको सम्भावना, उपलब्धिहीन खर्च।
**कुम्भ** : द्रव्यलाभ, सहयोग प्राप्ति, मिष्ठान्न भोजन, पारिवारिक सुख।
**मीन** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।

# नेपाल

घर नहुँदा बालबच्चा, वृद्धवृद्धा, बिरामी र सुत्केरीको बिचल्ली भएको झमेलीले बताए। 'दुई हप्तादेखि लगातार शीतलहर चलेको छ, ज्यान लुकाउने ठाउँ पनि छैन', उनले भने- 'अब त मरिन्छकी भन्ने लाग्न थालेको छ।'

अनौठो प्रचलन

## सुदूरपश्चिममा आज काग तिहार

विनोदसिंह विष्ट, बैतडी

सुदूरपश्चिममा आज माघ १ गते काग तिहार मनाइँदै छ। कात्तिकमा पर्ने दीपावली तिहारमा कागको पूजा गर्ने प्रचलन रहिआएको भए पनि सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा भने आज अलि फरक ढंगले काग तिहार मनाइन्छ।

स्थानीय भाषामा 'नरहरि' भनिने यस चाड माघे संक्रान्ति भनेर पनि भन्ने गरिन्छ। नर भनेको मानिस हरि भगवानमा लिन हुनु अथवा उपासाना गर्ने महिनाको शुरुआत भएकाले माघे संक्रान्तिलाई नरहरी भनिएको बताइएको छ।

सुदूरपश्चिमका जिल्लामा पुसे तिहार अर्थात् माघे संक्रान्तिमा कागलाई सेल रोटी र अन्य मीठा परिकारहरू खुवाउने चलन रहेको छ। हरेक वर्ष पुस मसान्तमा सेलरोटी पकाउँदा सबैभन्दा पहिला पाकेको रोटी कागलाई दिने गरिन्छ। उक्त खानेकुरा माघे संक्रान्तिका दिन बिहानै नुहाई धुवाई गरी 'का कौवा का का मेरो रोटी खा' 'का कौवा झुनमुने खाइझा' भनेर बालबालिकाहरूले कागलाई बोलाउँदै खुवाउने प्रचलन रहेको छ।

धर्मशास्त्रअनुसार नरक लोकका अधिपति यमराजले पृथ्वी लोकमा भएका मानिसलगायत सम्पूर्ण जीवित प्राणीको जन्म मृत्युको विवरण राख्ने गर्दछन्। त्यस्तो विवरण ल्याउने र लैजाने काम भने कागले गर्ने मान्यता रहेको पण्डित जयानन्द भट्टले बताउनुभयो। 'आकाश मार्गबाट छिटो सन्देश ल्याउने लाने भएकाले यमराजले कागलाई आफ्नो दूत नियुक्त गरेको जनविश्वास अहिले पनि रहेको छ', उहाँले भन्नुभयो- 'काग तिहारमा भने यी सबै नकारात्मक मान्यतालाई बिर्सिएर कागको पूजा गरिन्छ।'

कागलाई यमराजको सन्देश वाहकका रूपमा पनि पूजा गरिन्छ। त्यही भएर चर्को आवाज निकालेर कराउने यस चरालाई काग तिहारबाहेक अरू बेला भने अशुभ र अशुद्ध पंक्षीका रूपमा लिइन्छ। आजको दिन कागलाई सम्मानका साथ पूजा गर्ने र खानेकुरा दिने चलन रहेको छ। कागलाई विशेष गरी अशुभ सन्देश प्रवाह गर्ने पंक्षीका रूपमा लिइन्छ। कागले पुस १५ गते तीर्थमा गई स्नान गरी आज फर्केर रोटी खाने गरेको जनविश्वास रहेको छ।

काग अत्यन्तै चलाख पंक्षी हो। काग सर्वभक्षी प्राणी पनि हो। काग तिहारमा कागलाई पुज्नुका विभिन्न महत्त्व र कारण रहेका छन्। कागले सबैलाई समान दृष्टिले हेर्ने धार्मिक मान्यता रहेको छ। अर्कोतर्फ यसले अन्नबालीमा लाग्ने किरा फट्यांग्रा र सबै प्रकारका मांसजन्य फोहोर खाइदिने हुनाले सर्वगुणी पंक्षीका रूपमा मानिन्छ।

माघे संक्रान्तिमा कागलाई मीठा खानेकुरा खुवाउँदा पाप नष्ट हुने धार्मिक मान्यता रहिआएको र पार्वती शिवलाई पति पाउँ भनेर माघ महिनामा ब्रत बसेकी हुनाले पनि माघ महिनालाई धार्मिक महिना मान्ने प्रचलन रहेको पण्डित जयानन्द भट्टले बताउनुभयो।

माघ महिना धार्मिक महिना भएकाले माछा मासु पनि खानु हुँदैन भन्ने पुस्तौदेखि चलिआएको प्रचलन रहेको पण्डित भट्टको भनाइ रहेको छ। पुसको अन्तिम दिन पकाउने र माघको पहिलो दिन खाने प्रचलन भएकाले यसलाई पुसको पाक्य माघको खाक्य पनि भन्ने गरिएको छ।

## सामाजिक सञ्जालमार्फत् ठगी गर्ने पाँच समातिए



नेपाल समाचारपत्र
वीरगन्ज

सामाजिक सञ्जालमार्फत् ठगी गर्ने गिरोहलाई पर्सा प्रहरीले पक्राउ गरी आइतबार पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरेको छ।

प्रहरीले तेस्रो पटक लट्री परेको भन्दै प्रलोभनमा पारेर ठगी गर्ने गिरोहका पाँच जनालाई सार्वजनिक गरेको हो। गिरोहले भाइबर, फेसबुक, टवीटर र मोबाइलबाट लाखौको लट्री जित्नु भएको सन्देश पठाउने गरेको प्रहरीले बताएको छ। अब तपाईंले कम्पनीको तर्फबाट पुरस्कार पाउनुहुनेछ भन्ने सन्देश गिरोहले पठाउने र पुरस्कारबापतको कर अग्रिम भुक्तानी गर्नुपर्ने शर्त राख्ने गर्थे। पुरस्कार पाउने लोभमा करबापतको रकम गिरोहले भनेअनुसार आईएमई गरेर पठाउँदै आएकामध्यकैले यस्तो सूचना प्रहरीलाई दिएपछि प्रहरीले यस्तो गिरोहलाई पक्राउ गरेको हो।

उनीहरूलाई प्रभु मनी ट्रान्सफर र आईएमई ट्रान्सफरबाट पक्रेको पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक डा. गणेश रेग्मीले जानकारी दिए। पक्राउ परेकाहरूमा भारत बिहारको जमुई गाउँ पञ्चायत वडा नं ८ बरवाटाका रोहितकुमार सिंह, सोही पञ्चायतको खैरमाका छोटु कुमार, जनकपुर उपमहानगरपालिका वडा नं १ का अमित यादव, वडा नं २ का शिवशंकर मण्डल र १ पौडेश्वरका राजेश यादव रहेका छन्।

उनीहरूको साथबाट प्रहरीले २ लाख १९ हजार ५ सय १३ रुपियाँ भिसा कार्ड, नेपाली नागरिकताको प्रमाण पत्र, नेपाल राष्ट्रबैंकको भौचर, स्मार्ट कार्ड भारतीय बैंकका एटीएम कार्डहरू भाइभो सामसुङ र नोकियासहित अन्य कम्पनीका गरी ५ थान मोबाइल भारतीय आधार कार्ड बरामद गरेको छ। य अघि पर्सा प्रहरीले सामाजिक सञ्जालमार्फत् विभिन्न व्यक्तिहरूलाई लुटेको आरोपमा १४ मंसिर र ३ पुसमामा पनि एउटा केही व्यक्तिलाई पक्राउ गरेको थियो।

## नेविसंघको प्रशासनमा धर्ना

नेपाल समाचारपत्र
डोटी

नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ डोटीले विभिन्न ७ बुँदे माग राख्दै जिल्ला प्रशासन कार्यालय डोटीमा आइतबारमा धर्ना दिएका छन्। नेविसंघ डोटीका सभापति गणेश खड्का नेतृत्वको टोलीले धर्ना दिएको हो।

नेपालको संविधान २०७२ को भाग ३ धारा ३५ अनुसार सबै विद्यार्थीको नि:शुल्क स्वास्थ्य बीमा तत्काल कार्यान्वयन गरिनुपर्ने, त्यस्तै धारा ३३ अनुसार सबै नागरिकलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्ने र बेरोजगार युवालाई भत्ताको व्यवस्था गरिनुपर्ने, प्राविधिक उच्च शिक्षाको ग्यारेन्टी गर्न ७ वटै प्रदेशमा एक/एक मेडिकल कलेज, इन्जिनियरिङ कलेज र कृषि क्याम्पसको स्थापना गर्न र सबै स्थानीय तहमा एक/एक प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने नेपाल विद्यार्थी संघ डोटीले माग गरेको छ।

त्यस्तै उच्च शिक्षामा सबैको पहुँचका लागि सर्टिफिकेट धितो राखेर अध्ययन ऋण लिन पाउने व्यवस्था गरिनुपर्ने, देशभरका सबै शैक्षिक संस्थामा इ-लाइब्रेरीको व्यवस्था




गरिनुपर्ने, सबै गाउँपालिकाका, वडामा दुई-दुई वटा प्रारम्भिक बालबालिका केन्द्र स्थापना गर्नुपर्नेलगाएयतका माग नेविसंघले राखेको छ।

यसअघि पनि नेविसंघले जिल्ला शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा आफ्ना मागसहित ज्ञापनपत्र पेस गरिसकेको नेविसंघ डोटीका सभापति गणेश खड्काले बताउनुभयो। धर्ना कार्यक्रममा नेविसंघका केन्द्रीय सदस्य विजयराज ओझा, डोटी बहुमुखी क्याम्पसका स्ववियु सभापति एवं नेविसंघका नेता बालकृष्ण साउँदलगायतका विभिन्न विद्यार्थीको सहभागिता रहेको थियो।

## चितुवाको छालासहित तीन पक्राउ

लमजुङ, (नेस)

लमजुङमा चितुवाको छालासहित रंगेहात पक्राउ परेका तीन जना युवालाई प्रहरीले सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कायोलयमा पत्रकार सम्मेलन गरी उनीहरूलाई सार्वजनिक गरिएको हो।

पक्राउ पर्ने सबै लमजुङकै सुन्दरबजार नगरपालिकाका स्थानीय बासिन्दा हुन्। उनीहरू सुन्दरबजार-४ का २७ वर्षीय राजेश अधिकारी, सोही नगरपालिका-५ तार्कुका २७ वर्षीय विनोद तामाङ र सुन्दरबजार नगरपालिका-६ का २७ वर्षीय कमल तामाङ भएको प्रहरी निरीक्षक बुद्धिसागर पुरीले बताउनुभयो। उहाँका अनुसार उनीहरूलाई चितुवाको छाला जिल्ला वन कार्यालयमा बुझाइने छ।

जिल्ला सदरमुकाम बेंसीशहर नगरपालिका वडा नं. ९ को झिंगेखोलास्थित घलेगाउँ होटलबाट ती युवालाई रातको समयमा विशेष सुराकीका आधारमा पक्राउ गरिएको पुरीले बताउनुभयो।

## चार पसलमा एकैसाथ चोरी

खोटाङ, (नेस)

प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल खोटाङको हलेसी मन्दिर तथा मन्दिर परिसरका ४ पसलमा एकै साथ चोरी भएको छ। हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानमा जम्मा गरिएको केही भेटी रकम तथा आसपासका चार पसलमा शनिबार राति चोरी भएको हो।

हलेसीस्थित पदम राई, चन्देश्वर चौधरी, हामस राई र कृष्ण कार्कीको पसलबाट ७५ हजार रुपियाँबराबरको नगद तथा सामानका साथै मन्दिरको दान बाकसमा संकलित रकम चोरी भएको हलेसी विकास समितिको कार्यकारी निर्देशक सम्बर भुजेलले बताउनुभयो। यता, हलेसी महादेवस्थान मन्दिरमा तीनदिन अगाडिबाट जम्मा गरिएको दानबाकसको भेटी चोरी भएको कार्यकारी निर्देशक भुजेलको भनाइ छ।

पदमको पसलबाट १५ हजार नगद १८ हजारबराबरका रिचार्ज कार्ड, चन्देश्वरको ५ हजार र नगद चोरी भएको जनाइएको छ। यस्तै हामसको ३० हजारबराबरका ३ थान मोबाइल सेट र कृष्णको ४ हजार नगद चोरी भएको हो।

राति अन्दाजी साढे १२ बजेको समयमा चोरी भएको हुनसक्ने पीडितले अनुमान गरेका छन्। चोरीको आशंकामा प्रहरीले २ व्यक्तिलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय हलेसीका प्रहरी नायव निरीक्षक नारायणप्रसाद कोइरालाले बताउनुभयो।

हिन्दु, बौद्ध तथा किरात धर्मावलम्बीको आस्थाको केन्द्र मानिने हलेसीमा संकलित भेटीलगायतका अमूल्य सम्पत्ति संरक्षणका लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउने पहल भएको हलेसी विकास समितिले जनाएको छ। पछिल्लो समय जयरामघाटमा पक्की पुल सञ्चालनमा आएसँगै हलेसीमा दर्शनार्थीको संख्या बढ्दै गएको छ। मानिसको बढ्दो उपस्थितिलाई ख्याल गर्दै सुरक्षा व्यवस्था मजबुद बनाइनुपर्ने जिल्लावासीको भनाइ छ।

सोही स्थानमा गत पुस १८ गते बेलुकी भएको आगलागीमा परी ४ घरपरिवार गास न बास बनेका छन् भने अन्य ४ बढी घरमा पनि उल्लेख्य क्षति भएको थियो। आगलागीबाट सवा ५ करोडको क्षति भएको थियो।

## दलित समाजद्वारा विद्यालय भवन निर्माण

नेपाल समाचारपत्र
लमजुङ

लमजुङमा भूकम्पग्रस्त विद्यालय भवन निर्माण गरी हस्तान्तरण गरिएको छ। दुधपोखरा गाउँपालिका-४ स्थित इलमपोखरी धरेलबेसीको चम्पावती प्राथमिक विद्यालयको नवनिर्मित भवन विद्यालयलाई हस्तान्तरण गरिएको हो।

प्रदेशसभा ४ का सांसद धनञ्जय दवाडीले विद्यालयको उद्घाटन गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्रबहादुर गुरुङलाई विद्यालयको चाबी हस्तान्तरण गर्नुभयो। विद्यालय भवन निर्माणका लागि आवश्यक जग्गा खरिद गर्न एकलाख रुपियाँसमेत कार्यक्रमका अवसरमा हस्तान्तरण गरिएको थियो।

सांसद दवाडीले भूकम्पका कारण सास्ती भोग्दै आएकोमा अहिले विद्यालय भवन निर्माण हुनु खुसीको विषय भएको बताउँदै क्षतिग्रस्त संरचनाहरू निर्माणमा राज्य र निजीक्षेत्र एकजुट भएर लाग्नुपर्ने बताउनुभयो। 'भूकम्पले हाम्रा बस्तीका घर, विद्यालयलगायतका भौतिक संरचनाहरू मात्रै भत्काएन', उहाँले भन्नुभयो- 'ती संरचनासँगै हाम्रा मन पनि भत्काएकाले भत्किएका मनहरू टाल्न सबै एकताबद्ध हुनुपर्छ।' जिल्लाको पूर्वीभेग भौगोलिक विकटताका कारण भैतिक, आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायतका क्षेत्रमा पछाडि परेको बताउँदै ती सबै क्षेत्रमा स्थानीयको मागअनुरुपमा विकास गर्नु आफ्नो दायित्व भएको उहाँले बताउनुभयो। स्थानीयस्तरमा आवश्यक विकासका लागि स्वयं स्थानीयसँग परामर्श, सहकार्य र समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता सांसद दवाडीले व्यक्त गर्नुभयो।

कार्यक्रममा दुधपोखरी गाउँपालिका प्रमुख छुपीमाया गुरुङले स्थानीय स्तरबाटै विकास निमार्णका लागि आफूले ठोस योजना निमार्ण गरी कार्यान्यवन गर्ने बताउनुभयो। उहाँले विकासका लागि ठोस योजना निर्माण गर्न सकेमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिने भएकाले प्राथमिकताका साथ योजना निर्माणको चरणमा आफूहरू लागिपरेको बताउनुभयो। यसै गरी, भवनको अभावमा दयनीय अवस्थामा विद्यार्थीलाई पढाइएपछि एडएट एक्सन र वेल फाउन्डेसनको आर्थिक तथा प्राविधिक सहयोगमा सो विद्यालय निर्माण गरिएको एडएट एक्सनका नेपाल प्रतिनिधि सुजन न्यौपानेले बताउनुभयो। 'भूकम्पपछि यस क्षेत्रको अवस्था बुझ्दै आएका थियौं', न्यौपानेले भन्नुभयो- 'यहाँ आइपुग्दा टहरामा पढी रहेका विद्यार्थीलाई देखेपछि केही गर्नुपर्छ भन्ने ठानेर विद्यालय भवन बनाएका हौं।' साविकका इलमपोखरी, विचौर र दुधपोखरीमा विद्यालय भवन, शौचालय र पुस्तकालय तथा शैक्षिक सामग्री उपलब्ध गराइएको न्यौपानेले बताउनुहुन्छ।

दलित सेवासंघका केन्द्रीय महासचिव सञ्जुसिंह विश्वकर्मा, दुधपोखरी गाउँपालिका-४ का अध्यक्ष धनलाल गुरुङ, पत्रकार महासंघका जिल्ला उपाध्यक्ष कृष्णबहादुर आले, विचौर स्रोतकेन्द्रका स्रोतव्यक्ति होमनाथ दवाडी, दलितसेवा संघका पूर्वअध्यक्ष विवश बुढाथोकी, स्थानीय अगुवा ओमबहादुर गुरुङलगायतले आ-आफ्नो भूमिकाबाट त्यस ठाउँको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

दलित सेवा संघ जिल्ला समितिद्वारा सो विद्यालय भवनको पुनर्निर्माण गरी समुदायमा हस्तान्तरण गरिएको दलित सेवासंघका अध्यक्ष दलबहादुर मजाकोटीले बताउनुभयो। उहाँका अनुसार सिद्धि विनायक निर्माण सेवाको निर्माण समन्वयमा २४ लाख रुपियाँको लागतमा निर्माण गरिएको हो। नवनिर्मित सो भवनमा ६ कोठा रहेका र सो विद्यालयमा मुगे, धरेलबेसी, उदीगाउँका विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यपक डिल्लीराम दवाडीले बताउनुभयो। प्रअ दवाडीका अनुसार विद्यालय भवन भत्किएपछि सोही वडाको मुगेगाउँमा रहेको नजिकैको धरेलबेसीमा अस्थायी टहरो बनाएर पठनपाठन हुँदै आएको थियो।

दलित सेवासंघका अध्यक्ष दलबहादुर मजाकोटीको अध्यक्षतामा भएको विद्यालय भवन उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा प्रधानाध्यापक डिल्लीराम दवाडीले स्वागत तथा सञ्चालन दलित सेवा संघका सचिव सुकराम दुलालले गर्नुभएको थियो।

## ५० दलित परिवार बिचल्लीमा

नेपाल समाचारपत्र
राजविराज

निर्माण समितिको उदासीनताका कारण सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ स्थित मुसहर बस्तीका ५० घर दलित परिवार बिचल्लीमा परेका छन्। जनता आवास कार्यक्रमअन्तर्गत भएका घरसमेत भत्काएर समयमा भूमि नबनाउँदा उनीहरूको बिचल्ली भएको हो।

जनता आवास कार्यक्रमअन्तर्गत गतकात्तिकमै उनीहरूको घर भत्काइयो। तर, निर्माण कार्य भने अहिलेसम्म पनि शुरू भएको छैन। सरकारी कर्मचारी र निर्माण समितिका मान्छेको आश्वासनमा पर्दा आफूहरूको बिचल्ली भएको स्थानीय झमेली सदाले बताए।

घर नहुँदा बालबच्चा, वृद्धवृद्धा, बिरामी र सुत्केरीको बिचल्ली भएको झमेलीले बताए। 'दुई हप्तादेखि लगातार शीतलहर चलेको छ, ज्यान लुकाउने ठाउँ पनि छैन', उनले भने- 'अब त मरिन्छकी भन्ने लाग्न थालेको छ।' समयमै घर निर्माण पूरा गर्न पटक-पटक आग्रह गर्दा समेत बेवास्ता गरिएपछि मर्नु न बाँच्नु भएको स्थानीय बताउँछन्। मान्छे र पशुचौपायासमेत एकै ठाउँमा बस्नुपर्ने समस्याले थप कष्ट भएको उनीहरूले दु:खेसो गरे।

जनता आवास कार्यक्रमअन्तर्गत आव २०७३/७४ स्वीकृत १ हजार घरमध्ये ५० घर उक्त दलित बस्तीमा निर्माणाधीन रहेको शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय सप्तरीले जनाएको छ।

विभिन्न प्राकृतिक कारणले चालू आर्थिक वर्षको घर निर्माणको काम अघि बढ्न नसकेको कार्यालय प्रमुख रमेश थिङले बताए। बाढी, चुनाव र पछिल्लो समय शुरू भएको शीतलहरका कारण निर्माण कार्य प्रभावित भएको उनले बताए।

२०७४, माघ
सोमबार
१

हाम्रो भत्ता आयो ?' उनको जिज्ञासाको जवाफ दिँदै दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले भने- 'तपाईंहरुको सामाजिक सुरक्षा भत्ता आइपुगेको छैन, अहिले केही खाद्यान्न र कम्बल लिएर आएका छौं।'

# नेपाल

## स्थानीय तह सञ्चालनमा नीति अभाव

**नेपाल समाचारपत्र**

डोटी



स्थानीय तह सञ्चालन गर्न स्पष्ट नीति नहुँदा विनियोजीत बजेट खर्च गर्न अन्यौलता बढ्दै गएको डोटीका जनप्रतिनिधिले गुनासो गरेका छन्। एफएमडीसीले पारस्परिक जवाफदेहिता परियोजनाअन्तर्गत दिपायलमा आयोजना गरेको अन्तर क्रिया कार्यक्रममा अस्पष्ट नीतिका कारण जनप्रतिनिधि र कर्मचारीहरूमा असझदारीसमेत बढिरहेको गुनासो पोखेका छन्।

दिपायल सिलगढी नगरपालिकाका वडाअध्यक्ष वीरेन्द्र शाहले आफूहरूलाई सिफारिसमा हस्ताक्षर गर्ने मात्रै भूमिका दिइएको भन्दै दु:खेसो पोख्नुभयो। उहाँले खर्च गर्ने सम्बन्धमा स्पष्ट नीति हुनुपर्नेमा जोड दिनुभयो।

त्यस्तै केआई सिंह गाउँपालिका अध्यक्ष लोकेन्द्र शाहीले बजेट विनियोजन गर्नमै समस्या झेल्नुपरिरहेको बताउनुभयो। कृषि, स्वास्थ्य, शिक्षाजस्ता विषयगत क्षेत्रमा नयाँ आएका जनप्रतिनिधिलाई प्राविधिक विषयमा जानकारी नहुँदा प्रभावकारी योजना ल्याउन नसकिएको गुनासो गर्नुभयो। दिपायल सिलगढी नगरपालिकाका नगर स्वास्थ्य संयोजक तेजविक्रम शाहीले आफूले औषधी खरिदका लागि २० लाख बजेट आवश्यक हुन्छ भनी प्रस्ताव गरेकोमा १० लाख मात्र विनियोजीत गरेको बताउनुभयो।

अन्तरक्रियामा सहभागी पत्रकारहरूले अस्पष्ट नीतिको फाइदा जनप्रतिनिधि र कर्मचारी दुवै क्षेत्रबाट उठाउने प्रयास भइरहेकाले त्यसको न्यूनीकरणका लागि भूमिका खेल्नुपर्ने अवस्था आएको बताएका थिए। नेपाल पत्रकार महासंघका ७ नं. प्रदेश संयोजक मीन बमले स्थानीय तहमा कर्मचारी र जनप्रतिनिधि मिलेर काम गर्नुपर्नेमा असमझदारी बढाउँदै लगिरहेको बताउनुभयो। स्थानिय तहमा भइरहेका गतिविधिको अन्यौलता चिर्न जनप्रतिनिधि र कर्मचारीबीच व्यापक छलफल हुनुपर्ने औंल्याइएको छ।

## चिसोका बिरामी बढे

रुकुम, (नेस)

रुकुम पश्चिमको जिल्ला अस्पताल सल्लेमा उपचार गराउन आउने बिरामीहरूको संख्या दिनहुँ बढ्ने गरेको छ। चिसो बढ्दै गएपछि जिल्लाका विभिन्न ठाउँबाट उपचारका लागि जिल्ला अस्पत्तालमा आउने बिरामीको संख्या बढेको हो।

अस्पतालमा स्वासप्रश्वास, रुघाखोकी, झाडापखाला, नाक, कान, घाँटी, दम, तथा छाती दुखनेलगायतका बिरामीहरू उपचारका लागि आउन थालेका छन्। चिसोकै कारण वृद्धवृद्धाहरू पनि स्वासप्रश्वास तथा दमको समस्या देखाउँदै अस्पत्ताल भर्ना हुने गरेको जिल्ला अस्पतालका डाक्टर सविन पोखेलले बताउनुभयो।

चिसोले दिनहुँ बालबालिकाहरूमा समेत झाडापखालाको संक्रमण बढेको छ। झाडापखालाकै कारण केही दिनअघि जिल्ला अस्पताल सल्ले रुकुममा उपचारका लागि पाँच वर्षमुनिका बालबालिका भर्ना भएका छन्। अस्पतालका अनुसार हाल जिल्ला अस्पताल सल्लेमा औषधीको मात्रा भने पर्याप्त रहेको छ।

## विपन्नलाई कम्बल वितरण



**नेपाल समाचारपत्र**

राजविराज

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले शितलहरले अति कष्टकर जीवनयापन गरिरहेका सप्तरीको २ सय ८० मुसहर र विपन्न समुदायलाई कम्बल वितरण गर्नुभएको छ।

शनिबार छिन्नमस्ता गाउँपालिका-५ लोखरमका १ सय ३० मुसहर परिवार र राजविराज नगरपालिका-९ मलेठका १ सय ५० विपन्न परिवारलाई कम्बल वितरण गर्नुभएको हो। सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित सांसदसमेत रहनुभएका अध्यक्ष यादवले बढ्दो शितलहरबाट परेको असहजतालाई दलित तथा विपन्न जनताको जनजीवनमा केही सहजता प्रदान गर्नका लागि कम्बल वितरण गरिएको बताउनुभयो।

फोरमकी उपाध्यक्ष रेणुकुमारी यादव, प्रदेशसभा सदस्य शैलेन्द्रकुमार साह, जिल्ला अध्यक्ष दिनेश यादवलगायतका नेताको सहभागीतामा उनीहरूलाई कम्बल वितरण गरिएको छ। दुई साता बढ्दो शितलहरले छिन्नमस्तामै ७ गरी सप्तरीमा २६ जनाको मृत्यु भइसकेको छ।

## एम्बुलेन्स थन्किँदा बिरामीलाई सास्ती

कालिकोट, (नेस)

जिल्ला अस्पताल कालिकोटमा रहेको एम्बुलेन्स तीन महिना अगाडिदेखि बिग्रिएर मर्मत हुन नसक्दा बिरामीलाई सास्ती भएको छ।

कालिकोट जिल्लाको एकमात्र अस्पतालमा आजभन्दा १० वर्षअघि भारतीय दूतावासको सहयोगमा खरिद गरी सञ्चालनमा ल्याइएको नेपाल रेडक्रस सोसाइटी कालिकोटको एम्बुलेन्स जिल्ला अस्पतालमै थन्किएपछि बिरामीलाई सास्ती हुने गरेको छ। एम्बुलेन्सका पाटपुर्जा काम नलाग्ने भएका छन्।

१५ शैय्या रहेको जिल्ला अस्पतालमा मासमी ज्वरोका बिरामीको चाप दिनदिनै बढे पनि जिल्लामा एम्बुलेन्स नहुँदा बिरामी मारमा पर्ने गरेका छन्। जिल्ला रेडक्रसको एम्बुलेन्स नहुँदा बिरामी कतै रिफर गर्नुपर्दा बिरामीलाई समस्या हुने गरेको जिल्ला स्वास्थ्य प्रमुख डाक्टर कौशल अलीले बताए। जिल्लामा रहेको अस्पतालमा एकमात्र एम्बुलेन्स नहुँदा बिरामी तथा बिरामीका आफन्तमा समस्या मात्रै हैन बिरामीको ज्यानैसमेत खतरामा पर्ने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

जिल्ला अस्पताल कालिकोटमा हिजो-आज बिरामीहरूको चाप बढ्दै गएको छ। धेरै बिरामी बढेपछि बिरामीलाई बेडको अभाव भइरहेको जिल्ला अस्पताल विकास समितिका अध्यक्ष कृष्णबहादुर सिंहले बताए।

## विपन्न विद्यार्थीलाई स्वीटर

हेटौंडा, (नेस) । रोटऱ्याक्ट क्लब अफ मकवानपुरले हेटौंडा-१, घ्यान्सिङ्टारमा रहेको सरस्वती प्राविका ९० विद्यार्थीलाई स्वीटर वितरण गरेको छ। कक्षा-१ देखि ५ सम्मका विद्यार्थीलाई सहयोग गरिएको हो।

हेटौंडा-१ का अध्यक्ष सविन न्यौपानेले नगरको भए पनि विकट बस्तीमा अब विभिन्न विकासका कार्य गर्दै नगरसँग नजिक बनाउन लाग्ने बताउनुभयो। विद्यालय विकासका निम्ति विभिन्न किसिमका कार्य गरिने उहाँले बताउनुभयो। जाडो मौसममा न्यानो कपडा लगाएर विद्यालय आउन नसक्ने बालबालिकालाई स्वीटर वितरण गरी बालबालिकाको पढ्ने लगाव राख्न सहयोग गरिएको उहाँले बताउनुभयो।

## १३ प्रतिशत विद्यार्थीले दिएनन् परीक्षा

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा उपमहानगरको नगरस्तरीय आधारभूत तहका १३ प्रतिशत विद्यार्थीले परीक्षा नदिने गरेको एक तथ्यांकले देखाएको छ ।

जिल्ला शिक्षा कार्यालय मकवानपुरको सभाहलमा भएको कार्यक्रममा स्रोतव्यक्ति केशव सञ्जेलले प्रस्तुत गरेको तथ्यांक यस्तो छ। २०७३ मा फेल भएर कक्षा दोहोऱ्याएर पढ्ने विद्यार्थी ८८ प्रतिशत, उत्तीर्ण हुने ८१ प्रतिशत छन्। तथ्यांकअनुसार आधारभूत र मावि तहमा अध्ययनरत २२ हजार ३ सय विद्यार्थीमध्ये १३ प्रतिशत विद्यार्थी २०७३ को वार्षिक परीक्षामा सहभागी भएनन्।

अन्तरक्रियामा हेटौंडाको शैक्षिक सुधार र विकासका लागि विद्यालय सुरक्षा, शिक्षण सिकाइ, अन्तर वैयक्तिक सम्बन्ध, सहभागितात्मक तथा स्रोतपूर्ण विद्यालय वातावरण र नेतृत्व तथा व्यावसायिक सम्बन्धका विषयमा छलफल गरिएको थियो। अन्तरक्रियामा विद्यालय सुधारका लागि ७ बुँदे प्रतिबद्धतापत्रमा हस्ताक्षर गरिएको थियो।

काठमाडौं विश्वविद्यालयका डा. वासु सुवेदीले प्रधानाध्यापकमाझ विद्यालयको सुरक्षा, शिक्षण सिकाइ, अन्तर वैयक्तिक सम्बन्ध, सहभागितात्मक तथा स्रोतपूर्ण विद्यालय वातावरण, नेतृत्व तथा व्यावसायिक सम्बन्धका विषयका चर्चा गर्नुभएको थियो। शिक्षकहरू सिकाइमूलक शिक्षामा लाग्न उहाँले आग्रह गर्नुभयो। परिवर्तनको खाँचो रहकाले अब शिक्षा क्षेत्रमा स्थानीय तहदेखि सबै लाग्नुपर्ने उहाँले बताउनुभयो।

परीक्षा नियन्त्रण कार्यालय भक्तपुरका उपनिर्देशक डा.तोयानाथ खनालले विद्यालयको स्तर सुधारका लागि शैक्षणिक नेतृत्व हुनुपर्ने बताउनुभयो। विद्यालयको स्तर सुधार गर्न विभिन्न प्रयासमध्ये सकारात्मक चिन्तन, प्रतिबद्धता, प्रयासको थालनी गर्नुपर्ने उहाँको सुझाव छ।

मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाका उपनिर्देशक बद्रीबहादुर पाठकले नगरस्तरका विद्यालय सुधारका लागि शिक्षकहरू नै लाग्नुपर्ने बताउनुभयो। नगरका वडासँग समन्वय गरी विद्यालय क्षेत्रमा कसरी सुधार गर्न सकिन्छ भन्ने कुरामा छलफल गर्नु आवश्यक रहेको बताउनुभयो।

नगरस्तरीय शैक्षिक समन्वय समिति अध्यक्ष गणेशप्रसाद हुमागाईंको सभाध्यक्षतामा भएको हेटौंडा उपमहानगरभित्रका आधारभूत तहका सामुदायिक विद्यालयको स्तर सुधारमा हाम्रो भूमिका विषयक अन्तरक्रियामा हेटौंडा उपमहानगरका मेयर हरिबहादुर महत, उपमेयर मीना लामा, जिल्ला शिक्षा अधिकारी बद्रीनारायण भट्टराईलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

## राउटे बस्तीमा भत्ताकै आश

हिक्मत नेपाली, दैलेख

शनिबार मध्याह्न दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेसहितको एक हुल राउटे बस्तीमा पस्यो। समुदायका सबैजसो राउटे आफ्नै कामधन्दामा व्यस्त देखिन्थे। चिसो मौसम भएका कारण कतिपय कलिला बालबालिका र वृद्धवृद्धा घाम ताप्दै थिए भने राउटे युवायुवती गफगाफमै व्यस्त थिए। अधबैंसे पुरुष र महिलाहरू भने काठबाट बन्ने मधुस, कोशी, आरीलगायतका सामग्री बनाउन तल्लीन थिए। आ-आफ्नो काम धन्दामा व्यस्त बनेका राउटे जिल्लाबाट गएको टोली देख्नेबित्तिकै जुर्मुराए। आ-आफ्नो काम धन्दामा लागेका राउटे समुदाय एकै स्थानमा जम्मा हुन थाले। सुनसान रहेको राउटे बस्ती एकाएक हल्लाले रंगमञ्च जस्तै बन्यो। जंगलबाट ल्याएको काठ काट्नमा व्यस्त रहेका राउटेमा मुखिया सूर्यनारायण शाही जिल्लाबाट गएको टोलीको नजिक पुगेर सोधिहाले- 'हाम्रो भत्ता आयो ?' उनको जिज्ञासाको जवाफ दिँदै दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले भने- 'तपाईंहरूको सामाजिक सुरक्षा भत्ता आइपुगेको छैन, अहिले केही खाद्यान्न र कम्बल लिएर आएका छौं।'

भत्ता पाउने आशमा बसेका राउटे समुदायमा खाद्यान्न र कम्बल मात्र आएको खबर पाएपछि एकाएक निराशा छायो तर पनि प्रमुख जिल्ला अधिकारीसँगै स्थानीय जनप्रतिनिधिका कुरा एकाग्र भएर सुनिरहे। उनीहरूले पाउने सामाजिक सुरक्षा भत्ता नपाएपछि पाएको दु:ख खुलेरै सुनाए। यस अघि दैलेखको भैरवी गाउँपालिका वडा नं. ५ को सैनचौरमा बसोबास गर्दै आएका राउटेलाई गाउँपालिकाले दशैंअगाडि नै सामाजिक सुरक्षा भत्ता प्रदान गरेको थियो। त्यसपछि उनीहरूले सामाजिक सुरक्षा भत्ता पाएका छैनन्। सरकारले राउटे समुदायलाई प्रत्येक चार महिनामा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ। बेला-बेला खाद्यान्न र कपडा पाउँदै आएको भए पनि सरकारले दिने सामाजिक सुरक्षा भत्ता नपाएको राउटेका अर्का मुखिया नैन बहादुर शाहीले बताए।



उनले सरकारले प्रत्येक महिनामा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइदिन आग्रह गरे।

राउटे समुदायमा खाद्यान्न र कम्बल वितरण गर्न पुगेका भैरवी गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर बुढाले सरकारले रकम पठाउनेबित्तिकै भत्ता प्रदान गर्ने वचन दिए। दैलेखको महावुगाउँपालिका वडा नं. ३ बाँसीको इनेदुला (छामघाट खोलाको किनार) मा बस्दै आएका राउटे समुदायमा माघी मनाउनका लागि भन्दै खाद्यान्न वितरण गरिएको छ। सामाजिक सुरक्षा भत्ता आइनपुगेका कारण माघी पर्वलाई लक्षित गर्दै राउटे समुदायलाई खाद्यान्न वितरण गरिएको हो। जिल्ला प्रशासन कार्यालय दैलेखले राउटे समुदायलाई खाद्यान्न वितरण गरेको हो। यस्तै दैलेखको सामाजिक संस्था सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, सेभ द चिन्ड्रेन, एईआईएन र उद्योग वाणिज्य संघ दैलेखले राउटे समुदायलाई कम्बलसमेत प्रदान गरेका छन्। जिल्ला प्रशासन कार्यालय दैलेखले समुदायमा ४२ बोरा चामल, प्रतिपरिवार १ केजी दाल, १ प्याकेट नुन, १ प्याकेट तेल र समुदायमा दुई वटा खसी वितरण गरेको हो। यस्तै सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, सेभ द चिन्ड्रेन, एईआईएनले २० वटा कम्बल र दैलेख उद्योग वाणिज्य संघ दैलेखले २० वटा गरी ४० वटा कम्बल प्रदान गरेको हो। जिल्ला प्रशासन कार्यालय दैलेख र विभिन्न सामाजिक संघसंस्था तथा निजी क्षेत्रहरूको सहयोगबाट राउटे समुदायलाई खाद्यान्नसँगै कम्बल वितरण गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले जानकारी दिएका छन्।

फिरन्ते जीवन बिताउने राउटे समुदायलाई चिसोबाट बचाउन कम्बल वितरण गरिएको सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेखका संस्थापक अध्यक्ष हीरासिंह थापाले जानकारी दिएका छन्। उनले राउटे समुदायलाई चार महिनामा वितरण गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ता प्रत्येक महिना वितरण गर्न सके समुदायलाई सहज हुने बताए। दैलेखको महावुगाउँपालिका वडा नं. ३ बाँसीको इनेदुला (छामघाट खोलाको किनार) मा अहिले ४६ घरपरिवार का १ सय ७५ राउटे बसोबास गर्दै आएका छन्।

## पाठेघर खस्ने महिलाको उपचार

काभ्रे, (नेस)

पाठेघर र पाठेघर खस्नेसम्बन्धी समस्या भएका महिलालाई 'महिलाको लागि महिला भन्ने' संस्थाले पुऱ्याउँदै आएको सहयोगले धेरै महिला लाभान्वित भएको बताइएको छ।

विगत ११ वर्षदेखि बनेपाको शीर मेमोरियल एड्भेन्टिस्ट् अस्पतालसँग सहकार्य गर्दै हरेकवर्ष त्यस्ता बिरामीको उपचार गर्दै आएको छ। यो वर्ष पनि ३६ जना बिरामीको उपचार गरेको छ। ३६ महिलामध्ये १८ जना महिलाको शल्यक्रिया गरिएको छ।

बिरामीलाई अस्पतालमा ल्याउनुभन्दा अघि संस्थामा रहेका चिकित्सक टोली नेपालका विकट गाउँ, ठाउँमा गई स्वास्थ्य शिविर सञ्चालन गरी पाठेघरसम्बन्धी समस्या भएका महिलाको चेक जाँच र परीक्षण गर्ने र समस्या भेटिएको खण्डमा शल्यक्रियाको लागि बिरामीलाई अस्पतालमा ल्याई शल्यक्रिया गर्ने गरिएको छ। २०१७ नोभेम्बरको भ्रमणमा २ सय ८४ जना महिलाको जाँच गरिएको थियो, जसमध्ये २ ९ जनामा पाठेघर खस्ने समस्या भेटिएको थियो।

## नि:शुल्क प्लास्टिक सर्जरी शिविर

काभ्रे, (नेस)

एड्भेन्टिस् विकास र राहत संस्था जापानद्वारा एक हप्ते तालिम तथा उपचार कार्यक्रम शीर मेमोरियल एड्भेन्टिस् अस्पतालमा सम्पन्न गरेको छ। एड्रा जापान र शीर मेमोरियलको संयुक्त समूहको सहभागितामा हालै गरिएको कार्यक्रममा ४४ जना बिरामीको सफल शल्यक्रिया सम्पन्न भएको छ। एड्रा जापानको समूहले विगत २२ वर्षदेखि नेपालमा प्लास्टिक शल्यक्रिया कार्यक्रम गर्दै आएको छ। अस्पतालमा नाक, कान, घाँटीका डाक्टर सञ्जय मानन्धरको अगुवाइमा र जापानका डाक्टर योशी कावाको सहयोगमा नेपालका धेरै बिरामहीले जीवन परिवर्तन गर्ने अनुभव पाएका छन्।

अस्पतालका प्रमुख परिचालन प्रमुख डा. जोनाथन थोर्पले भने- 'हामी धेरै धन्यवादी र कृतज्ञ छौं कि काभ्रेपलाञ्चोकलगायत अरू जिल्लाबाट आउने धेरै बिरामीले यो शिविरबाट फाइदा पाएका छन्। एड्रा जापानको सहयोगबिना यो कार्य असम्भव नै हुन जान्थ्यो।' एड्रा जापान २०१८ मा फेरि नेपाल आउने उनले बताए।

# विश्व

**पोज**

मंगोलियामा एक स्थानीय उत्सवमा उँटसँग बसेर तस्वीर खिचाउँदै एक युवती। यस पर्वमा उँट दौड, सौन्दर्य प्रतियोगिताको आयोजना हुने गर्छ।



**क्लिक**

लन्डनमा नर्सरी स्कुलमा जानुअगाडि केसिंगटन प्यालेसको खुडकिलामा बसेकी राजकुमारी सेरलट। यो तस्वीर डचेस अफ क्याम्ब्रिजले खिचेकी हुन्।



2018, JAN Monday 15

विश्व २ मिनेट

## अमेरिका

### हेलीको चर्चा

वासिंगटन, (एजेन्सी)

अमेरिकामा सन् २०२० वा २०२४ को राष्ट्रपति चुनावमा रिपब्लिकन उम्मेदवारमा निकी हेलीको नामको चर्चा भइरहेको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले एक वर्षको कामबाटै निकी हेली देश र अन्तर्राष्ट्रिय जगतमा चर्चित बनिसकेकी छिन्। उनले जेरुसलमलाई इजरायलको राजधानीको मान्यता दिने ट्रम्पको निर्णयको बचाउ गरेपछि हेलीको नाम राष्ट्रपतिलाई चर्चामा आएको हो। ट्रम्पको कार्यकाललाई लिएर लेखिएको फायर एन्ड फ्युरीमा ४५ वर्षीय भारतीय मुलकी हेली सन् २०२० मा हुने ह्वाइट हाउसको चुनवामा लड्न चाहेको खुलासा गरेको छ।

## रूस

### परिवर्तन प्रयास अस्विकार

मस्को, (एजेन्सी)

रुसले इरानको परमाणु सम्झौताको समीक्षाका विषयमा अमेरिकाले अगाडि सारेको धारणालाई अस्वीकार गरेको छ। उक्त सम्झौतालाई रद्द गर्ने कुनै पनि प्रयासलाई रोक्नका लागि यथासंभव प्रयास गर्ने रुसले जनाएको छ। रुसका विदेश मन्त्रीले इरान परमाणु सम्झौतामा परिवर्तन गर्न आफ्ना युरोपेली सहयोगीसँगको वार्ता आयोजना गर्ने अमेरिकाको घोषणाबाट रुस चिन्तित रहेको बताए। उनले ती वार्ताले परमाणु सम्झौता र त्यसको सम्पूर्ण स्थितिमा रुसको धारणामा कुनै परिवर्तन नहुने बताए। सन् २०१५ मा इरान र रुस, फ्रान्स, चीन, बेलायत, अमेरिका र जर्मनीले हस्ताक्षर गरेको सम्झौतालाई संशोधन गर्न नसक्ने उनले बताए।

## ट्युनिसिया

### सामाजिक सुधार

ट्युनिस, (एजेन्सी)

केही दिनदेखि विपक्षी राजनीतिक पार्टीहरूबाट भइरहेको विरोध प्रदर्शनलाई सम्बोधन गर्दै आइतबार ट्युनिसियाली सरकारले थुप्रै सामाजिक सुधारका कार्य गर्ने घोषणा गरेको छ। हिजो राष्ट्रपति जिने अल-अवाइडाइन बेन अलीलाई अपदस्थ गरिएको सातौं वार्षिकीको अवसरमा प्रदर्शन भएको छ। सो प्रदर्शनको कारण सरकारको आपतकालीन बैठक बसेको थियो। प्रदर्शनको क्रममा आठ सयजनाभन्दा बढी व्यक्ति पक्राउमा परेका थिए। राष्ट्रपति बेजी काइद एस्सेब्सीको हिजो राजधानी ट्युनिसको प्रदर्शन प्रभावित एउटा जिल्लाको भ्रमण गर्ने कार्यक्रम रहेको थियो।

## पोर्चुगल

### विस्फोट र आगलागी

लिस्वन, (एजेन्सी)

उत्तरी पोर्चुगलको एउटा सामुदायिक केन्द्रमा भएको एक विस्फोटपछिको आगलागीका कारण कम्तिमा ८ जना व्यक्तिको ज्यान जानुका साथै अन्य दर्जनौं घाइते भएको स्थानीय सञ्चार माध्यमले आइतबार जनाएको छ। मेयरका अनुसार भिला नोभा डा राइन्हा उक्त भवनको हिटिंग बोइलर विस्फोट भएपछि आगो लागेको थियो। शौखिन तास प्रतियोगितामा भाग लिन र टेलिभिजनमा फुटबल हेर्न सो केन्द्रमा ६० जनाभन्दा बढी व्यक्तिको उपस्थिति रहेको बताइएको छ। भिला नोभा डा राइन्हा राजधानी लिस्वनदेखि २ सय ६० किमि उत्तरपूर्वमा पर्ने टेन्डेला शहरनजिक पर्दछ।

# क्षेप्यास्त्र हमलाको साइरनले हवाईमा भागदौड मच्चियो




हवाई, (एजेन्सी)

अमेरिकाको हवाई राज्यमा क्षेप्यास्त्र आक्रमणको अलर्टले भागदौड तथा आतंकको स्थिति उत्पन्न भएको बताइएको छ। यद्यपि पछि उक्त अलर्ट गलत भएको थाहा भयो।

राज्य प्रशासनले थाहा पाउँदासम्म ढिलो भइसकेको थियो र नागरिकहरू गलत संदेशलाई साँचिकै आक्रमण भएको ठानेर सुरक्षित स्थानको खोजीमा भागदौड गरेका थिए। राज्यका गभर्नरले उक्त स्थिति १ कर्मचारीले गलत बटन दबाएको कारण आएको जानकारी दिँदै त्यसका लागि माफी मागेका छन्। अमेरिका र उत्तर कोरियासँगको विद्यमान तनावले क्षेप्यास्त्र हमलाको अलर्टलाई नागारिकले साँचो मानेका थिए।

हवाईका नागरिकहरूको मोबाइलमा आएको मेसेजमा भनिएको थियो हवाईमा ब्यालिस्टिक क्षेप्यास्त्रको खतरा। छिटोभन्दा छिटो सुरक्षित स्थानमा पुग्नुहोला। यो अभ्यास होइन।

रेडियो र टेलिभिजनमा पनि यो अलर्ट प्रसारण भएको थियो। उत्तर कोरियाबाट क्षेप्यास्त्र हमलाको धम्कीका कारण हवाईलाई संवेदनशील मान्दै अलर्ट सिस्टम तयार गरिएको थियो। गत डिसेम्बरमा अमेरिकाले परमाणु हमलाको साइरनको पनि परीक्षण गरेको थियो। यो शित युद्ध अन्त्यपछि पहिलोपटक भएको हो।

गभर्नरले उक्त घटनालाई मानवीय गल्ती भएको जानकारी दिए। स्टेट इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सीमा यो गल्ती सिफ्ट परिवर्तनका क्रममा भएको हो। सिफ्ट परिवर्तनका क्रममा एक प्रक्रियामा सबै सिस्टमको जाँच हुने गर्छ। सोही क्रममा एक कर्मचारीले गलत बटन दबाएका थिए।

### ३८ मिनेट भागदौड

अलर्ट प्राप्त भएपछि हवाईका बासिन्दा र त्यहाँ बिदा मनाउन आएकाहरूमा भागदौड मच्चियो। सामाजिक सञ्जालमा राखिएका भिडियोमा एक विश्वविद्यालयका छात्रछात्राहरू आश्रयका लागि कुदिरहेको देखिएका थिए। एक हवाई वासिन्दाले आफ्ना बच्चा र पत्नीलाई लिएर बाथरुममा लुकेको बताए। उनले के गर्ने भन्ने विषयमा केही भन्न नसकेको बताए।

उत्तर कोरियाका क्षेप्यास्त्र तथा परमाणु कार्यक्रम अमेरिकाका लागि एक खतराका रुपमा अगाडि आएको छ। हवाई अमेरिकाको त्यस्तो राज्य हो जुन उत्तर कोरियाबाट सबैभन्दा नजिक पर्छ। गत वर्ष सेप्टेम्बरमा उत्तर कोरियाले छैंठौ परमाणु परीक्षण गरेका थिए। गत महिना स्टार एडवर्टाइजरले एक समाचारमा उत्तर कोरियाले प्रहार गरेको क्षेप्यास्त्र हवाई द्विपमा २० मिनेटमा पुग्ने दाबी गरेका थिए।

हरिवन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हरिवन, सर्लाही

२ नं. प्रदेश, नेपाल

**IT Officer भर्ना सम्बन्धी हरिवन नगरपालिकाको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४/१०/१**

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय ईकाई, सिँहदरबार, काठमाडौंको प. सं. ०७४/०७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धको पत्रानुसार यस नगरपालिकाको लागि देहाय बमोजिमको शर्तहरूको अधीनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेदवारले यस नगरपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

१. **आवेदन दिने अन्तिम मिति** : २०७४/१०/१५ गते कार्यालय समयसम्म
२. **आवश्यक संख्या** : १ (एक)
३. **शैक्षिक योग्यता** : लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCIS, BEIT, BCA, BSc. IT, BSc, CSIT) को उपाधि हासिल गरेको । उमेरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको
४. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण** (TOR): स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को वेभसाईट lgcdp.gov.np को गृहपृष्ठमा उल्लेख भएको सूचनाबमोजिम हुने
५. **संलग्न गर्नुपर्ने कागजातहरू** : व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरू, नेपाल बाहिरको शिक्षा हासिल गरेको हकमा सो प्रमाणपत्रहरू नेपालको विश्वविद्यालयबाट समकक्षता (Equivalence) गरिएको प्रमाणपत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाणपत्रहरू तथा अन्य कागजातहरू ।
६. **आवेदन दिने तरिका** : बुदा नं. ५ मा उल्लेख भएका कागजातहरू एवं बुँदा नं. ७ मा तोकिएको शुल्क नेपाल बैंक, हरिवन, सर्लाहीस्थित यस कार्यालयको नाममा रहेको स्थानीय तह सञ्चित कोष खाता नम्बर १३२०३०००००००४००१००१ मा जम्मा गरी सोको भौचर संलग्न राखी हुलाक, इमेल वा स्वयम् उपस्थित भई आवेदन दिने
७. **आवेदन शुल्क** : रू.१,०००।- (अक्षरेपी एक हजार रूपैयाँ मात्र)
८. **उम्मेदवार छनौटका आधारहरू देहाय बमोजिम हुनेछन् :**

| क्र.सं. | सूचकहरू | पूर्णांक |
|---|---|---|
| १) | शैक्षिक योग्यता | ३० |
| २) | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३) | उम्मेदबारको स्थायी ठेगाना | २० |
| ४) | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रूपमा कार्य गरेको | १० |

९. **पारिश्रमिक** : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोकेबमोजिम मासिक रू. ४०,०००।- ( अक्षरेपी रूपैयाँ चालिस हजार मात्र) ।
१०. **करार अवधि** : २०७५ आषाढ मसान्तसम्म ।
११. **थप जानकारीका लागि सम्पर्क नं.** ०४६-५३०४९९, ९८५४०३४१११, ९८५४०३७४९७
**ईमेल ठेगानाः** harionmunicipality@gmail.com
१२. सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरू प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# पेरूमा शक्तिशाली भूकम्प

लिमा, (एजेन्सी)

पेरुको दक्षिण-पश्चिमी भागमा आइतबार आएको ७ दशमलव १ रेक्टर स्केलबराबरको शक्तिशाली भूकम्पका कारण २ जना मानिसको ज्यान जानुका साथै अन्य पैंसठ्ठीजना घाइते भएको पेरु सरकारले जनाएको छ। स्थानीय समयअनुसार बिहान ४ बजेर १८ मिनेट जाँदा सो भूकम्प आएको बताइएको छ। त्यसको केन्द्रविन्दू प्रशान्त महासागरमा भएको र केन्द्रविन्दूभन्दा ३६ किलोमिटर टाढासम्म कम्पन महशुस भएको अमेरिकी भौगर्भिक सर्भेक्षणले जनाएको छ। शुरूमा पेरुका सरकारी अधिकारीहरूले १७ जना खानी मजदुर हराइरहेको अपुष्ट समाचार सार्वजनिक गरेका थिए।




पेरुका स्वास्थ्यमन्त्री अवेल सालिनासले उद्धार टोली तत्काल क्षतिग्रस्त खानीमा पुगेको जानकारी दिएका छन्। सरकारी सूत्रले केन्द्रविन्दूदेखि करिव २६ किमि टाढाको लोमास शहरमा कम्पन महशुस गरिएको बताएको छ। आरेक्विपाका क्षेत्रीय गभर्नर यामिला ओसोरियाले ट्विट गर्दै भूकम्प आउँदा चटानले किचिएर याउका शहरमा एकजना व्यक्तिको ज्यान गएको बताएका छन्।

त्यसैगरी पेरुको जन सुरक्षा राष्ट्रिय प्रतिष्ठानका प्रमुखले अर्को १ जनाको बेल्ला युनियन शहरमा ढलेको भवनको भग्नावशेषमा पुरिएर मृत्यु भएको बताएका छन्। सोही प्रतिष्ठानले आरेक्विपा, इका र आयाकुचो क्षेत्रमा अन्य ६५ जना घाइते भएको पुष्टि गरेको छ। क्षेत्रीय प्रशासनले यस भूकम्पमा थुप्रै घरहरू भत्केको जनाएको छ।

# कोलम्बियाली ईएलएन समूहद्वारा अपहरण

बोगोटा, (एजेन्सी)

कोलम्बियाको अन्तिम लडाकू समूह इएलएनले सरकारसंगको शान्तिवार्ता भाँडिनुका साथै युद्धविरामको म्याद समाप्त भएपछि एकजना तेल कामदारको अपहरण गरेको छ। प्रहरीले भेनेजुयलाको सिमान नजिकको साराभेना स्थित एउटा कार्यालबाट ती व्यक्तिलाई आइतबार अपहरण गरिएको पुष्टि गरेको छ।




संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस कोलम्बियाको भ्रमणमा रहेको बेला यो घटना घटेको हो। अन्य आक्रमणको कारण गतसाता सरकारले इएलएनसंगको शान्ति वार्ता तोडेको थियो। महासचिव गुटेर्रेसको कोलम्यिाली राष्ट्रपति हुवाँ म्यानुयल सान्तोस र कोलम्यिास्थित संयुक्त राष्ट्र संघीय मिसनका सदस्यहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।

इएलएनसंगको शान्ति वार्ता पुनः इक्वेडरमा शुरू गर्ने योजना बनाइएको थियो। तर एउटा पाइ लाइन नौसैनिक अखडामा इएलएनले गरेको आक्रमणको कारण र युद्ध विराम बिस्तार गर्ने सहमति बनिसकेको थिएन। राजनीतिक विशलेषकहरूले संयुक्त राष्ट्रसंघको दबाबका बाजुद पनि यो समस्यामा कुनै परिवर्तन नआउने अनुमान गरेका छन्।

सन् २०१६ को नोभेम्बरमा सबैभन्दा ठूलो लडाकू समूह रिभुलुस्नरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (फार्क) संग सरकारको शान्ति सम्झौता सम्पन्न भइसकेकाले इएलएनसंगको सहमतिसंगै कोलम्बियाको सम्पूर्ण द्वन्द्व टुंगिने आशा गरिएको हो।

# पिताको हत्या गर्न बम अर्डर गर्ने युवकलाई जेल

लन्डन, (एजेन्सी)

बेलायतको एक अदालतले भारतीय मूलका एक युवकलाई ८ वर्षको सजायँ सुनाएको छ। उनले आफ्नै पिताको हत्याका लागि अनलाइनमा विस्फोटक पदार्थ किन्ने प्रयास गरेका थिए। ती युवकका पिताले उनका गोरा प्रेमिकासँगको सम्बन्धलाई स्विकृति दिन अस्वीकार गरिरहेका थिए।

बेलायतको राष्ट्रिय अपराध एजेन्सीका अधिकारीहरूले गत वर्ष मेमा युवक गुरतेज सिंह रन्धवालाई पक्राउ गरेका थिए। गुरतेजले एक कारबम अर्डर गरेका थिए, तर अधिकारीहरूले उनलाई हस्तान्तरण अगाडि नै त्यसलाई डमीमा परिणत गरेका थिए। बर्मिंघम क्राउन अदालतले सन् २०१७ मा गुरतेजलाई अरूको जीवन खतरामा पारेको र गम्भिर रुपमा घाइते बनाउने उद्देश्यले विस्फोटक राखेकोमा दोषी ठहऱ्याइयो। अदालतले गत शुक्रबार सजायँसम्बन्धी फैसला सुनाएको थियो। न्यायाधीष बीचमा ग्रबले सुनुवाइका क्रममा गुरतेजलाई भने (प्रेमिकासँग विश्वविद्यालयमा सँगै पढाइ गर्न उद्देश्यले यो अपराध गरेको हो भन्नेमा मलाई कुनै शंका छैन।

गुरतेजले क्रिप्टोकरेन्सीको माध्यमबाट बमका लागि भुक्तानी गरेका थिए। बम पुऱ्याउनका लागि घरबाट केही दूरीमा पर्ने ठेगाना दिएका थिए। उनका पिताले आफ्नी प्रेमिका गोरा भएकैले अस्वीकार गरेकोमा उनको असन्तुष्टि रहेको थियो।

# पुरुष मोडलसामू हस्तमैथुन गर्ने फोटोग्राफर !

न्युयोर्क सिटी, (एजेन्सी)

विश्व चर्चित फेसन फोटोग्राफर मारियो टेस्टिनो र ब्रुस वेवरलाई पुरुष मोडलहरू र आफ्ना सहायकहरूलाई यौन उत्पीडन गरेको आरोप लगाइएको छ। अमेरिकाको न्युायोर्क टाइम्स अखबारमा छापिएको एक लेखमार्फत यिनीहरूलाई यस्ता थुप्रै आरोप लगाइएको छ।

फेसनसम्बन्धी विश्व विख्यात भोगलगायतका अन्य पत्रिकाका प्रकाशक कोनडे नास्टले टेस्टिनो र वेवरका सम्पूर्ण तस्वीर नछाप्ने निर्ण गरिसकेको छ। वेवरले यस आरोप ठाडै अस्वीकार गरेका छन्।

टेस्टिनोका वकिलले भने- 'उनलाई आरोप लगाउने श्रोतहरू भरपर्दो नभएको स्पष्ट पारेका छन्।' वेवेरले आफ्नो वकिलमार्फत उक्त न्युयोर्क टाइम्सलाई पठाएको एक पत्रमा भनिएको छ, 'म माथि लगाइएका लज्जास्पद आरोपहरूबाट दुखी र स्तब्ध भएको छुँ। म ती आरोपलाई सिधै अस्वीकार गर्दछुँ।'

यसैगरी विगतमा केट मोस, म्याडोना, मिचेल ओवामा र शाही परिवारका सदस्यहरूसँग काम गरेका ६३ वर्षीय टेस्टिनो विरुद्ध यौन उत्पीडन गरेको भन्दै १३ जना मोडल र सहायकहरूले अभियोग लगाएका छन्।

नब्बे दशकको मध्यदेखिको आरोपमा टेस्टिनोले ती पुरुषका संवेदनशील अंग समाउने र हस्तमैथुन गर्ने गरेको उल्लेख गरिएको छ। गुस्सी कम्पनीका लागि मोडलिङ गर्ने ग्यान लोकेले टेस्टिनोलाई यौन आक्रमणकारीको संज्ञा दिएका छन्। अर्का सहायक रोमान ब्यार्रेटले सधैं यौन उत्पीडन गर्ने टेस्टिनोले आफ्नैसामू हस्तमैथुन गरेको दाबी गरेका छन्।



भ्रमणका क्रमम

# आज माघे संक्रान्ति

काठमाडौं, (नेस)

आज सोमबार माघे संक्रान्ति पर्व मनाइँदै छ। माघ १ गतेबाटै सूर्य उत्तरायण हुने भएकाले अबदेखि दिनभन्दा रात छोटा हुँदै जान्छन्।

काठमाडौंको शालीनदी, पशुपतिनाथ यस्तै देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका ठाउँमा माघ स्नान गर्ने भक्तजनको घुईंचो लाग्ने गर्छ। तराईका बासिन्दाले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन्। माघे संक्रान्तिमा घ्यु, चाकु, तिलका परिकार, तरुल, पालुङ्गो, खिचडी खाने चलन छ। यी परिकारले जाडोमा न्यानो र ऊर्जा दिने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो।

यस्तै थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ मनाउने गर्छन्। थारु समुदायले आज स्नान, दान, एवम् खानपिन र रमाइलो गरेर माघी पर्व मनाउँदै छन्। आजदेखि पाँच दिनसम्म धुमधामका साथ तराई क्षेत्रमा यो पर्व मनाइन्छ। सूर्य उत्तरायण प्रवेश गर्ने दिन माघ १ गतेदेखि थारु समुदायले जलाशयमा गई स्नान, पूजा गरी ठूलाबडामार्फत आशीर्वाद लिने गर्दछन्।

## माओवादी केन्द्रले माग्यो २ मुख्य मन्त्री

# ४ प्रदेशसभाको सभामुख

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेश सभा सरकार गठन गर्दा नेकपा माओवादी केन्द्रले दुई मुख्यमन्त्री र चार प्रदेशसभाको सभामुख पाउनुपर्ने प्रस्ताव अगाडि सारेको छ। माओवादीको प्रस्तावका बारेमा छलफल गरेर मात्र जवाफ दिने एमालेका नेताहरूले जवाफ दिएका छन्।

एमाले संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको प्रदेश सभा गठनका लागि गृहकार्य गर्न बनेको कार्यालयको बैठकमा माओवादी नेताहरूले एमालेले चार र आफूहरूले दुई मुख्यमन्त्री लिने गरेका हुन्। एमालेले मुख्यमन्त्री लिएको ठाउँमा माओवादीलाई सभामुख र माओवादीले मुख्यमन्त्री लिएको प्रदेशमा एमालेले सभामुख लिने प्रस्ताव माओवादीले अघि सारेको छ। एमाले र माओवादीको ६ वटा प्रदेशमा बहुमत छ। प्रदेश २ मा भने मधेस केन्द्रित दलको बहुमत पुगेको छ। माओवादीले राष्ट्रियसभामा भने मतका आधारमा सिट बाँडफाँट गर्ने माओवादी प्रस्ताव रहेको बताइएको छ।

बैठकपछि एमाले नेता एवं कार्यदलका संयोजक सुवास नेम्वाङले शीर्ष नेताहरूसँग परामर्श गरेर मात्र टुंगो लाग्ने बताउनुभयो। माओवादी केन्द्रका नेता वर्षमान पुनले प्रारम्भिक प्रस्ताव आएको छलफल गरेर मात्र टुंगोमा पुग्ने सहमति भएको बताउनुभयो। ... हामीले सिटहरूका बारेमा प्रारम्भिक छलफल र प्रस्तावहरू राखेका छौं, सातवटै प्रदेशमा रहेको मतको अध्ययन गर्‍यौं, प्रदेश मुख्यमन्त्री, सभामुख उपसभामुखको के हुन सक्छ भनेर छलफल शुरू भएको छ -उहाँले भन्नुभयो।

राष्ट्रियसभाको सिट बाँडफाँट र प्रदेश सरकार गठनका लागि गृहकार्य गर्न एमाले र माओवादीले ६ सदस्यीय कार्यदल गठन गरेको थियो। प्रदेश सभा निर्वाचनको परिणामअनुसार १, ३, ४ र ५ एमाले तथा ६ र ७ मा माओवादी केन्द्रले लिने भद्र सहमति भएको बताइएको छ।

# समाचारपत्रकर्मी क्षत्रीलाई पितृशोक

काठमाडौं, (नेस)

नेपाल समाचारपत्रकर्मी नन्दगोपाल क्षत्रीलाई पितृशोक परेको छ। शनिबार राति नौ बजे ८१ वर्षीय राजबहादुर क्षत्रीको चावहिलस्थित निवासमा निधन भएको हो। केही समय अघिदेखि हाइड्रोसिलबाट पीडित स्व.राजबहादुरको शनिबार राति नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जनाएको छ। स्व.राजबहादुरको परिवारमा नन्दगोपाललगायत ६ छोरा, ५ छोरी र श्रीमती हुनुहुन्छ।

# वाल यौन दुराचार अभियोगमा जर्मन नागरिक पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले एक विदेशी बाल यौन दुराचारीलाई आइतबार काठमाडौंबाट पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान व्यूरोको टोलीले शनिबार काठमाडौंको भोटेबहालबाट ६३ वर्षीय जर्मन नागरिक हान्स जर्जेन गुवेव डाहामलाई पक्राउ गरेको हो। उनले नाबालकलाई विभिन्न प्रलोभनमा पारी यौन दुराचार गर्ने गरेको पीडितका आफन्तले उजुरी गरेपछि प्रहरीले पक्राउ गरेको हो। अभियुक्त भोटेवहालस्थित एक घरमा भाडा लिई बस्दै आएका थिए। अभियूक्तलाई बाल यौन दुराचार कसुरअन्तर्गत काठमाडौं जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान शुरूगरिएको प्रहरी प्रधान कार्यालय केन्द्रिय अनुसन्धान व्यूरोले जानकारी दिएको छ। जबर्जस्ती करणी महलअन्तर्गत बालयौन दुराचार अपराधमा अधिकतम १३ वर्ष कैद सजाय तथा पीडितलाई मनासिव माफिकको क्षतिपूर्ति समेत भराउने व्यवस्था छ। प्रहरीले ती दुई बालकको उद्धार गरेको जनाएको छ।

# ठगीको अभियोगमा ६ जना समातिए

काठमाडौं, (नेस)

नेपालस्थित विभिन्न राजदूतावासमा जागिर लगाइदिने प्रलोभन देखाइ लाखौं रुपैंया ठगी गर्ने मुख्य नाइके रमानन्द नौनियासहित ६ जनालाई प्रहरीले शनिबार पक्राउ गरेको छ। महानगरीय प्रहरी अपराध महाशाखाका अनुसार पक्राउ पर्नेमा राजवीराज-२ का मुख्य नाइके नौनियासहित दोलखा सुरी गाउँपालिकाका सन्तोष कार्की, सोही ठाउँका विनोद कार्की, काभ्रे नाग्रे गागर्चेका पदमबहादुर श्रेष्ठ, रामेछाप दोरम्बाका चित्रबहादुर श्रेष्ठ र काठमाडौं महाराजगन्जकी गीता महर्जन रहेका छन्। नौनियाले नेपालस्थित विभिन्न दूतावासमा राम्रो जागिर लगाइदिने प्रलोभन देखाई झण्डै ६० जनासँग ३ लाखदेखि ५ लाख रुपैंयासम्म रकम असुलेको महाशाखाद्वारा जारी बिज्ञप्तीमा जनाइएको छ। काठमाडौं जिल्ला अदालतले थप अनुसन्धानका लागि ७ दिनको म्याद थपी अभियुक्तहरूलाई आइतबार महानगरीय प्रहरी परिसर, टेकु पठाएको बताइएको छ।

# आईओएमको निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)

एमबीबीएसको आरक्षित सिटलाई सहुलियतमा परीणत गर्ने चिकित्सा शिक्षा अध्ययन संस्थान (आईओएम) को निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले आइतबार अन्तरिम आदेश दिएको छ।

यही माघ ७ गते दुवै पक्षलाई बहसमा बोलाइएकोले त्यस अवधिसम्म आईओएमको सूचना कार्यान्वयन भनिएको छ। आइओएम डिन कार्यालयले यस वर्ष आरक्षण कोटाका लागि कुनै पनि विद्यार्थीको प्रमाण र आधार नपुगेको भन्दै सामान्य कोटामा परिणत गरिएको सूचना पुस २५ गते प्रकाशन गरेको थियो। उक्त सूचना विरुद्ध अजयकुमार पासीले रिट दायर गर्नुभएको थियो।

आईओएमले यही पुस २५ गते आरक्षित सिटका लागि निर्धारण गरेको मापदण्ड पुरा नभएको कारण देखाई सहुलियत सिटमा परीणत गरी ओपन हाउस काउन्सिलिङमार्फत भर्ना गर्ने सूचना प्रकाशित गरेको थियो। त्यसविरुद्ध अजयकुमार पासीले सर्वोच्चमा रिट दायर गराउनुभएको थियो।

रिटमा प्रारम्भिक सुनुवाई गर्दै न्यायाधीश मीरा खड्काको इजलासले आइतबार शिक्षा मन्त्रालय, आईओएम लगायतका विपक्षीसँग लिखित जवाफ समेत मागेको छ।

# दुर्घटनामा सहचालकको मृत्यु

मुगु, (नेस)

सदरमुकाम गमगढीमा आइतबार साझ भे १ त नम्बरको टयाक्टर पल्टिदा छायाँनाथ रारा नगरपालिका १० गाडाँपानि घर भएको बर्ष २३ का डवल बढुवालको दुर्घटनाको क्रममा मृत्यु भएको छ।

टयाक्टर सदरमुकाम गमगढिबाट सूर्खेत लिने क्रममा सदरमुकाममा रहेको ट्राफिक प्रहरी कार्यालय बाट ५० मिटर टाढाको दूरीमा दुर्घटना भएको थियो। उपचारका क्रममा सहचालक बढुवालको मृत्य भएको ट्राफिक प्रहरी हवल्दार कुशराज शाही बताउँछन्। साघुरो सडकका कारण मुगुमा सडक दुर्घटना हुनेको गरेको छ।

# कहाँ छन् इजाजत प्राप्त ३६ हतियार ?

**नेपाल समाचारपत्र**

हेटौंडा

जिल्ला प्रशासन कार्यालय मकवानपुमा ४८ वटा इजाजतप्राप्त हतियार दर्ता भएकोमा आठ वटाको मात्र नवीकरण भएको छ।

यहाँका ३६ वटा हतियार नवीकरण भएका छैनन्। जिल्ला प्रशासन मकवानपुरको अभिलेख हेर्ने हो भने प्रत्येक वर्ष इजाजतप्राप्त हतियार नवीकरण संख्या घट्दो देखिन्छ। प्रशासनको तथ्यांकमा आव २०७७/०७८ सम्म नवीकरण गर्ने हतियारधारी पनि भेटिएका छन् भने कसैले आव २०६२/०६३ देखि नवीकरणमा चासो नदेखाएको देखिएको छ।

मकवानपुर प्रशासनमा दर्ता भएको हतियार राख्नेहरूमा सरकारका उच्च अधिकारी, राजनीतिकलगायत व्यक्ति छन्। व्यक्तिगत सुरक्षाका लागि जिल्ला प्रशासनमा दर्ता गरेर हतियार राख्न सकिने प्रावधान छ। त्यही प्रावधानअनुसार उनीहरूले हतियार राखेका छन्। तर, नवीकरण गर्न ध्यान दिएको देखिँदैन। नवीकरण नभएको हतियार कहाँ छन्, कुन अवस्थामा छन् भन्ने चासो स्थानीय प्रशासनले देखाएको छैन।

व्यक्तिगत सुरक्षाका लागि दर्ता गरेर हतियार राख्ने तर नवीकरणमा नगर्दा सुरक्षा व्यवस्थानमा समस्या आउने प्रहरी बताउँछ। मकवानपुरबाट दर्ता भएका हतियार अन्य जिल्लामा लैजाँदा यसले सामाजिक सुरक्षमा चुनौती थपिने हुन्छ।

मकवानपुर प्रशासनमा राइफल र एकनाले टोटा बन्दुकलगायत विभिन्न प्रकारका हतियार दर्ता छन्। हतियार राख्ने अनुमति लिने व्यक्तिले ५ वर्षसम्म नवीकरण नगरे स्वत: अवैध हुने प्रावधान रहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले बताउनुभयो। उहाँले पाँच वर्षसम्म हतियार नवीकरण नगर्नेलाई हतियार तथा खरखजाना ऐनअन्तर्गत् कारबाही हुने व्यवस्था छ। उहाँ भन्नुहुन्छ- इजाजतप्राप्त हतियार नवीकरण नहुँदा सुरक्षा व्यवस्थामा समस्या हुन्छ।

हातहतियार तथा खरखजाना मुद्धा प्रमुख जिल्ला अधिकारीले सुन्ने र फैसला गर्ने परिपाटी छ। यो समस्याको एक मूल हो। यस्ता मुद्धामा राजनीतिक दलका नेता, कार्यकर्तासमेत हुने गर्दछन्। जिल्लास्तरीय राजनीतिक दलका नेता र प्रजिअको सम्बन्ध नङ र मासुको हुने भएकोले अपराधी उम्कने गर्दछन्। त्यसैले यस्ता मुद्धाहरू प्रजिअको अधिकार क्षेत्रबाट हटाएर न्यायालयको परिधिभित्र ल्याउन जरुरी रहेको कानुनविद् बताउँछन्।

हालको व्यवस्थाअनुसार हतियार मुद्धामा तीनदेखि सात वर्षसम्म कैद वा ६० हजार देखि १ लाख ४० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय तोकिएको छ। साना हतियारको हकमा भने तीन वर्षदेखि पाँच वर्षसम्म सजाय वा ६० हजारदेखि एक लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय गर्नसक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई छ। तर, हतियारका अवैध व्यापारीका लागि यी प्रावधानहरू सामान्य भएका छन्। आपराधिक घटनामा अवैध साना हतियारको प्रयोग बढ्दो देखिएको छ। नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका अनुसार साना हतियारको आडमा हत्या, अपहरण, चन्दा तथा फिरौती असुली, लुटपाटलगायत आपराधिक घटना हुने गरेको हो।

पछिल्लो पाँच वर्ष अवधिमा कट्वा पेस्तोल, रिभल्बरलगायत साना हतियारको आडमा आपराधिक घटनामा संलग्न ८ सय २६ अभियुक्त पक्राउ परेका छन्। विभिन्न आपराधिक घटनामा संलग्न अभियुक्तको साथबाट पाँच वर्ष अवधिमा प्रहरीले ७ सय २६ थान पेस्तोल बरामद गरेको छ। उक्त अवधिमा १ लाखभन्दा बढी अपराधका उजुरी प्रहरीसमक्ष दर्ता भएकोमा ३० प्रतिशतमा अवैध हतियार प्रयोग भएको देखिन्छ।

रिसइवी, प्रतिशोध, आर्थिक आर्जन, प्रलोभनलगायत विभिन्न कारण युवा उमेरमा कतिपय व्यक्ति साना हतियार प्रयोगमा लाग्ने गरेको पाइएको अनुसन्धानमा संलग्न अधिकारी बताउँछन्।

खुला सीमाका कारण भारतबाट पेस्तोल, रिभल्बरलगायत हतियार अनधिकृतरुपमा भित्रने गरेका कारण त्यसविरुद्ध प्रहरीले सक्रियता बढाइरहेको प्रहरी दाबी छ। अवैध हतियारको आडमा सबभन्दा बढी अपराध हुने स्थानमा मध्यक्षेत्र रहेको प्रहरी तथ्यांकले देखाएको छ।

# एक महिनादेखि पर्वत जिल्ला अस्पतालको अप्रेसन सेवा ठप्प

**दुर्गाप्रसाद शर्मा, पर्वत**

जिल्ला अस्पतालमा एक महिनादेखि अप्रेसन सेवा अवरुद्ध हुँदा विरामीहरू समस्यामा परेका छन्।

अप्रेसनका लागि एनेस्थेसियोलोजिस्ट चिकित्सकको अभाबका कारण सेवा प्रभावित बनेको हो।

अप्रेशन सेवा प्रभावित भएपछि सुत्केरी नहुँन नसकेका गर्भवती एपेन्डिसाइटीस, हर्निया, हाइडोसिल लगायत बिरामीलाई अप्रेसनको लागि छिमेकी जिल्ला बागलु तथा पोखरा तर्फ रिफर गर्ने गरिएको जिल्ला अस्पताल पर्वतले जनाएको छ।

अप्रेसनका लागि एनेस्थेसियोलोजिस्ट अभाव भएपछि अप्रेसन सेवा एक महिनादेखि बन्द भएको जिल्ला अस्पताल पर्वतका प्रमुख डा. बुद्धिबहादुर थापाले बताउनुभयो। उहाँले अप्रेसन गर्ने प्रसूति सेवालाई तत्कालै अन्यत्र पठाउन बाध्य भएको र अन्य सेवामा भने चौबीसै घण्टा सेवा दिन सकेको स्विकार गर्नुभयो। अप्रेसन सेवा सञ्चालनका लागि एनेस्थेसियोलोजिस्ट चिकित्सक अन्यत्र सेबा सुबीधा बढी पाएपछि गएकोले सेवा पनि ठप्प भएको हो।

जिल्लाभरिनै एक मात्र अप्रेसन सेबा शुरू गरेको जिल्ला अस्पताल पर्बतमा जिल्लाका ५ गाउँपालिका तथा २ नगरपालिकाका बासिन्दाले स्वास्थ्य सेवा लिने गर्छन्। यहाँ दैनिक १ सय भन्दा बढी बिरामी उपचारका लागि आउने गर्छन्। मासिक कम्तिमा ५ देखि ७ जनाको अप्रेसन हुने गरेकोमा त्यो सेवा रोकिएपछि बिरामीले सास्ती खेप्नुपरेको हो। अप्रेसन सेवा शुरू भएको जानकारी प्रचार शैलीमा गरिए पनि बन्द भएको जानकारी कसैलाई पनि थिएन। करार सेवाका लागि पुन आवश्यकता खुलाउने तयारी भएकोले सेवा नभएको जानकारी नगराईएको थापाले बताउनुभयो। रक्त संकलन केन्द्र पनि नभएकाले अप्रेसनमा समस्या छ।

सम्पर्कमा रहने व्यक्तिबाट तत्कालै रगत दिने सर्तमा मात्र अप्रेसन सेवा गरिएको भएपनि एक महिनादेखि सेवा रोकिएपछि रगत दिने व्यक्तिहरू पनि सम्पर्कमा राख्न नसकिएको उहाको भनाइ छ। अप्रेसन मात्र नभएर जिल्ला अस्पताल पर्बतले बिरामीलाई दिने सेबामा समेत गुनासो आउने गरेको छ। अप्रेसन सेबा शुरू भएपछि अहिले सम्म ३५ भन्दा बढीले प्रसुती सेबा लिएको तथ्यांक छ।

## पार्टी...

खनाल र नेपाल दुवै जना पूर्वप्रधानमन्त्री हुन्। वाम गठबन्धनले वैचारिक राजनीतिक र सैद्धान्तिक विषयको टुंगो लगाउन पनि थप कार्यदल गठन गर्ने भएको छ। दुवै कार्यदलले गृहकार्य गरेपछि एकता संयोजक समितिले नै अन्तिम निर्णय गर्नेछ।

नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनालले पार्टी एकताका लागि दुईवटा कार्यदल गठन गर्ने तयारी भइरहेको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'दुईवटा कार्यदल बनाउँछौं, संगठनात्मक संरचना बनाउने कार्यदल अर्को राजनीतिक वैचारिक, सैद्धान्तिक कार्यदल, दुई कार्यदलले पार्टी एकताको लागि प्रतिवेदन पेस गर्छन्, एकता संयोजक समितिको बैठकले अन्तिम रूप दिन्छ।'

सकेसम्म नयाँ सरकार गठन अघि नै पार्टी एकताको प्रक्रिया टुंगो लाग्ने उल्लेख गर्दै उहाँले सरकार गठन र पार्टी एकीकरण आ-आफ्नो ढंगले अगाडि बढ्ने बताउनुभयो। 'पार्टी एकताको प्रक्रिया समझदारी, सोच हाम्रो प्रतिबद्धताअनुसार अगाडि बढ्छ, सरकार गठनको प्रक्रिया संविधानअनुसार अगाडि बढ्छ' -नेता खनालले भन्नुभयो। नयाँ बन्ने पार्टीका अध्यक्ष प्रचण्ड नै हो भन्ने विषयमा अझै समझदारी जुट्न नसकेको बताउँदै उहाँले पार्टी एकतामा हुनेमा कुनै आशका नरहेको बताउनुभयो।

## राष्ट्रिय...

माघ ७ गते आउन एक साता मात्र बाँकी रहँदा समेत सरकारले प्रदेश प्रमुख नियुक्ती गर्न सकेको छैन। सरकारले राजनीतिक दलहरूको सहमतिमा मात्र प्रदेश प्रमुख नियुक्ती गर्ने तयारी गरिरहेको भन्दै थप दलहरूसंग थप छलफल गर्नुपर्ने जनाउँदै आएको छ। प्रदेश प्रमुख र प्रदेशको अस्थायी मुकाम तोक्न भन्दै पटक पटक मन्त्रिपरिषद्को बैठक बसेपनि राजनीतिक सहमतिको अभावमा प्रदेश प्रमुख नियुक्ती गर्न सकेको छैन।

यसैबीच आयोगले राष्ट्रिय सभाको निर्वाचनको तयारी, अहिलेको जटिलताका विषयमा छलफल गर्न राजनीतिकका शीर्षस्थ नेताहरूलाई आयोगमा बोलाएको छ। दलहरूसंग छलफल गरेर अगाडिको बाटो तय गर्ने उल्लेख गर्दै आयोगका प्रवक्ता नवराज ढकालले सरकारले चाँडो चाँडो प्रदेश प्रमुख नियुक्ती गर्नेमा आयोग विश्वस्त रहेको बताउनुभयो।

## धुवाँधुलो...

वातावरणीय विकास तथा संरक्षण कानून मञ्चका तर्फबाट अधिवक्ता पदमबहादुर श्रेष्ठले पुस १० गते विपक्षिको नाममा परमादेश जारी गर्न माग गर्नुभएको थियो। निर्माण कार्य अघि बढाउँदा बाताबरण प्रदुषण बढेकाले फोहरमैला हटाई सडक सफा राख्नु भन्ने विपक्षीको नाममा परमादेश जारी गर्न माग गर्नुभएको थियो।

## गाउँपालिका...

गाडी अति विकट भिरबाट करिव ५ मिटर तल अरूण नदी बगरमा खसेको र दुर्घटनामा परेका सवै जनाको सव जिपको झ्याल काटेर उनीहरूको शव झिकिएको प्रहरी निरिक्षक बेदप्रसाद गौतमले बताउनु भयो।

उहाले दुर्घटनाको जानकारी पाउन साथ प्रहरी टोली घटना स्थलमा पुगेका र स्थानियवासी र प्रहरीको टोलीले मृतकको सव निकालीएको बताउनु भयो दुर्घटनामा परेका सवैको सव क्षत विक्षत अवस्थामा रहेको बताउनु भयो। उहाले दुर्घटना सडक साघुरो र चिप्लीएर भिरबाट खसेको हुन सक्ने आशंका गर्नु भयो। प्रमुख जिल्ला अधिकारी शिवराज जोशीका अनुसार सदरमुकाम खाँदबारीबाट चिचिला गाउपालीका र मकालु गाउ पालीकामा भुकम्पीय एक दिने अनुशिक्षण कार्यक्रम सकेर भोली सोमवार भोटखोलाको गोलामा कार्यक्रम सञ्चालनकालागी जादै गर्दा दुर्घटना भएको बताउनु भयो।

उहाले भुकम्प पुननिर्माण सम्बन्धि तालिम दिन उनीहरू काठमाडौबाट जिप लिएर संखुवासभा आएका थिए। जिप स्थानीय विकास मन्त्रालय अन्तरगत भुकम्पीय आवास पुन निर्माण आयोजनाको रहेको प्रमुख जिल्ला अधिकारी जोशीले बताउनु भयो। घटनास्थल सदरमुकाम खाँदबारीबाट करिव ७० किलोमिटर उत्तरमा रहेको छ। यो सडक खण्डमा करिव २ महिना अघिमात्र ट्र्याक खोलिएको सडक कार्यालयले जनाएको छ।

# सेनाको रगतले डोटीमा सुत्केरीको ज्यान बच्यो

**विमल विष्ट, डोटी**

नेपाली सेनाका एकजना सैनिकले दानगरेको रगतले डोटीमा एक सुत्केरी महिलाको ज्यान जोगिएको छ। डोटीको सिलगढीमा तैनाथ रहेको रुद्रध्वज गणका नायक टंकबहादुर कट्वालले दानगरेको रगतका कारण डोटीको बोगटान गाउपालिका ६ गगुडाकी २२ बर्षिया सानु बमको ज्यान बचेको हो।

सुत्केरी गराउन दिपायल पिपल्ला स्थित शैलेस्वरी अस्पालमा भर्ना हुन आउनु भएकी बमको शरिरमा रगतको मात्रा कम हुदा ज्यान जोखिममा परेको थियो। सो गणका नायक कट्वालले रगत दानगरेपछि अहिले सानु बमको ज्यान बचेको शैलेस्वरी अस्पतालका निर्देशक आईजंग कुँवरले बताउनु भयो। उहाँले भन्नुभयो -...सानु जी को ... प्रिमियस सि एस गरेर बच्चा निकाल्नु पर्ने भएको थियो उहाँको शरीरमा रगतको मात्रा निकै कमि थियो, रगत नपाउदा ज्यान नै खतरामा पर्ने भएपछि हामीले सैनिकसंग रगत माग्यौ र उहाँ लगायत बच्चाको सफल शल्यक्रिया गरेर ज्यान जोगाउन सफल भएका छौ।

नायक कट्वालले एकपिन्ट रगत दान गरेका थिए। डोटी लागयत यहाँका पहाडी जिल्लाहरूमा रगतको आवश्यकता परेमा स्थानियबासीहरू नेपाली सेनाका ब्यारेकमा धाउने गरेका छन्। सेनाले आफु मातहतका सबै सैनिक कर्मचारीहरूको रगत ग्रुप पहिले नै पत्ता लगायर राख्ने भएको र आबश्यक परेको समयमा तत्कालै दिन सक्ने भएकाले स्थानियहरू रगतका लागि सेनाका ब्यारेकमा धाउने गरेको रुद्रध्वज गणका गणपती बिस्वराज कोईरालाले बताउनु भयो।

उहाँले भन्नुभयो- ... हामीले सकल दर्जाको बल्ड ग्रुप छुट्टयाएर राखेका हुन्छौ, जस्लाई जतिबेला आवस्यक पर्छ दिन सकिने भएकाले पनि स्थानियहरू हामीकहाँ नै बढी रगत माग गर्न आउछन्। सो ब्यारेकका सैनिकले डोटीमा रगतदान गरेर अहिले सम्म करिब एक दजर्न बढीको ज्यान बचाई सकेको गणको रगतदान रेकर्डमा उल्लेख गरिएको छ।

**नेपाल सरकार**

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**सडक विभाग**

**रानी विराटनगर इटहरी धरान सडक योजना**

**इटहरी, सुनसरी**

**प्रकाशित मितिः २०७४/१०/०१**

**घर टहरा हटाउने सम्बन्धी सूचना ।**

सार्वजनिक सडक ऐन २०३१ को दफा ३ बमोजिम २०३४।०३।२० को राजपत्रमा प्रकासित सूचना बमोजिम जोगवनी धरान धनकुटा ( कोशी राजमार्ग ) राजमार्गको सडक सिमा सडकको केन्द्र रेखाबाट २५।२५ मिटर दाया बाया दुवैतर्फ तोकिएको र हाल सो दुहवी धरान सडक खण्ड ६ लेनको सडकमा विस्तार भैरहेकोले सो खण्डमा सडक सिमा भित्र रहेका स्थायी तथा अस्थायी संरचना १५ दिन भित्र हटाउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजना प्रमुख**



# अर्थ

2018, JAN
Monday
15

{ सरकारले वीरगञ्ज भन्सारमा मात्र नभई पूर्वका जिल्लामा क्लिंकर आयात हुने नाकाको समेत विकल्प खोज्ने तयारी गरिरहेको सैंजुले बताउनुभयो। क्लिंकर खन्याउन नेपालभित्रै विकल्प खोजिएपछि आयात हुने अनुमान गरिएको छ।

# क्लिंकर झार्न नयाँ बन्दरगाह

हेमन्त जोशी, काठमाडौं

सिमेन्ट उत्पादनको मुख्य कच्चा पदार्थ क्लिंकर भन्सार नाकामा झार्दा प्रदुषण बढ्दै गएको भन्दै रक्सौलका स्थानीयले विरोध जनाउन थालेपछि सरकारले भारतबाट ल्याइएको क्लिंकर नेपालभित्रै खन्याउने तयारी गरेको छ।

भन्सार नाकामा क्लिंकर झार्दा प्रदुषण बढ्दै गएको भन्ने भारतीय नागरिकको विरोधपछि वीरगन्ज भन्सारमार्फत् हाल क्लिंकर आयात ठप्पजस्तै भएको छ।

वाणिज्य मन्त्रालयका प्रवक्ता रविशंकर सैंजुले वीरगन्जमा देखिएको समस्यालाई समाधान गर्न नेपालभित्रै भन्सार नाकाबाट ४/५ किलोमिटरको दूरीमा क्लिंकर खन्याउने व्यवस्था गर्न लागिएको बताउनुभयो। भन्सारमा देखिएको समस्यालाई समाधान गर्नका लागि वाणिज्य मन्त्रालयले नेपालभित्रै क्लिंकर झार्न सुहाउँदो सुख्खा बन्दरगाहको छनोटका लागि एक टोली वीरगन्ज पठाएको छ। उक्त टोलीले २ वटा स्थानलाई सुख्खा बन्दरगाहका लागि छनोट गरेको प्रवक्ता सैंजुले बताउनुभयो।

क्लिंकरको धुलोले प्रदूषण भएको भन्दै रक्सौलका बासिन्दाले नेपालले आयात गरेको क्लिंकर झार्न नदिएपछि मुलुकभरका सिमेन्ट कारखानालाई असर परेको थियो। वीरगन्ज क्षेत्र वरपर रहेका एक दर्जनभन्दा बढी सिमेन्ट कारखाना भने पूर्ण रूपमा बन्दको स्थितिमा पुगेको व्यवसायीले बताउँदै आएका छन्।

सरकारले वीरगन्ज भन्सारमा मात्र नभई पूर्वका जिल्लामा क्लिंकर आयात हुने नाकाको समेत विकल्प खोज्ने तयारी गरिरहेको सैंजुले बताउनुभयो। क्लिंकर खन्याउन नेपालभित्रै विकल्प खोजिएपछि आयात हुने अनुमान गरिएको छ। 'लोड अनलोड' का लागि विकल्प खोजिए पनि भन्सार जाँजपास भने साविककै भन्सार कार्यालयमार्फत् हुने उहाँको भनाइ छ।

क्लिंकर झार्ने गर्ने विषयलाई लिएर भारतीय पक्षसँग पनि छलफल भइरहेको प्रवक्ता सैंजुले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै सैंजुले विभिन्न चरणमा भारतीय पक्षसँग छलफल भएको भए पनि अन्तिम निष्कर्श भने आउन बाँकी रहेको बताउनुभयो। नेपालले अन्य नाकाबाट क्लिंकर आयातका लागि पनि भारतसँग पहल गरिरहेको उहाँले बताउनुभयो।

भारतले भन्सार नाका नजिक क्लिंकर झार्दा प्रदुषण भएको व्यापक जनगुनासोपछि नेपालमा पठाउने क्लिंकरको मात्रामा व्यापक कटौती गरेको विरगंज भन्सार कार्यालय प्रमुख सेवन्तक पोखरेलले बताउनुभयो । क्लिंकर आयातमार्फत चालू आर्थिक वर्षको पाँच महिना अवधिमा वीरन्ज भन्सार कार्यालयमार्फत् करिब डेढ खर्ब रुपियाँ राजस्व संकलन गरेको छ। भारतबाट क्लिंकर आयात रोकिएपछि भने त्यसको असर राजस्व संकलनमा पनि परेको पोखरेलले बताउनुभयो।

क्लिंकर आयातमा समस्या देखिएपछि नेपालका उद्योगले सिमेन्टको मूल्यमा वृद्धि गरेका छन्। सिमेन्ट उत्पादन गर्ने मुख्य समयमा नै कच्चा पदार्थको अभाव बढेपछि देशभरका अन्य सिमेन्ट उत्पादक कम्पनीलाई समेत नकारात्मक असर पर्ने व्यवसायीको भनाइ छ।

# ज्योति विकास बैंकको सीईओमा ज्ञवाली



काठमाडौं, (नेस)

ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा मनोजकुमार ज्ञवाली नियुक्त हुनुभएको छ। बैंकका सीईओ कृष्णबहादुर कुँवरले राजीनामा दिएपछि बैंकले ज्ञवालीलाई सीईओ नियुक्त गरेको हो।

यसअघि ज्ञवाली सोही बैंकको डेपुटी प्रमुख कार्यकारी अधिकृत हुनुहुन्थ्यो। त्यस्तै नेपाल राष्ट्र बैंकमा र ग्लोबल आईएमई बैंकमा समेत काम गर्नुभएको थियो।

चार्टड एकाउन्टेन्टसमेत रहनुभएका ज्ञवालीले हाल विद्यावारिधि गर्दै हुनुहुन्छ। ज्ञवालीलाई सञ्चालक समितिको बैठकले चार वर्षे कार्यकालका लागि सीईओमा पदोन्नति गरेको हो।

यसैबीच ज्योति विकास बैंकको १०औं वार्षिक साधारणसभाले १० प्रतिशत लाभांश शेयर पारित गरेको छ। साधारणसभाले राप्ती भेरी विकास बैंक एक्वायर गर्नुअघि प्रस्ताव गरेको ६ प्रतिशत बोनस शेयर दिने प्रस्ताव पनि पारित गरेको छ। बोनस शेयरपछि बैंकको चुक्ता पुँजी २ अर्ब ५९ करोड रुपियाँ पुग्ने बताइएको छ।

साधारणसभाले बैंकका शेयरधनीलाई चुक्ता पुँजीको १ सय ५ का दरले २२ करोड ८ लाख ६३ हजार ४ सय २० रुपियाँ तथा तत्कालीन राप्तीभेरी विकास बैंकका शेयरधनीलाई चुक्ता पुँजीको ६५ का दरले हुने ९४ लाख २३ हजार ८ सय २३ रुपियाँ बोनस शेयर वितरण स्वीकृत गरेको हो।

साधारणसभामा बैंक सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काले प्रगति प्रतिवेदन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। चालू आवमा बैंकले करिब १ लाख २२ हजार खाताबाट १३ अर्ब ४ करोड रुपियाँ निक्षेप संकलन र १० हजारभन्दा बढी ऋणी मार्फत् १२ अर्ब १० करोड रुपियाँ ऋण लगानी गरेको छ।

# यातायात एप 'मोटरभाडा' आयो




काठमाडौं, (नेस)

नेपालकै पहिलो र विस्तृत सार्वजनिक यातायात एप 'मोटरभाडा' र बीटूबी एप 'मोटरभाडा कम्पनी'को शुरूवात भएको छ। नेपालको यातायात प्रणालीलाई डिजिटल बनाउने उद्देश्यका साथ कार्यालय भेन्चर्स प्रालिको इन्फर्मेसन टेक्नोलोजी कम्पनी कार्यालय आईटीले दुई भाषामा प्रयोग गर्न सकिने मोबाइल एप्लिकेसन शुरूवात गरेको हो।

एण्ड्रोइड तथा र आईओएस दुवै प्लेटफर्ममा उपलब्ध मोटरभाडा एपले यात्रालाई सहज बनाउने अपेक्षा गरिएको छ। यस एपबाट प्रयोगकर्ताले मोटर भाडा, रुट, नजिकैको स्टेसन, गाडी आउने समय, लाइभ ट्याकिङ तथा प्रत्यक्ष ट्राफिक अपडेट प्राप्त गर्न सक्ने बताइएको छ।

यसैगरी, बीटूबी एप 'मोटरभाडा कम्पनी' एन्ड्रोइड प्लेटफर्ममा उपलब्ध छ। सो एपबाट सार्वजनिक सवारी, भाडाका सवारी, गैरसरकारी संस्था, ट्राभल एजेन्सी, विद्यालय, अस्पताल, सरकारी तथा निजी संघ-संस्था तथा कुनै समूह वा व्यक्तिले प्रत्यक्ष आफ्नो गाडी ट्र्याक गर्न सक्नेछन्।

प्रयोगकर्ताले सो एपमा भएको प्रोफाइल, स्टार्ट, नोटिफिकेसन, ट्राफिक जाम, खाना, गाडी बिग्रियो, दुर्घटना, बन्द/हडताल, प्राकृतिक प्रकोप, बाटो निर्माण, मेडिकल इमर्जेन्सी र सुरक्षा जाँच जस्ता फिचरबाट रियल-टाइममा सजिलै आफ्नो गाडीको जानकारी र अवस्था थाहा पाउन सक्ने एप विकासकर्ताको दाबी छ। यसका लागि प्रयोगकर्ताले पहिला दर्ता गर्नुपर्ने हुन्छ। प्रविधिको जमानामा मोटर भाडादेखि गाडीको प्रत्यक्ष ट्र्याकिङ सबै एउटै एपमा दिने उद्देश्यले नयाँ एप विकास गरिएको कम्पनीको दाबी छ।

एपमा प्रयोगकर्ता थपिएसँगै डाटा पनि स्वत: अपडेट हुने कम्पनीको दाबी छ। यस नवीन एपका संस्थापक प्रसुन तिमिल्सिना तथा सुजित धौबञ्जार हुन् भने सौर्य ऊर्जा उद्यमी सौरभ तिमिल्सिना एपका प्रवर्द्धक हुन्।

# साना तथा मझौला व्यवसायी महासंघमा फेरि शाक्य

काठमाडौं, (नेस)

साना तथा मझौला व्यवसायी महासंघको चौथो अधिवेशन तथा १३औं वार्षिक साधारणसभाले गुह्यरत्न शाक्यको अध्यक्षतामा नयाँ केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको छ।

महासंघले कार्यसमितिको निवर्तमान अध्यक्ष जंगबहादुर श्रेष्ठलाई अध्यक्षमा पुन: चयन गरेको छ। त्यस्तै सहअध्यक्षमा गणेशबहादुर सुवेदी, वरिष्ठ उपाध्यक्षमा गिरिराज गौतम, प्रथम उपाध्यक्षमा सरोज श्रेष्ठ तथा चन्द्रप्रसाद ढकाल चयन हुनुभएको छ। त्यसैगरी द्वितीय उपाध्यक्षमा बलराम भण्डारी, मदन महर्जन र हिराबहादुर प्रधान, तृतीय उपाध्यक्षमा नरेशप्रसाद सिंह, शैलेन्द्रमोहन झा र चतुर्थ उपाध्यक्षमा मोहिनी विलास लुइँटेल निर्वाचित हुनुभएको छ।

महासंघको महिला उपाध्यक्षमा यमुनादेवी श्रेष्ठ र विष्णु घर्तीमगर निर्वाचित हुनुभएको छ। त्यस्तै वस्तुगत संघ मध्येबाट उपाध्यक्षमा माधव केसी, एसोसिएट सदस्य मध्येबाट उपाध्यक्षमा विजु शाक्य, महासचिवमा सुमन सुवाल, कोषाध्यक्षमा धर्मनन्द श्रेष्ठ, सचिवमा विश्वराम दुवाल र सह-कोषाध्यक्षमा यज्ञबहादुर थापा निर्वाचित हुनु भएको छ। महासंघको केन्द्रीय सदस्यमा शाखा र जिल्ला संघबाट केदारकुमार कटुवाल, सलिना लामा, सुवास महर्जन, कृष्णप्रसाद शर्मा, शर्मिला कार्की, रेखाबहादुर अधिकारी, छेटुप तामाङ र कोमलप्रसाद उपाध्याय विजयी हुनु भएको छ।

## SHARE MARKET

**14 JANAURY SUNDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 10523.00 | 427.00 | 417.00 | 420.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 1286.00 | 428.00 | 420.00 | 425.00 | 2.00 |
| 3 | Arun Finance Limited | 1820.00 | 175.00 | 170.00 | 170.00 | -2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1078.00 | 341.00 | 333.00 | 341.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3458.00 | 201.00 | 199.00 | 201.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2268.00 | 1401.00 | 1375.00 | 1383.00 | -17.00 |
| 7 | Bank of Kathmandu Ltd. | 11021.00 | 415.00 | 408.00 | 410.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1247.00 | 194.00 | 188.00 | 190.00 | -1.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 140.00 | 7200.00 | 7081.00 | 7081.00 | -144.00 |
| 10 | Butwal Power Company Limited | 15698.00 | 711.00 | 660.00 | 711.00 | 34.00 |
| 11 | Central Finance Co. Ltd. | 3000.00 | 141.00 | 134.00 | 134.00 | -9.00 |
| 12 | Century Commercial Bank Ltd. | 12212.00 | 200.00 | 197.00 | 199.00 | 0.00 |
| 13 | Century Com. Bank Ltd. Pro. Share | 11000.00 | 205.00 | 205.00 | 205.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 425.00 | 1030.00 | 1010.00 | 1020.00 | -11.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 45.00 | 180.00 | 178.00 | 178.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 12479.00 | 954.00 | 880.00 | 954.00 | 62.00 |
| 17 | Citizen Bank International Limited | 17788.00 | 294.00 | 282.00 | 285.00 | -5.00 |
| 18 | Citizen Investment Trust | 267.00 | 3610.00 | 3515.00 | 3515.00 | -60.00 |
| 19 | Civil Bank Ltd | 19920.00 | 184.00 | 179.00 | 180.00 | -5.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 320.00 | 899.00 | 871.00 | 881.00 | -20.00 |
| 21 | Deprosc Development Bank Limited | 992.00 | 885.00 | 854.00 | 856.00 | -15.00 |
| 22 | Deva Bikas Bank Limited | 543.00 | 178.00 | 175.00 | 177.00 | 0.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 91.00 | 153.00 | 150.00 | 151.00 | -1.00 |
| 24 | Everest Bank Limited | 10305.00 | 920.00 | 906.00 | 907.00 | -15.00 |
| 25 | Everest Insurance Co. Ltd. | 6783.00 | 1970.00 | 1784.00 | 1910.00 | -61.00 |
| 26 | Excel Development Bank Ltd. | 995.00 | 385.00 | 373.00 | 373.00 | -12.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 6642.00 | 867.00 | 838.00 | 840.00 | -10.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 5638.00 | 3575.00 | 3352.00 | 3381.00 | -124.00 |
| 29 | Gandaki Bikas Bank Limited | 4571.00 | 236.00 | 232.00 | 232.00 | -6.00 |
| 30 | Garima Bikas Bank Limited | 1500.00 | 196.00 | 193.00 | 194.00 | -2.00 |
| 31 | Global IME Bank Limited | 15107.00 | 317.00 | 314.00 | 315.00 | -1.00 |
| 32 | Global IME Samunnat Scheme-1 | 6000.00 | 10.00 | 9.80 | 9.80 | -0.20 |
| 33 | Goodwill Finance Co. Ltd. | 3741.00 | 153.00 | 147.00 | 147.00 | -3.00 |
| 34 | Green Development Bank Ltd. | 30.00 | 186.00 | 186.00 | 186.00 | -3.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 993.00 | 954.00 | 941.00 | 941.00 | -14.00 |
| 36 | Hamro Bikas Bank Ltd. | 500.00 | 175.00 | 175.00 | 175.00 | -3.00 |
| 37 | Himalayan Bank Limited | 970.00 | 671.00 | 651.00 | 660.00 | -3.00 |
| 38 | Himalayan Distillery Limited | 830.00 | 1300.00 | 1230.00 | 1235.00 | -40.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 4132.00 | 508.00 | 500.00 | 502.00 | -6.00 |
| 40 | Himalayan Power Partner Ltd. | 8540.00 | 379.00 | 363.00 | 368.00 | -5.00 |
| 41 | ICFC Finance Limited | 1218.00 | 206.00 | 206.00 | 206.00 | -4.00 |
| 42 | IME General Insurance Ltd. | 1078.00 | 1035.00 | 1015.00 | 1034.00 | -20.00 |
| 43 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 12212.00 | 171.00 | 164.00 | 168.00 | 0.00 |
| 44 | Janaki Finance Ltd. | 2028.00 | 178.00 | 172.00 | 172.00 | -9.00 |
| 45 | Janata Bank Nepal Ltd. | 18087.00 | 189.00 | 186.00 | 189.00 | 0.00 |
| 46 | Jebils Finance Ltd. | 129.00 | 134.00 | 134.00 | 134.00 | 0.00 |
| 47 | Jyoti Bikas Bank Limited | 1418.00 | 158.00 | 157.00 | 157.00 | -3.00 |
| 48 | Kabeli Bikas Bank Limited | 166.00 | 347.00 | 342.00 | 347.00 | -1.00 |
| 49 | Kailash Bikas Bank Ltd. | 2291.00 | 231.00 | 228.00 | 230.00 | -2.00 |
| 50 | Kalika Microcredit Dev. Bank Ltd. | 2294.00 | 1750.00 | 1722.00 | 1722.00 | -25.00 |
| 51 | Kamana Sewa Bikas Bank Limited | 12179.00 | 179.00 | 173.00 | 175.00 | -4.00 |
| 52 | Kanchan Development Bank Limited | 325.00 | 209.00 | 209.00 | 209.00 | -3.00 |
| 53 | Kankai Bikas Bank Ltd. | 5003.00 | 166.00 | 160.00 | 166.00 | 4.00 |
| 54 | Karnali Development Bank Limited | 846.00 | 138.00 | 133.00 | 133.00 | -5.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 100.00 | 149.00 | 145.00 | 148.00 | -4.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 120.00 | 1865.00 | 1828.00 | 1828.00 | -37.00 |
| 57 | Kuber Merchant Finance Limited | 500.00 | 206.00 | 206.00 | 206.00 | 4.00 |
| 58 | Kumari Bank Limited | 7206.00 | 290.00 | 284.00 | 285.00 | -5.00 |
| 59 | Lalitpur Finance Ltd. | 1209.00 | 180.00 | 176.00 | 176.00 | -7.00 |
| 60 | Laxmi Bank Limited | 32463.00 | 267.00 | 258.00 | 262.00 | 6.00 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 392.00 | 1285.00 | 1268.00 | 1270.00 | -25.00 |
| 62 | Life Insurance Co. Nepal | 2782.00 | 1952.00 | 1949.00 | 1950.00 | -39.00 |
| 63 | Lumbini Bikas Bank Ltd. | 104.00 | 167.00 | 164.00 | 167.00 | 0.00 |
| 64 | Lumbini General Insurance Co. Ltd. | 3922.00 | 602.00 | 596.00 | 599.00 | -1.00 |
| 65 | Machhapuchhre Bank Limited | 16165.00 | 273.00 | 268.00 | 273.00 | 2.00 |
| 66 | Mahalaxmi Bikas Bank Ltd. | 13679.00 | 190.00 | 182.00 | 182.00 | -8.00 |
| 67 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 46.00 | 815.00 | 807.00 | 807.00 | -13.00 |
| 68 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 500.00 | 2980.00 | 2852.00 | 2920.00 | -31.00 |
| 69 | Manjushree Finance Ltd. | 9656.00 | 142.00 | 140.00 | 142.00 | 2.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 951.00 | 1356.00 | 1340.00 | 1340.00 | -25.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 473.00 | 2882.00 | 2860.00 | 2860.00 | -80.00 |
| 72 | Miteri Development Bank Limited | 1738.00 | 331.00 | 325.00 | 326.00 | -10.00 |
| 73 | Mithila LaghuBitta Bikas Bank Ltd. | 304.00 | 1085.00 | 1080.00 | 1080.00 | -20.00 |
| 74 | Muktinath Bikas Bank Ltd. | 9106.00 | 421.00 | 416.00 | 420.00 | -3.00 |
| 75 | Multipurpose Finance Company Limited | 105.00 | 370.00 | 363.00 | 369.00 | 1.00 |
| 76 | Nabil Bank Limited | 9390.00 | 1073.00 | 1055.00 | 1065.00 | -5.00 |
| 77 | NABIL Bank Limited Promotor Share | 1560.00 | 867.00 | 855.00 | 867.00 | 12.00 |
| 78 | Nabil Equity Fund | 7000.00 | 10.05 | 10.01 | 10.05 | 0.05 |
| 79 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 175.00 | 2490.00 | 2485.00 | 2490.00 | -9.00 |
| 80 | National Hydro Power Company Limited | 18000.00 | 119.00 | 116.00 | 116.00 | -3.00 |
| 81 | National Life Insurance Co. Ltd. | 73.00 | 1580.00 | 1565.00 | 1575.00 | -19.00 |
| 82 | National Microfinance Bittiya Sanstha Ltd. | 310.00 | 2305.00 | 2251.00 | 2251.00 | -99.00 |
| 83 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 290.00 | 2425.00 | 2400.00 | 2425.00 | 25.00 |
| 84 | Neco Insurance Co. Ltd. | 6786.00 | 863.00 | 846.00 | 846.00 | -14.00 |
| 85 | Nepal Bangladesh Bank Limited | 9061.00 | 278.00 | 273.00 | 277.00 | 0.00 |
| 86 | Nepal Bank Limited | 15618.00 | 354.00 | 350.00 | 352.00 | -1.00 |
| 87 | Nepal Community Dev. Bank Ltd. | 181.00 | 153.00 | 151.00 | 151.00 | -2.00 |
| 88 | Nepal Cre. & Com. Bank Ltd. Pro. Share | 1000.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 89 | Nepal Credit And Com. Bank Limited | 15621.00 | 335.00 | 328.00 | 331.00 | -4.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 13680.00 | 805.00 | 790.00 | 798.00 | 8.00 |
| 91 | Nepal Grameen Bikas Bank Ltd. | 5462.00 | 685.00 | 657.00 | 666.00 | -9.00 |
| 92 | Nepal Hydro Developers Ltd. | 90.00 | 230.00 | 222.00 | 222.00 | -7.00 |
| 93 | Nepal Insurance Co. Ltd. | 838.00 | 1380.00 | 1370.00 | 1370.00 | -10.00 |
| 94 | Nepal Investment Bank Limited | 10234.00 | 658.00 | 650.00 | 657.00 | -1.00 |
| 95 | Nepal Investment Bank Ltd. Pro. Share | 5022.00 | 585.00 | 583.00 | 585.00 | 0.00 |
| 96 | Nepal Life Insurance Co. Ltd. | 8503.00 | 1810.00 | 1785.00 | 1786.00 | -35.00 |
| 97 | Nepal SBI Bank Limited | 5927.00 | 600.00 | 588.00 | 595.00 | -4.00 |
| 98 | Nerude Laghubita Bikas Bank Limited | 820.00 | 832.00 | 797.00 | 805.00 | -1.00 |
| 99 | Ngadi Group Power Ltd. | 197.00 | 236.00 | 232.00 | 232.00 | -7.00 |
| 100 | NIC Asia Bank Ltd. | 12291.00 | 346.00 | 340.00 | 345.00 | -1.00 |
| 101 | Nirdhan Utthan Bank Limited | 791.00 | 1250.00 | 1240.00 | 1243.00 | -22.00 |
| 102 | NLG Insurance Company Ltd. | 1289.00 | 1381.00 | 1360.00 | 1365.00 | -25.00 |
| 103 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1083.00 | 1870.00 | 1800.00 | 1870.00 | 5.00 |
| 104 | NMB Bank Limited | 1751.00 | 460.00 | 456.00 | 457.00 | -3.00 |
| 105 | NMB Hybrid Fund L-1 | 416.00 | 9.95 | 9.95 | 9.95 | -0.05 |
| 106 | NMB Sulav Investment Fund-1 | 12030.00 | 13.00 | 12.80 | 13.00 | -0.05 |
| 107 | Om Development Bank Ltd. | 2746.00 | 236.00 | 235.00 | 235.00 | -3.00 |
| 108 | Oriental Hotels Limited | 4463.00 | 655.00 | 650.00 | 654.00 | -9.00 |
| 109 | Pokhara Finance Ltd. | 1870.00 | 177.00 | 170.00 | 177.00 | 2.00 |
| 110 | Prabhu Bank Limited | 11203.00 | 252.00 | 248.00 | 250.00 | -6.00 |
| 111 | Prabhu Insurance Ltd. | 600.00 | 806.00 | 796.00 | 798.00 | -7.00 |
| 112 | Premier Insurance Co. Ltd. | 161.00 | 1390.00 | 1381.00 | 1381.00 | -18.00 |
| 113 | Prime Commercial Bank Ltd. | 10382.00 | 307.00 | 302.00 | 304.00 | -3.00 |
| 114 | Prime Life Insurance Company Limited | 1055.00 | 1740.00 | 1706.00 | 1730.00 | -30.00 |
| 115 | ProgressiveFinance Limited | 1954.00 | 213.00 | 209.00 | 210.00 | -3.00 |
| 116 | Purnima Bikas Bank Ltd. | 148.00 | 223.00 | 220.00 | 220.00 | -5.00 |
| 117 | Rastriya Beema Company Limited | 74.00 | 13700.00 | 13550.00 | 13550.00 | -51.00 |
| 118 | Rastriya Beema Co. Limited Pro. Share | 370.00 | 13050.00 | 13000.00 | 13000.00 | -70.00 |
| 119 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 11.00 | 1560.00 | 1560.00 | 1560.00 | 30.00 |
| 120 | Reliance Finance Ltd. | 4118.00 | 146.00 | 141.00 | 142.00 | -4.00 |
| 121 | Ridi Hydropower Dev. Company Ltd. | 662.00 | 149.00 | 148.00 | 148.00 | -1.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 119.00 | 1161.00 | 1158.00 | 1161.00 | -19.00 |
| 123 | Rural Microfinance Dev. Centre Ltd. | 1250.00 | 648.00 | 632.00 | 648.00 | -5.00 |
| 124 | Sagarmatha Insurance Co. Ltd. | 740.00 | 1400.00 | 1380.00 | 1396.00 | 6.00 |
| 125 | Sana Kisan Bikas Bank Ltd | 1117.00 | 1170.00 | 1167.00 | 1168.00 | -22.00 |
| 126 | Sanima Bank Limited | 9223.00 | 344.00 | 339.00 | 340.00 | -2.00 |
| 127 | Sanima Mai Hydropower Ltd. | 31166.00 | 465.00 | 451.00 | 451.00 | -18.00 |
| 128 | Saptakoshi Development Bank Ltd. | 2863.00 | 139.00 | 135.00 | 137.00 | -2.00 |
| 129 | Shangrila Development Bank Ltd. | 209.00 | 197.00 | 195.00 | 196.00 | -1.00 |
| 130 | Shikhar Insurance Co. Ltd. | 1663.00 | 1189.00 | 1166.00 | 1167.00 | -31.00 |
| 131 | Shine Resunga Development Bank Ltd. | 495.00 | 301.00 | 298.00 | 300.00 | -4.00 |
| 132 | Shree Investment Finance Co. Ltd. | 2620.00 | 251.00 | 234.00 | 240.00 | -16.00 |
| 133 | Shrijana Finance (Bittaya Sanstha) | 190.00 | 340.00 | 336.00 | 336.00 | 1.00 |
| 134 | Siddhartha Bank Limited | 8055.00 | 378.00 | 373.00 | 375.00 | -3.00 |
| 135 | Siddhartha Equity Orineted Scheme | 2900.00 | 12.50 | 12.50 | 12.50 | 0.00 |
| 136 | Sindhu Bikash Bank Ltd | 80.00 | 167.00 | 161.00 | 164.00 | -6.00 |
| 137 | Soaltee Hotel Limited | 1700.00 | 282.00 | 277.00 | 277.00 | -3.00 |
| 138 | Standard Chartered Bank Limited | 12977.00 | 1055.00 | 1035.00 | 1038.00 | -15.00 |
| 139 | Summit Micro Finance Dev. Bank Ltd. | 1361.00 | 1397.00 | 1361.00 | 1370.00 | 0.00 |
| 140 | Sunrise Bank Limited | 6673.00 | 264.00 | 260.00 | 263.00 | -1.00 |
| 141 | Surya Life Insurance Company Limited | 320.00 | 940.00 | 935.00 | 935.00 | -4.00 |
| 142 | Swabalamban Bikas Bank Limited | 904.00 | 1312.00 | 1300.00 | 1300.00 | -33.00 |

Total Amount Rs. 328,332,816 Total Quantity 670,645 Total No of Transactions 4,022

ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगन्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

SAURABH GROUP
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC






“ भनु नभनु ”

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 7th Magh | Ajay Adhikari Sushil [Vocal, Lyrics & Music]<br>Nirnaya NSK & Samikshya Basnet [Vocal] | Fresh Hits | Sun [10-12Noon] |
| 11th Magh | Sandip Karki [Arranger]<br>Bijay Shrestha [Recordist] | Just Music | Thu [12-1 PM] |

► FROM 1ST MAGH 2074, MON, 12-1 PM

Do Tune into TIMES FM 90. 6 MHz for the special edition.

Only tune on times FM 90.6 MHz 'u deserve better'

२०७४, माघ
सोमबार
१

तीमध्ये १४ प्रतिशत प्रयोकर्ताले कार्ड स्वाइप गरी कारोबार गर्ने बैंकहरूको दाबी छ। त्यस्तै देशैभर कूल ४ हजार ५ सय स्वाप मेसिन रहेकामा यस सञ्जालमा २ हजारभन्दा बढी पस मेसिन रहेको जानकारी दिइएको छ।




# सन् २०१९ भित्र मध्यभोटेकोसी पूरा गर्न दबाब

**नेपाल समाचारपत्र**

काठमाडौं

सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन मध्यभोटेकोसी जलविद्युत् आयोजनाको काम दुई वर्षभित्र सक्न निर्देशन दिइएको छ। ऊर्जासचिव अनुपकुमार उपाध्याय र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको स्थलगत निरीक्षणपछि उक्त निर्देशन दिनुभएको हो।

सन् २०१७ भित्र आयोजनाको सबै काम सम्पन्न गर्ने लक्ष्य लिइएको भए पनि हालसम्म ४० प्रतिशतमात्र सम्पन्न भएको छ। आयोजनाको सञ्चालक समिति अध्यक्षसमेत रहनुभएका ऊर्जासचिव उपाध्याय र कार्यकारी निर्देशक घिसिङले स्थलगत निरीक्षणपछि दुई वर्षभित्र सिभिल र इलेक्ट्रोमेकानिकलतर्फका काम सक्न 'एकीकृत समय तालिका' बनाएर अघि बढाउन निर्देशन दिनुभएको हो। आयोजना निर्माणका क्रममा सबै काम समानान्तर गतिमा अगाडि बढाउन एकीकृत समय तालिका बनाउनुपर्ने देखिएको हो।

ऊर्जा मन्त्रालय र प्राधिकरणको टोलीले आयोजनास्थलको अनुगमनपछि परामर्शदाता कम्पनी र ठेकेदार कम्पनीलाई आयोजनाको सम्पूर्ण काम दुई वर्षभित्रमा सक्न निर्देशन दिएको हो। आयोजनाको परामर्शदाता कम्पनीका रूपमा ल्हयाहमेयर कम्पनी र ठेकेदार कम्पनी क्वाङ्सी हाइड्रो एन्ड इलेक्ट्रिकल कन्ट्रक्सन र एन्ड्रिज हाईड्रोले काम गरिरहेका छन्।

आयोजना सम्पन्न गर्ने समयमा पनि लक्षित कार्यको ४० प्रतिशत काम पनि सम्पन्न भएको देखिँदैन। सन् २०१७ जुनमा निर्माणकाय सक्ने लक्ष्य लिइएको भए पनि आयोजनाको काम अहिलेसम्म ४० प्रतिशतमात्रै भएको छ। मन्त्रालय र प्राधिकरणको संयुक्त टोलीले आयोजनाको काम सन् २०१९ को जुनमा जसरी भए पनि सक्न समय सीमा तोकिदिएको छ।

स्थलगत अनुगमनका क्रममा ऊर्जासचिव उपाध्यायले आयोजनाको काम ठेक्का सम्झौता अनुसार नभएको भन्दै आवश्यक जनशक्ति थपेर भए पनि समयमा काम सक्नुपर्ने बताउनुभयो। आयोजना निर्माणस्थलमा बेला बेलामा खसिरहने जुरे पहिरो, यसअघिको भूकम्प, र बाँधस्थलको जग्गा समयमा प्राप्त गर्न नसक्दा अपेक्षाकृत काम हुन नसकेको ठेकेदार कम्पनीको भनाइ छ। अहिले आयोजनाको सिभिलतर्फको बाँधस्थल, सुरुङ, विद्युत् गृह निर्माणलगायतका काम भइरहेको छ।

त्यसैगरी ७ दशमलव १ किलोमिटर मुख्य सुरुङमध्ये तीन किलोमिटर सुरुङ खनिएको छ। इलेक्ट्रोमेकानिकलतर्फ पनि विभिन्न उपकरण जडानका लागि आयोजना स्थलसम्म पुगिसकेका छन्।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले अपेक्षा अनुसार अगाडि बढ्न नसकेको बताउँदै आयोजनाका लागि चार वर्ष खर्चिसकेको र अब अधिकतम २ वर्षभित्रमा काम सक्नुपर्ने बताउनुभयो। घिसिङले ठेकेदार कम्पनीलाई निर्देशन दिँदै भन्नुभयो-'दुई वर्षभित्रमा जसरी पनि निर्माणको काम सक्नुपर्छ। एकीकृत तालिका बनाएर समानान्तररूपमा अगाडि बढाउनु होस्। अब आयोजना ढिलाई गर्नेलाई छुट दिन सकिँदैन।' घिसिङले निर्माण कार्यलाई तीव्रता दिन, बाँधस्थलको काममा विशेष ध्यान दिन, निर्माण सामग्रीको पर्याप्त व्यवस्था गर्न, ठेकेदारले व्यहोरिहेको नगद प्रवाहको समस्यालाई तत्काल समाधान गर्न समेत निर्देशन दिनुभयो।

## चमेलियाबाट १५ मेगावाट विद्युत् उत्पादन

काठमाडौं, (नेस)

चमेलिया जलविद्युत् आयोजनाले शुक्रबारबाट आयोजनाको पहिलो युनिटमार्फत् १५ मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारणलाइनमा पठाएको छ।

३० मेगावाट उत्पादन क्षमता रहेको आयोजनामा 'युनिट २' को भने हाल वेट टेस्टको काम भइरहेको छ। बहुप्रतिक्षित आयोजनाले आगामी एक महिनाभित्रै पूर्ण क्षमतामा विद्युत् उत्पादन शुरू गर्ने आयोजना प्रमुख अजयकुमार दाहालले बताउनुभयो। युनिट-२ को वेट टेस्ट र प्रसारणलाइनको 'लोड रिडक्सन टेस्ट' को काम सकिएपछि आयोजनाले व्यापारिक उत्पादन शुरू गर्ने लक्ष्य लिएको छ। यसअघि पुस महिनाभित्रै विद्युत् उत्पादन शुरू गरी राष्ट्रिय प्रसारणलाइनमा जोड्ने लक्ष्य रहे पनि बाँधमा समस्या देखिएपछि उत्पादन मिति एक महिना पर धकेलिएको हो।

१ सय ३२ केभी प्रसारणलाइनमा अत्तरिया सबस्टेसनबाट पठाइएको विद्युत्लाई 'युनिट-१' बाट उत्पादित विद्युतसँग जोड्न (सिन्क्रोनाइज) लागिएको आयोजना प्रमुख दाहालले बताउनुभयो। दाहालका अनुसार परीक्षणका लागि शुक्रबारबाट पहिलो युनिटमार्फत् राष्ट्रिय प्रसारणलाइनमा विद्युत् पठाइनेछ। '१२ जनवरीबाट हामीले युनिट १ मार्फतको विद्युत प्रसारणलाइनमा बहने विद्युतसँग 'सिन्क्रोनाइज' गर्ने तयारी गरेका छौं।' दाहालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

चमेलिया जलविद्युत आयोजना चालू आर्थिक वर्षमा सरकारी क्षेत्रबाट निर्माण सम्पन्न हुन लागेको सबैभन्दा ठूलो आयोजना हो। आर्थिक विकास साझेदारी कोष (इडीसीएफ) मार्फत नेपाल सरकार र दक्षिण कोरिया सरकारको संयुक्त लगानी रहेको आयोजना २०६३ साल पुसमा निर्माण कार्य थालिएको थियो। आयोजनासँगै निर्माण भएको बलांच-अत्तरिया १ सय ३२ केभी प्रसारणलाइन भने निर्माण सम्पन्न भइसकेको छ।

## यामाहाको राइड आउट सम्पन्न

काठमाडौं, (नेस)

नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक विक्रेता एमएडब्लु इन्टरप्राइजेजले आफ्नो उत्पादन यामाहा एफजी२५ का राइडरहरूका लागि पहिलोपटक 'एड्भेन्चरस' तथा रोमाञ्चक 'राइड आउट' आयोजना गरेको छ। 'सँगै हाँकौं, सम्बन्ध झन् बलियो बनाऔं,' नारा रहेको यो राइड काठमाडौंस्थित जेनेसिस क्याफेबाट शुरू भएर धुलिखेलसम्म पुगेको थियो।

पाँच समूहमा विभाजन गरिएका २५ जना एफजी २५ राइडरलाई 'टग अफ वार', 'पिकिङ द फ्ल्याग', 'आर्म रेस्लिङ' लगायतका सामूहिक टास्क दिइएको थियो। यामाहाको 'राइड आउट'मा राइडर समिर राना 'अल्टिमेट स्ट्रिट फाइटर' घोषित भए।

'भविष्यमा हामी यस्ता धेरै इभेन्टको आयोजना गर्नेछौं जसले राइडरसँग हाम्रो सम्बन्धलाई बलियो र न्यानो बनाउनेछ,' एमएडब्लु इन्टरप्राइजेजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवालले भन्नुभयो, त्यसैगरी, नेपाली राष्ट्रिय क्रिकेटर तथा यामाहाका ब्रान्ड एम्बेसडर शरद भेषावकरले आफू पनि एफजी२५ को 'प्राउड राइडर' भएको बताउनुभयो। 'म यो बाइकको पर्फोमेन्सदेखि निकै सन्तुष्ट छु। म हरेक बाइकप्रेमीलाई एक पटक एफजी२५ ट्राई गर्न आग्रह गर्छु,' उहाँले भन्नुभयो।



## PRESS RELEASE

### टेलिकमले नगद लाभांश दिने

काठमाडौं, (नेस)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको १०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। उक्त साधारणसभाले आर्थिक वर्ष २०७३/७४ को मुनाफा रकममध्येबाट ५५ रुपियाँ प्रतिशेयरका दरले शेयरधनीलाई नगद लाभांश वितरण गर्ने र कम्पनीको




नियमावली संशोधनलगायतका विभिन्न प्रस्ताव पारित गरेको छ। साधारणसभामा ९१ प्रतिशतभन्दा बढी शेयरधनीको उपस्थिति रहेको कम्पनीले जनाएको छ। उक्त सभाले लेखापरीक्षकको प्रतिवेदनसहित आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणपनि पारित गरेको छ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन २०६३ को प्रावधान अनुरूप आर्थिक वर्ष २०७४/७५ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउन्टेन्ट सुवोधकुमार कर्ण र अच्युतराज जोशीलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै निजहरूको पारिश्रमिकसमेत पारित गरेको छ। साधारणसभाले सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित हुने सञ्चालकको कार्यकाल ३ वर्ष वा नियुक्ति भएको मितिदेखि तीन वटा साधारणसभा बस्ने मितिमध्ये जुन पहिलो हुन्छ, सो मितिसम्म मात्र हुने व्यवस्था गरेको छ।

कम्पनीले आर्थिक वर्ष २०७३/७४ मा खुद मुनाफा १५ अर्ब ३७ करोड कायम राख्न कम्पनी सफल भएको र गत आवको तुलनामा १७ दशमलव २३ प्रतिशतले ग्राहक संख्यामा वृद्धि भई १ करोड ७६ लाखभन्दा बढी ग्राहक महानुभावलाई नवीनतम् प्रविधिमा आधारित सस्तो तथा भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउन कम्पनी सफल भएको छ।

### बुद्ध एयरको नेपालगन्जबाट पोखरा उडान गर्ने

काठमाडौं, (नेस)

Buddha Air

बुद्ध एयरले आगामी वैशाख १ गतेखि नियमितरूपमा पोखराबाट नेपालगन्ज तथा नेपालगन्जबाट पोखरा सिधा उडान भर्नेछ।

साधारणतया स्थलमार्गबाट पोखरा नेपालगन्जको यात्रा १० देखी १२ घण्टासम्मको हुने गरेको छ। यस उडानबाट यात्रुलाई सहज हुनेछ। साथै बर्दिया राष्ट्रिय निकुञ्जको भ्रमण र अवलोकन तथा मानसरोवर आउजाउको लागि पनि मार्ग प्रशस्त हुने तथा पर्यटन प्रवर्द्धनमा पनि टेवा बुद्ध एयरको विश्वास छ।

अहिले बुद्ध एयरले पोखराबाट पश्चिमी हिमालको दृश्यावलोकन, भैरहवा र भरतपुरको दैनिक उडान गरिरहेको छ। पोखराबाट भैरहवा र भरतपुरको उडान गएको सेप्टेम्बर महिनामा शुरू भएको थियो। बुद्ध एयरले देशभित्र १३ गन्तव्य तथा भारतको वाराणसीमा पनि उडान भरिरहेको छ। बुद्ध एयरका सेल्स प्रमुख रूपेश श्रेष्ठका अनुसार कम्पनीले शुरूमा १८ सिट क्षमताको विमानबाट उडान शुरू गर्न लागेको हो।

### एभरेस्ट बैंकले ३३ प्रतिशत बोनस शेयर दिने

काठमाडौं, (नेस)

एभरेस्ट बैंकको २३औं साधारणसभाले आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन पास गरेको छ। उक्त साधारणसभाले बैंकको सञ्चालक समितिले प्रस्ताव गरेको ३३ प्रतिशत बोनस सेयर र १ दशमलव ७४ प्रतिशत नगद लाभांश (कार प्रायोजनको लागि) लाई दिने प्रस्ताव अनुमोदन गरेको छ। अब वितरण हुने बोनस




शेयरपछि केन्द्रीय बैंकले तोकेअनुसार बैंकको चुक्ता पुंजी ८ अर्बभन्दा बढी हुने भएको छ। बैंकले बार्षिक साधारणसभाको अवसरमा ५ वटा नयाँ शाखासमेत खोलेको छ। बैंकले ६९ शाखा, ७ एक्स्टेन्सन काउन्टर, २८ राजस्व संकलन केन्द्र, ९५ एटीएमबाट सेवा दिँदै आएको छ। बैंकले निकट छिट्टै ११ नयाँ शाखा थप गर्दै आफ्नो सेवा विस्तार गर्ने योजना बनाएको छ।

### ग्लोबल आईएमई बैंक शाखा थप

काठमाडौं, (नेस)

ग्लोबल आईएमई बैंकले आइतबार बाग्लुङको बुर्तिवाङमा रहेको शाखा उद्घाटन गरेको छ। उक्त शाखाको ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेलले संयुक्त रूपमा शाखाको औपचारिक उद्घाटन गर्नुभयो। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ११३ वटा शाखा, १२७ एटीएम, ४ वटा एक्सटेन्सन काउन्टर १४ वटा राजस्व संकलन काउन्टर ५९ शाखारहित बैंकिङ सेवामार्फत् सेवा प्रदान गर्दै आइरहेको छ।

## भिसा कार्डमार्फत् कारोबार गरे १० प्रतिशत क्यास ब्याक

काठमाडौं, (नेस)

नेपाल इन्भेस्टमेन्ट बैंकको सञ्जालमा आबद्ध १० वटा बैंकका भिसा कार्ड वाहकले कार्डमार्फत् भुक्तानी गर्दा १० प्रतिशतसम्म पैसा खातामा फिर्ता पाउने भएका छन्। सञ्जालमा आबद्ध बैंकले सोमबारबाट कार्यान्वयनमा आउने गरी भिसा कार्ड प्रयोगकर्ताको लागि १० प्रतिशतसम्म क्यास ब्याक हुने योजना ल्याएका हुन्।

योजनाअनुसार आबद्ध बैंकका कार्ड प्रयोगकर्ताले बिल भुक्तानीको रकम कार्डमार्फत् तिर्दा सो रकमको १० प्रतिशतसम्म नगद रकम आफ्नै खातामा फिर्ता हुने बैंकले जनाएका छन्। ती बैंकले अन्तर्राष्ट्रिय कार्ड प्रदायक कम्पनी भिसासँग सहकार्य गरी कार्ड लोयल्टी प्रोगामको रूपमा भिसा कार्ड प्रयोगकर्ताले हरेक सामान, सुविधा खरिदमा भिसा डेबिट वा क्रेडिट कार्डमार्फत् भुक्तानी गर्दा नगद फिर्ता हुने योजना ल्याएका हुन्।

सञ्जालमा नेपाल इन्भेस्टमेन्ट बैंकसहित वाणिज्य बैंक सेन्चुरी कमर्सियल, ग्लोबल आईएमई, कुमारी, मेगा, एनसीसी, राष्ट्रिय वाणिज्य, सानिमा बैंक तथा विकास बैंक, महालक्ष्मी, मुक्तिनाथ, टुरिजम डेभलपमेन्ट बैंक आबद्ध छन्। यी बैंकका प्रयोगकर्ताले जुनकुनै बैंकका पस मेसिनमा कार्ड स्वाप गर्दा लाभान्वित हुन सक्नेछन्। हरेक सामान तथा सेवाको भुक्तानी कार्डमार्फत् गर्दा आफ्नो खातामा 'क्यास ब्याक' हुने सम्बद्ध बैंकका कार्ड विभाग प्रमुखले बताएका छन्।

नगदरहित भुक्तानीमा टेवा पुर्‍याउने उद्देश्यले यस्तो योजना ल्याइएको उनीको दाबी छ। योजना माघ १ गतेदेखिको कारोबारपछि लागू हुनेछ।

कार्यक्रममा नयाँ योजनाबारे जानकारी दिँदै नेपाल इन्भेस्टमेन्ट बैंककी कार्ड प्रमुख रिना चन्दले शुरूमा एक महिनाको लागि योजना ल्याएको बताउनुभयो। परीक्षणपछि योजना अवधि पुन: थप्न सक्ने उहाँको भनाइ छ। कारोबारमा नगद प्रयोग झन्झट भएको तथा सुरक्षाको दृष्टिले रहेको जोखिम न्यूनीकरण गर्न यो योजना ल्याइएको उहाँको दाबी छ। कार्डको प्रयोगबाट पैसा हराउने, चोरी हुने वा नष्ट हुने जस्ता समस्यासमेत नरहने भएकाले कार्डबाटै कारोबार गर्न बैंकर्सले यस्तो योजना ल्याएका हुन्। यसअघि यही सञ्जालमा आवद्ध बैंकले समग्र कारोबारमा १० प्रतिशत छुट दिने योजना ल्याएका थिए। सो योजना प्रभावकारी हुँदै 'क्यास लेस' कारोबारमा ५२ प्रतिशतले बढेको एक बैंकका प्रतिनिधिले बताए।

यस योजनामा संलग्न हुन न्यूनतम ५ सय रुपियाँको कारोबार हुनुपर्दछ। प्रयोगकर्ताले मासिक कारोबार संख्या बढ्दै जाँदा क्यास ब्याक रकम बढ्दै जानेछ। योजनाअनुसार मासिक रूपमा हुने कारोबारमा पहिलो ३ वटा कारोबारमा प्रयोगकर्ताले २ प्रतिशत वा अधिकतम एक रुपियाँ प्रतिकारोबार नगद फिर्ता पाउनेछन्। यसरी कारोरबार संख्या बढ्दै जाँदा मासिक ३१ देखि अधिकतम ५० पटक कारोबार गर्ने प्रयोगकर्ताले १० प्रतिशत तथा अधिकतम १ हजार रुपियाँ नगद फिर्ता पाउनेछन्।

हाल नेपालभर ५६ लाख कार्ड प्रयोगकर्ता रहेकोमा नेपाल इन्भेस्टमेन्ट बैंकको सञ्जालमा १६ लाख ५० हजार काड प्रयोगकर्ता रहेका छन्। तीमध्ये १४ प्रतिशत प्रयोकर्ताले कार्ड स्वाइप गरी कारोबार गर्ने बैंकहरूको दाबी छ।

**नेपालगंज उप-महानगरपालिका**
**उप-महानगर कार्यपालिकाको कार्यालय**
**नेपालगंज, बाँके**
**प्रदेश नं. ५, नेपाल**

**टेक्टर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना।**

**प्रकाशित मिति : २०७४।१०।०१**

१) यस कार्यालय अर्न्तगत विभिन्न वडाको लागि तपशिल बमोजिमको टेक्टर खरिदको लागि निम्न शर्तहरूको अधीनमा रही नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म/कम्पनीहरूलाई रीतपूर्वकको दरभाउपत्र/बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | विवरण | संख्या | बोलपत्र दस्तुर /दरभाउपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय मिति | जमानत रकम | बोलपत्र खोल्ने मिति र दाखिला गर्ने मिति | बोलपत्र/ दरभाउपत्र |
|---|---|---|---|---|---|---|---|
| १ | **टेक्टर सानो साईजको** हर्ष पावर-२२, सिलिण्डर-३, टायर साईज front-५x१२, Rear-८x१८ | १ | १०००।- | २०७४।१०।१५ कार्यालय सम्म | १९५००।- | २०७४।१०।१७ दाखिला १२:०० बजे सम्म खोल्ने २:०० बजे। | दरभाउपत्र |
| २ | **ट्रेक्टर ठूलो साईजको** हर्ष पावर-४५ सिलिण्डर-३, टायर सानो-६.००१६, ठुलो-१४.९.२९ | २ | ३०००।- | २०७४।११।०१ | ७५०००।- | ०७४।११।०३ दाखिला १२:०० बजे सम्म खोल्ने २:०० बजे। | बोलपत्र। |

३) दरभाउपत्र/बोलपत्र साथ मु.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र आ.व. ०७२।७३ को करचुक्ता प्रमाणपत्र वा ०७३।०७४ को आर्थिक विवरण पेश गरेको कागजात पेश गरेर यस कार्यालयबाट उल्लेखित रकम फिर्ता नहुने गरि बुझाई दरभाउपत्रको हकमा ०७४।१०।१५ बोलपत्रको हकमा ०७४।११।०१ गते कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

४) दरभाउपत्रदाता/बोलपत्रदाताले जमानत वापतको रकम नघटाई यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज, धम्बोझी शाखा स्थित हि.नं. ४१३०३०३००७१०४ मा नगदै रकम जम्मा गरि सो को सक्कल बैंक भौचर वा सो बराबरको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। दरभाउपत्र/बोलपत्रको जमानतको मान्य अवधि दरभाउपत्र/बोलपत्र पेश गर्ने अन्तिम मितिबाट क्रमश: ९० र १२० दिनको हुनु पर्नेछ।

५) दरभाउपत्र/बोलपत्र दताहरूको Pre-bid metting मिति २०७४।१०।०८ गते दिनको १३:०० बजे यस कार्यालयमा राखिएको हुँदा उक्त मिति र समयमा दरभाउपत्रदाता/बोलपत्रदाता उपस्थित हुन सक्नेछ।

६) दरभाउपत्र/बोलपत्र फारामहरू मिति २०७४।१०।१७ र २०७४।११।०३ गते दरभाउपत्रदाता/बोलपत्रदाता वा निजहरूको वारेसको रोहबर, सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिने छन् दरभाउपत्रदाता/बोलपत्रदाता उपस्थित नभएमा पनि उक्त कार्य गर्न कुनै बाधा पर्ने छैन।

७) दरभाउपत्र/बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ।

८) यो सूचनामा उल्लेखित नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

९) E-bidding मा भाग लिन चाहने दरभाउपत्र/बोलपत्रदाताले PPMO को website www.bolpatra.gov.np बाट दरभाउपत्र एवं बोलपत्र फाराम download गर्न सक्निेछ। E-bidding मार्फत document खरिदका लागि रकम जम्मा गर्ने बैंकको विवरण बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज शाखा, खाता नं. ४३०३०४०१८१०४, कार्यालय कोड नं. ६२-३६५-१६।

१०) E-Submission मिति २०७४।१०।१७ र ०७४।११।०३ गते १२:०० बजे भित्र Scan गरि Pdf format मा Upload गरि सक्नु पर्नेछ। र खोल्ने समयमा दरभाउपत्र/बोलपत्र जमानत र दरभाउपत्र/बोलपत्र फाराम दस्तुर वापत राजस्व तिरेको भौचर र अन्य कागजातहरूको सक्कलै प्रति वा नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी पेश गर्न दरभाउपत्रदाता/बोलपत्रदाता वा निजको आि धकारी प्रतिनिधि अनिवार्य उपस्थित हुनु पर्नेछ। उल्लेखित कागजात पेश नगर्ने दारभाउपत्रदाता/बोलपत्रदाताको बोलपत्र/दरभा उपत्र मूल्याकंनमा समावेश गरिने छैन।

११) थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राख्न सकिनेछ।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# उपाधि भिडन्तमा आर्मी र एपीएफ

हेमन्त पौडेल, कैलाली

दोस्रो संस्करण अन्तर्राष्ट्रिय आमन्त्रित नेपाल आईस सुदूरपश्चिम खप्तड गोल्डकपको उपाधिका लागि २ विभागीय टिम त्रिभुवन आर्मी र एपीएफ भिड्ने भएका छन्।

सोमबार दिउँसो धनगढी रंगशालामा दुवै टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका हुन्। बलियो टोली मनाङ मर्स्याङ्दीलाई ३-१ ले किनारा लगाएको आर्मीसँग अर्को विभागीय टोली एपीएफले उपाधिका लागि भिड्न लागेको हो। क्वाटरफाइनलमा आर्मीले थ्री स्टारलाई थ्री २-१ हराएको थियो।

धनगढी रंगशालामा आइतबार भएको दोस्रो सेमिफाइनलमा घरेलु टोली सुदूरपश्चिम ११ लाई स्तब्ध पार्दै एपीएफ फाइनलमा पुगेको हो। दोस्रो हाफमा उत्कृष्ट प्रदर्शन गरेपछि सुदूरपश्चिम ११ लाई २-० ले स्तब्ध पार्दै एपीएफ फाइनलमा पुगेको हो। आइतबार धनगढी रंगशालामा भएको खेलको पहिलो हाफमा घरेलु टोली सुदूरपश्चिम ११ ले विभागीय टोली एपीएफलाई निकै दबाबमा राखेको थियो। पहिलो हाफमा गोल गर्ने थुप्रै मौका पाए पनि सुदूरपश्चिमले गोल गर्ने आधा दर्जन मौका गुमाएको थियो। तर दोस्रो हाफमा २ गोल गरेपछि एपीएफ १० हजार घरेलु दर्शकहरूलाई निराश पार्दै उपाधि उन्मुख भएको हो। एपीएफका लागि पहिलो गोल अन्जन विष्टले ५७औं मिनेटमा गर्दै आफ्नो टिमलाई अग्रता दिलाए।



खेलको ५७औं मिनेटमा मैदानको दायाँतर्फ सुदूरपश्चिमका खेलाडीले बल आउट भएको मान्दै छोडेको बललाई एपीएफका युवराज खड्काले गरेको क्रसलाई सदुपयोग गरेका अन्जनले कुल फिनिस गर्दै एपीएफलाई अग्रता दिलाएपछि आक्रोशित दर्शकहरूले मैदानमा पानीको बोतल प्रहार गरेपछि खेल केहीबेर रोकिएको थियो। त्यसको १९औं मिनेटमा एपीएफकै नविन लामाले गोल गर्दै अग्रता दोब्बर बनाए। सुदूरपश्चिमका खेलाडीको थ्रोलाई खोसेर लामाले काउन्टर अट्याक गर्दै आफ्नो टीमका लागि गोल गरेका हुन्। त्यसको ९ मिनेटपछि नवीनको बक्सभित्रबाटको प्रहार पोस्टमा लागेर बाहिरिएको थियो। खेलमा थपिएको इन्जुरी समयमा घरेलु टोलीले गोल गर्ने प्रयास गरे पनि सफल भएन। गोलरहित पहिलो हाफमा भने दुवै टोलीले सशक्त प्रयास गर्न सकेका थिएनन्। एपीएफका नवीन लामा खप्तड मेडिकल स्टडिज एन्ड हेल्थ साइन्स म्यान अफ द म्याच भए। उनले नगद १० हजार हात पारे।

यो सिजन भएको ५ वटा नकआउट फुटबल प्रतियोगिताको उपाधिमध्ये आर्मीले ३ वटा उपाधि रक्षा गरेको छ। सेमिफाइनलबाट घर फर्किएको मनाङले २ वटा उपाधि जित्दा विभागीय टिम एपीएफ भने उपाधिविहीन रहेको छ। आर्मी आज चौथो उपाधिका लागि मैदान उत्रिनेछ। आर्मीले गत महिना सताक्षी गोल्डकप र मेची नेत्रालय काकरभिट्टा र वीरगन्जमा विशाल स्मृति गोल्डकप जितेको थियो। तर विभागीय टीम ३ पटक फाइनल पुगेर पनि उपाधि जित्न सकेको छैन।

# बाउर्नमाउथद्वारा आर्सेनल स्तब्ध

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिग खेलमा आर्सेनललाई बाउर्नमाउथले २-१ ले स्तब्ध पारेको छ।

आइतबार भएको उक्त खेलको पहिलो हाफ गोलविहीन बनेको थियो। खेलको ५२ औं मिनेटमा आर्सेनलका डिफेन्डर हेक्टर बेलेरिनले गोल गर्दै आर्सेनललाई शुरुआती अग्रता दिलाएका थिए। तर ७०औं मिनेटमा विल्सनले गोल गर्दै बाउर्नमाउथलाई खेलमा फर्काएका थिए। बराबरी गोल भएको चार मिनेटपछि नै ईबेले गोल गर्दै बाउर्नमाउथको जित सुनिश्चित पारे। जितपछि २३ खेलबाट २४ अंक बटुलेको बाउर्नमाउथ लिग तालिकाको १३औं स्थानमा अडिग रहँदा समान खेलबाट आर्सेनलको ३९ अंक भएको छ।

## केनको कीर्तिमान, टोटनह्याम विजयी

प्रिमियर लिगअन्तर्गत शनिबार राति भएको खेलमा टोटनह्यामले एभर्टनलाई ४-० ले पराजित गर्दा स्ट्राईकर ह्यारी केनले नयाँ कीर्तिमान बनाएका छन्।

वेम्बलीमा भएको खेलमा टोटनह्यामले शानदार जित निकाल्दा दुई गोलको योगदान गरेका केन क्लब इतिहासकै सर्वाधिक गोलकर्ता बनेका छन्। टोटनह्यामका लागि उनी सर्वाधिक ९८ गोल गर्ने खेलाडीसमेत बनेका छन्। यसअघि टेडी सेरिङहमले बनाएको ९७ गोलको कीर्तिमानलाई उनले पछि पारेका हुन्।

शनिबारको जितमा केनले खेलको ४७औं र ५९औं मिनेटमा गरी दुई गोल गरेका थिए। यसअघि खेलको २६औं मिनेटमा हेन मिन सनको गोलमार्फत् टोटेनह्यामले गोलको खाता खोलेका थिए। यस्तै थप एक गोल क्रिस्टियन एरिक्सनको नाममा रह्यो।

## धरहरा

### मन चोर्ने चोर



मन चोर्नेहरू तपाईंको शहरबस्तीमा धेरै होलान्। सुन-चाँदी, गरगहना, पैसा र अन्य कुनै बहुमूल्य वस्तु चोर्ने र लुट्नेहरूको संख्या पनि धेरै छ। चोर्नका लागि चोरले चासो दिएपछि यस्ता कुरा चोरी हुनु नौलो कुरा होइन। बेला मौकामा मोटरसाइकल र स्कूटर चोरीका कुरा पनि सुनिन्छ।

यो होस या त्यो, धेरै होस या थोर चोरी र लुटपाटका बारेका समाचार सञ्चार माध्यममा दोहोरिरहन्छन्। तर अब चोरका आँखा सामान्य वस्तुमा मात्रै सीमित हुन छोडेको धरहराले देख्न थाल्या छ। अर्थात् चोरहरू पनि सानातिना कुरामा चासो दिन छोड्या छन्। ट्याक्सी र माइक्रोबससमेत चोर्न सिपालु चोर काठमाडौंमा सक्रिय छन्।

काठमाडौंमा केही दिन अघि पार्किङ गरेको ट्याक्सी चोरिएको खबर सेलाउन नपाउँदै शनिबार राति फेरि माइक्रोबस चोरी भएको छ। स्वयम्भूको हुलाकघर अगाडि फार्किङ गरेर राखेको बा १ ज ८१७१ नम्बरको माइक्रो चोरी भएको हो। सो बारेमा खबर पाएपछि खोजतलासमा जुटेको प्रहरीले ३ जना युवालाई पक्राउ गरेको छ।

चोरीको यो कुरामा पनि चोरीकै कुरा जोडिएको धरहराले बुझ्या छ। कुरो के भने, चोरले धेरैजना मायालुको मन चोरे र मायालुहरूको 'डिमान्ड खर्च' पूरा गर्न चोरीको विकल्प रोजे। अब मायालुहरूले चोर कहलिएकालाई कस्तो माया गर्ने हुन् ? धरहरालाई खुलदुली जाग्या छ।

# रस्मिता र सुभाषले जिते स्वर्ण

काठमाडौं, (नेस)

न्यु डायमन्ड एकेडेमीकी रस्मिता दुरा र प्रशान्ती एकेडेमीका सुभाष लामाले एनप्याब्सन खेलकुद महोत्सवअर्न्तगत सटपुटतर्फ स्वर्ण जितेका छन्।

सानो गौंचरणमा भएको छात्रातर्फको न्यु डायमन्डकी दुराले सटपुटलाई ८ मिटर ८ सेन्टिमिटरको दूरी पार गदै स्वर्ण जितिन्। दि एलिटस को-एडकी रिशिका शाहीले दोस्रो स्थान हात पार्दा मदरल्यान्डकी विनिषा सेन तेस्रो भइन्। छात्रतर्फको सटपुटमा लामाले १२ मिटर ७ सेन्टिमिटर टाढा फ्याल्दै स्वर्ण जित्दा दीक्षान्तका प्रविन राई दोस्रो र पिपुल्स एकेडेमीका फर्सबहादुर मगर तेस्रो भए।

महोत्सवअन्तर्गत फुटबलमा सेराफिम्सले अंकुरलाई, फ्युचर स्टारले एजीएमलाई, अंकितले ग्लोबललाई हराए। त्यस्तै सारजले मदरल्यान्डलाई, दीक्षान्तले सीटी स्कुललाई र ग्रीनलन्चले त्रिनेत्रलाई हराउँदै दोस्रो चरणमा स्थान बनाए।

# नारायण र लक्ष्मीलाई स्वर्ण

काठमाडौं, (नेस)

काठमाडौंका नारायणगोपाल महर्जन र नुवाकोटकी लक्ष्मी मगरले राखेप च्याम्पियनसिपअन्तर्गत माउन्टेन बाइक क्रस कन्ट्री च्याम्पियनसिपमा शनिबार स्वर्ण जितेका छन्।

पुरुषको ३६ किलोमिटर दूरी नारायणले २ घण्टा १० मिनेट ३१ सेकेन्डमा पूरा गरे। नेपाल आर्मीका ओकेशराज वज्राचार्य र प्रताप थापा तेस्रो भए। महिलाको २६ किलोमिटर दूरी लक्ष्मीले १ घण्टा ५३ मिनेट १८ सेकेन्डमा तय गरिन्। आर्मीकी मन्जुकुमारी खड्का र काठमाडौंकी रोजा केसी क्रमशः दोस्रो र तेस्रो भए। फर्पिङमा भएको एकदिने प्रतियोगिताका विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले एक कार्यक्रमबीच पुरस्कृत गरेका थिए।

# ओप्स खेलकुद महोत्सव मंगलबारदेखि

नेपाल समाचारपत्र

काठमाडौं

अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स) को आयोजनामा मंगलबारदेखि खेलकुद महोत्सव हुने भएको छ।

महोत्सवअन्तर्गत फुटबल, एथलेटिक्स र ब्याडमिन्टन प्रतियोगिता हुने ओप्सका अध्यक्ष लोकेन्द्रबहादुर खड्काले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

माघ ७ गतेसम्म हुने महोत्सवमा एथलेटिक्सका १ सय, २ सय र ४ गुणा १ सय मिटर दौड, हाइजम्प र लङजम्प हुनेछ। यसै गरी छात्र फुटबलमा ओप्स अन्तर्गतका १६ विद्यालयको सहभागिता रहनेछ। सहभागी विद्यालयलाई ४ समूहमा विभाजन गरी लिगकम नकआउटका आधारमा खेल सञ्चालन गरिने महोत्सवअन्तर्गत फुटबल खेलका संयोजन विद्यालय सिर्जना ज्ञान सागरका प्रिन्सिपल राजेन्द्रप्रसाद फुयाँलले जानकारी दिए।

समूह ए मा सृजना ज्ञानसागर, न्युर्टन, विभूति र सेव स्कुल रहेका छन्। समूह बी मा कौशल, एन्जल हर्ट, लालीगुराँस र ज्ञान मन्दिर रहेको आयोजकले जनाएको छ। यसैगरी समूह सीमा फेरिल्यान्ड, प्रगति, राजन मेमोरियल र पुष्पकुञ्ज छन्। समूह डीमा हिम रश्मि, गिनिज, मनास्लु र प्रसियस स्कुल रहेको आयोजकले जनाएको छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ